# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

## मध्यमकालीन खर्च संरचना (आ.व.२०८३/८४-२०८५/८६)



**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**दिक्तेल, खोटाङ**

२०८३ असार

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दिक्तेल, खोटाङ
☎ ०३६-४२०२०४


प.सं.: २०८२।०८३
च.नं.:

**मन्तव्य**

स्थानीय सरकारका लागि मध्यमकालीन खर्च संरचना (MTEF) एक अनिवार्य कानुनी दायित्व हो। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार प्रत्येक स्थानीय तहले वार्षिक बजेट बनाउनु अघि आगामी तीन वर्षको आय-व्ययको अनुमानित मध्यमकालीन खर्च संरचना तयार पार्नुपर्छ। यसरी संरचना बनाउँदा आवधिक योजनालाई मुख्य आधार मान्नुपर्ने कानुनी व्यवस्था छ। यसले उपलब्ध हुन सक्ने स्रोतको पहिचान गरी अनुमानित र विनियोजित बजेट बीचको अन्तरलाई कम गर्छ। साथै, आवधिक योजना र वार्षिक बजेटलाई आपसमा जोड्दै योजना तर्जुमा, विकास व्यवस्थापन र सेवा प्रवाहलाई पारदर्शी एवं प्रभावकारी बनाउन मद्दत गर्दछ।

संघीय शासन प्रणालीको वास्तविक लाभ नागरिकसम्म पुऱ्याउन कार्यान्वयन गर्न सकिने योजनाहरू छनोट गर्ने र त्यसका लागि आवश्यक बजेट व्यवस्थापन गर्नु आजको आवश्यकता हो। यसका साथै स्थानीय तहका नीति, नियम, र कार्यविधिहरूलाई व्यवस्थित बनाउनु पनि उत्तिकै जरुरी छ। दिगो विकासका लक्ष्यहरू र तीनै तहका सरकारको उद्देश्य हासिल गर्न मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एउटा बलियो माध्यम हो। अन्त्यमा, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको यो मध्यमकालीन खर्च संरचना तयार पार्न महत्वपूर्ण योगदान दिनुहुने नगर उपप्रमुख, जनप्रतिनिधि, कर्मचारी तथा विज्ञ टोलीसहित सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दछु।

**तीर्थराज भट्टराई**
**नगर प्रमुख**

## मन्तव्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय शासन प्रणालीलाई संस्थागत गर्न र सेवा प्रवाहमा प्रभावकारिता ल्याउन मार्गदर्शन गरेको छ। यसैगरी, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था बमोजिम प्रत्येक स्थानीय तहले वार्षिक बजेट तर्जुमा गर्नुपूर्व आगामी तीन आर्थिक वर्षको आय-व्यय प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना (MTEF) तयार गर्नु अनिवार्य छ। यसरी मध्यमकालीन खर्च संरचना तयार गर्दा आवधिक योजनालाई मुख्य आधार मान्नुपर्ने हुन्छ।

प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको न्यायोचित बाँडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु नै मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य हो। जनताको सबैभन्दा नजिकको सरकारका रूपमा रहेको स्थानीय सरकारले उपलब्ध स्रोत-साधनको अधिकतम परिचालन गरी विकासलाई नतिजामूलक र परिणाममुखी बनाउनु आवश्यक छ। सीमित स्रोत, साधन, क्षमता र न्यून पूर्वाधारका बीच जनताको तीव्र विकासको आकाङ्क्षालाई सम्बोधन गर्नु आफैंमा चुनौतीपूर्ण कार्य हो।

यसै सन्दर्भमा, यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा अमूल्य योगदान पुऱ्याउनु हुने नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी एवं सहजकर्ताहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै, आगामी दिनमा समेत यहाँहरूबाट यस्तै निरन्तर सहयोग र साथको सदैव अपेक्षा गर्दछु।

**विशन राई**
**नगर उपप्रमुख**

# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

[illegible]

## नगर कार्यपालिकाको कार्यालय

दिक्तेल, खोटाङ

☎ ०३६-४२०२०४


प.सं.: २०८२।०८३

च.नं.:

## प्राक्कथन

स्थानीय शासन प्रणालीलाई व्यवस्थित र सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले मुख्य मार्गदर्शन गरेको छ। यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम प्रत्येक स्थानीय तहले वार्षिक बजेट बनाउनु अगावै आगामी तीन आर्थिक वर्षको आय-व्ययको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार पार्नु अनिवार्य छ। यो संरचना बनाउँदा आवधिक योजनालाई आधार मान्नुपर्ने कानुनी व्यवस्था छ।

यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य प्राथमिकताका आधारमा सरकारी स्रोतको बाँडफाँड गरी खर्चलाई फलदायी बनाउनु हो। जनताको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय तहले उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै विकासलाई नतिजामुखी बनाउन आवश्यक छ। सीमित स्रोत, साधन, क्षमता र न्यून पूर्वाधारका बीच जनताको तीव्र विकासको चाहनालाई पूरा गर्नु आफैमा एक जटिल चुनौती हो। अन्त्यमा, यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार पार्न अमूल्य सहयोग पुऱ्याउनुहुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू, जनप्रतिनिधिहरू, सम्पूर्ण कर्मचारी तथा सहजकर्ता टोलीप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**तीर्थ प्रकाश पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

## विषय सूची


परिच्छेद एकः परिचय ....................................................................................................१

१.१. पृष्ठभूमि ....................................................................................................१

१.२. मध्यमकालीन खर्च संरचना अवधारणा ....................................................................................................१

१.३. मध्यमकालीन खर्च संरचनाको उद्देश्य ....................................................................................................२

१.४. मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू ....................................................................................................२

१.५. मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ....................................................................................................३

परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना ....................................................................................................८

२.१. पृष्ठभूमि ....................................................................................................८

२.२. चूनौती तथा अवसर ....................................................................................................८

२.३. सोच, उद्देश्य तथा रणनीति ....................................................................................................९

२.३.१. दीर्घकालीन सोच ....................................................................................................९

२.३.२. लक्ष्य ....................................................................................................९

२.३.३. उद्देश्य ....................................................................................................१०

२.३.४. रणनीति ....................................................................................................१०

२.४. मध्यमकालीन आर्थिक खाका ....................................................................................................१०

२.५. मध्यमकालीन नतिजा खाका ....................................................................................................११

२.६. मध्यमकालीन बजेट खाका ....................................................................................................१२

२.७. बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ....................................................................................................१७

२.८. उपक्षेत्रगत बाँडफाँट(रु. हजारमा) ....................................................................................................१९

परिच्छेद तीनः आर्थिक क्षेत्र ....................................................................................................२१

३.१. कृषि, खाद्य सुरक्षा तथा सिँचाइ ....................................................................................................२१

३.२. पशु सेवा ....................................................................................................२३

३.३. उद्योग, व्यापार तथा व्यवसाय ....................................................................................................२६

३.४. पर्यटन विकास ....................................................................................................२९

३.५. श्रम, रोजगारी तथा गरिबी निवारण ....................................................................................................३१

३.६. भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा ....................................................................................................३३

परिच्छेद चारः सामाजिक विकास ........ ३६
४.१. शिक्षा, विज्ञान तथा नवप्रवर्तन ........ ३६
४.२. स्वास्थ्य तथा पोषण ........ ३९
४.३. खानेपानी र सरसफाई ........ ४३
४.४. महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्ग ........ ४५
४.५. सामाजिक सुरक्षा तथा संरक्षण ........ ४८
४.६. युवा तथा खेलकुद ........ ५०
परिच्छेद पाँचः पूर्वाधार क्षेत्र ........ ५३
५.१. आवास, भवन, वस्ती सार्वजनिक निर्माण ........ ५३
५.२. सडक, पुल तथा यातायात ........ ५६
५.३. जलस्रोत, विद्युत तथा उर्जा ........ ५८
५.४. सूचना तथा सञ्चार ........ ६०
परिच्छेद ६ः वन वातावरण तथा विपद् व्यवस्थापन ........ ६३
६.१. वन तथा जैविक विविधता ........ ६३
६.२. वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ६६
६.३. विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ६८
परिच्छेद सातः संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ७१
७.१. नीति, कानुन, न्याय तथा सुशासन ........ ७१
७.२. सङ्गठन, मानव संसाधन र सेवा प्रवाह ........ ७४
७.३. राजस्व तथा स्रोत परिचालन ........ ७६
७.४. तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ७८
अनुसूची १: मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन ८१
अनुसूची २: आगामी तीन आर्थिक वर्षको विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजना विवरण र बजेट विनियोजन ........ ८९
अनुसूची ३: मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण ........ ९२

## तालिका सूची


तालिका १: मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा) ........................................ ११
तालिका २: समष्टिगत मध्यमकालीन नतिजा खाका.............................................................. ११
तालिका ३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ........................................१४
तालिका ४: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा).............१७
तालिका ५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण.....................१७
तालिका ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा).१८
तालिका ७: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ......................................................................................................................१८
तालिका ८: जलवायु सङ्केत बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)१९
तालिका ९: उपक्षेत्रगत बाँडफाँट (रु. हजारमा).....................................................................१९
तालिका १०: कृषि, खाद्य सुरक्षा तथा सिँचाइ क्षेत्रको मध्यमकालीन लक्ष्य नतिजा सूचक................... २२
तालिका ११: कृषि, खाद्य सुरक्षा तथा सिँचाइ उप-क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ......................... २३
तालिका १२: कृषि, खाद्य सुरक्षा तथा सिँचाइ........................................................................ २३
तालिका १३: पशुपंक्षी क्षेत्रको नतिजा सूचक र लक्ष्य...........................................................२५
तालिका १४: पशुपंक्षी क्षेत्रको खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान............................................२५
तालिका १५:पशु विकास तथा प्रसार कार्यक्रम.......................................................................२५
तालिका १६: उद्योग, व्यापार तथा व्यवसायको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......................२७
तालिका १७: उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान............................२८
तालिका १८: उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम....................................................२८
तालिका १९: पर्यटन विकासको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य..........................................३०
तालिका २०: पर्यटन तथा संस्कृति क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ..........................................३०
तालिका २१: पर्यटन तथा संस्कृति विकास कार्यक्रम.............................................................. ३१
तालिका २२: श्रम, रोजगारी तथा गरिवी निवारणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............... ३२
तालिका २३: श्रम ,रोजगार तथा गरिबी क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान..................................... ३३
तालिका २४: श्रम, रोजगारी तथा गरिबी निवारण कार्यक्रम ...................................................... ३३
तालिका २५: भूमि सहकारी तथा वित्तीय सेवा नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....................३४
तालिका २६: भूमि सहकारी तथा वित्तीय सेवाको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......................३५
तालिका २७: शिक्षा क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............................................३७
तालिका २८: शिक्षा क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ..........................................................३८
तालिका २९: शिक्षा विकास कार्यक्रम...............................................................................३८
तालिका ३०: स्वास्थ्य तथा पोषण क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य..............................४१

तालिका ३१: स्वास्थ्य तथा पोषण क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ............................................ ४२
तालिका ३२: स्वास्थ्य तथा पोषण कार्यक्रम ..................................................................... ४२
तालिका ३३: खानेपानी तथा सरसफाइ क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..................... ४४
तालिका ३४: खानेपानी तथा सरसफाइ  क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान .................................... ४४
तालिका ३५: खानेपानी तथा सरसफाई कार्यक्रम................................................................. ४५
तालिका ३६: महिला, बालबालिका तथा लक्षित वर्गको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............. ४६
तालिका ३७: महिला, बालबालिका तथा लक्षित वर्गको स्रोतको त्रिवर्षीय अनुमान............................. ४७
तालिका ३८: लक्षित वर्ग विकास कार्यक्रम...................................................................... ४८
तालिका ३९: सामाजिक सुरक्षा तथा संरक्षणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य................. ४९
तालिका ४०: सामाजिक सुरक्षा तथा संरक्षणको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................ ४९
तालिका ४१: युवा तथा खेलकुद क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य............................. ५१
तालिका ४२: युवा तथा खेलकुद क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान............................................... ५२
तालिका ४३: युवा तथा खेलकुद विकास कार्यक्रम.............................................................. ५२
तालिका ४४: बस्ती,  आवास, भवन तथा सार्वजनिक निर्माणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.... ५४
तालिका ४५: आवास तथा भवन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान............................................. ५५
तालिका ४६: आवास तथा भवन विकास कार्यक्रम ............................................................... ५५
तालिका ४७: सडक, पुल तथा यातायातको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......................... ५७
तालिका ४८: सडक, पुल तथा यातयात क्षेत्रको स्रोतको  त्रिवर्षीय अनुमान..................................... ५७
तालिका ४९: सडक पुल तथा यातयात विकास कार्यक्रम...................................................... ५८
तालिका ५०: जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा ............................................................ ५९
तालिका ५१: विद्युत तथा उर्जा क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान.............................................. ६०
तालिका ५२: विद्युत् तथा ऊर्जा विकास कार्यक्रम .............................................................. ६०
तालिका ५३: सूचना तथा संचार क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .......................... ६२
तालिका ५४: सूचना तथा  सञ्चार क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान ........................................... ६२
तालिका ५५:सूचना तथा सञ्चार विकास कार्यक्रम.............................................................. ६३
तालिका ५६: वन तथा जैविक विविधता क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.................. ६४
तालिका ५७: वन तथा जैविक विविधता क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान................................... ६५
तालिका ५८: वन तथा जैविक विविधता कार्यक्रम............................................................... ६५
तालिका ५९: वातावरण तथा फोहोरमैला व्यवस्थापनको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......... ६७
तालिका ६०: वातावरण तथा फोहोरमैला व्यवस्थापनको क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान................. ६७
तालिका ६१:वातावरण तथा फोहरमैला व्यवस्थापन कार्यक्रम ................................................ ६८
तालिका ६२: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको  नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................................................ ६९

तालिका ६३: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान..........७०
तालिका ६४: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन कार्यक्रम......................................७०
तालिका ६५: नीति, कानुन, सुशासन तथा न्याय को नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...............७२
तालिका ६६: नीति, कानुन, सुशासन तथा न्याय क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान.........................७३
तालिका ६७: नीति, कानुन, सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम............................................७३
तालिका ६८: सङ्गठन मानव संसाधन र सेवा प्रवाहको सूचक तथा मध्यमकालीन लक्ष्य....................७५
तालिका ६९: सङ्गठन मानव संसाधन र सेवा प्रवाहको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान................७५
तालिका ७०: राजस्व तथा स्रोत परिचालनको सूचक तथा मध्यमकालीन लक्ष्य..............................७७
तालिका ७१: राजस्व तथा स्रोत परिचालनमा खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान...........................७७
तालिका ७२: तथ्याङ्क योजना तथा विकास व्यवस्थापन.........................................................७९
तालिका ७३: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापनको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान............७९

# परिच्छेद एकः परिचय

## १.१. पृष्ठभूमि

मध्यमकालीन खर्च संरचना (Medium-Term Expenditure Framework-MTEF) सार्वजनिक वित्त व्यवस्थापनको महत्त्वपूर्ण औजार हो। यसले सरकारले अवलम्बन गरेका नीति तथा योजनाले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न मद्दत गर्दछ। मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवलाई आत्मसात् गरेको हुन्छ। यसले सरकारले लिएको नीति, आवधिक योजना र वार्षिक नीति कार्यक्रम र बजेटबिच सामञ्जस्यता कायम गर्दछ। जसबाट उपलब्ध सीमित स्रोतको अधिकतम प्रतिफल हासिल हुने गरी बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउँछ। यसले आगामी वर्षहरूमा पर्ने दायित्वको पूर्वानुमान तथा स्रोतको सुनिश्चितता समेत गर्दछ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। त्रिवर्षीय चक्रीय योजनाका रूपमा यसमा आगामी तीन वर्षमा खर्च गरिने क्षेत्र, कार्यक्रम, आयोजना र क्रियाकलाप समावेश गरिएको हुन्छ। यसका अतिरिक्त यसमा कार्यक्रम तथा आयोजनाको प्रति इकाई लागत, खर्च गरिने क्षेत्र, कार्यक्रम र आयोजनाको प्राथमिकीकरण र खर्चका स्रोत समेत समाविष्ट गरिएको हुन्छ। यस प्रकार मध्यमकालीन खर्च संरचनाले उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

नेपालमा सर्वप्रथम दसौं राष्ट्रिय योजनासँगै मध्यमकालीन खर्च संरचना तर्जुमाको अभ्यास सुरुवात भई शुरूका केही वर्ष निरन्तर नभए पनि पछिल्ला १५-२० वर्ष देखि निरन्तरता पाउँदै आएको छ। सङ्घीय शासन व्यवस्थाको थालनीसँगै नेपालमा मध्यमकालीन खर्च संरचना तीनै तहका सरकारको कानुनी तथा अनिवार्य दायित्वका रूपमा रहेको छ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले सार्वजनिक आय-व्ययको विवरण प्रस्तुत गर्दा अनिवार्य रूपमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने प्रावधान रहेको छ। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले मध्यमकालीन खर्च संरचना तयारीको विधि, औजार, चरण तथा प्रक्रियालाई स्पष्ट गरेको छ। प्रचलित कानुनी र दिग्दर्शनको व्यवस्था, नगरपालिकाको आवधिक योजना, कार्यक्रम तथा आयोजनाको प्राथमिकता तथा स्रोत लगानीको आवश्यकता बमोजिम यस मध्यमकालीन खर्च संरचना (२०८३/८४-२०८५/८६) तयार गरिएको छ।

## १.२. मध्यमकालीन खर्च संरचना अवधारणा

मध्यमकालीन खर्च संरचनाले समष्टिगत वित्त खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा मूलभूत पक्षलाई समेटेको हुन्छ। मध्यमकालीन वित्त खाकामा उत्पादन, रोजगारी र आय लगायतका सूचक र सोको

मध्यमकालीन लक्ष्य समावेश र आवधिक योजना, विषय क्षेत्रगत योजना (रणनीतिक वा गुरुयोजना) को लक्ष्य तथा उद्देश्यको आधारमा तयार गर्नुपर्दछ।

यसैगरी मध्यमकालीन नतिजा खाका कार्यक्रम तथा बजेट कार्यान्वयनबाट आगामी तीन वर्षमा प्राप्त हुने प्रमुख नतिजाको अनुमान तथा प्रक्षेपण गरिन्छ र आवधिक योजनाको लक्ष्य तथा विषय क्षेत्रगत नतिजाको आधारमा तयार गर्नुपर्दछ। साथै मध्यमकालीन बजेट खाका स्थानीय तहलाई सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोतको आकलन गरी आय तथा चालु, पुँजीगत र वित्तीय व्यवस्था समेत आगामी तीन वर्षमा गरी खर्चको अनुमान तथा प्रक्षेपण गरी समष्टिगत बजेट खाका तयार गर्नुपर्दछ।

मध्यमकालीन खर्च संरचनाले चक्रीय रूपमा हरेक आर्थिक वर्षमा तीन आर्थिक वर्षको कार्यक्रम तथा बजेटको आँकलन गर्दछ। यसमा पहिलो आर्थिक वर्षमा खर्च र स्रोतको अनुमान गरिन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि खर्च तथा स्रोतको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। मध्यमकालीन खर्च संरचनाले सरकारले लगानी गर्ने क्षेत्र, कार्यक्रम तथा आयोजना, क्रियाकलाप, खर्च तथा स्रोतको यथार्थपरक विश्लेषणबाट बजेट तर्जुमा प्रक्रियालाई वस्तुनिष्ठ बनाउन मद्दत गर्दछ। यस खर्च संरचनाले स्रोत साधनको विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी व्यवस्थापनमा सहयोग गर्दछ।

### १.३. मध्यमकालीन खर्च संरचनाको उद्देश्य

यस मध्यमकालीन खर्च संरचना तयारीको मुख्य उद्देश्य विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गर्नु रहेको छ। यसका सहायक उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

१. वार्षिक बजेटलाई आवधिक योजनासँग जोड्नु र स्रोत विनियोजनलाई उपलब्धिमूलक बनाउनु,
२. प्राथमिकता प्राप्त क्षेत्र, कार्यक्रम तथा आयोजनाको लागि स्रोतको सुनिश्चितता गर्नु,
३. खर्च तथा स्रोतको वैज्ञानिक विधिबाट अनुमान तथा प्रक्षेपण गरी बजेट तर्जुमालाई यथार्थपरक बनाउनु,
४. नगरपालिकाबाट सञ्चालन हुने कार्यक्रम, आयोजना तथा क्रियाकलापलाई साङ्केतीकरण गरी दिगो विकास, लैङ्गिक उत्तरदायी र जलवायुमैत्री बनाउनु,

### १.४. मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरू

स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरू एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु पर्दछ। सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ।

क. नेपालको संविधान

ख. दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)

ग. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा सोह्रौं राष्ट्रिय योजना (२०८१/८२-२०८५/८६)

ङ. कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)

च. नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०८२/८३)

छ. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)

ज. स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)

झ. स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९

ञ. स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९

ट. नगरपालिकाको आवधिक योजना २०७८

ठ. नगरपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरू

ड. नगरपालिकाको प्रोफाइल २०७८

ढ. वार्षिक नगर विकास योजना आ. व.२०८२/८३

## १.५. मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) "स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)", (२) "स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९" र (३) "स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९" लाई आधार मानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहाय बमोजिमको चरण तथा प्रक्रिया अवलम्बन गरी तर्जुमा गरिएको छ।

### *चरण १: तयारी कार्य*

यस दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न परामर्शदाता नियुक्त गरी परिचालन गरियो। यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, नगरपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरियो।

### *चरण २: सन्दर्भ सामग्री सङ्कलन तथा समीक्षा*

दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको मार्ग निर्देशनमा परामर्शदाताद्वारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानुन, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज सङ्कलन एवम् अध्ययन गरियो। दस्तावेजहरूको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्त्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम छन्:

क. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ख. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ग. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७

घ. अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि

ङ. नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास

च. नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरू

छ. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)

ज. स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७

झ. नेपाल सरकारको दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना

ञ. कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)

ट. दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आवधिक योजना

ठ. दित्तेल रुपाकोट मझुवागढी नगरपालिकाको नीति कार्यक्रम, कानुन तथा प्रतिवेदन आदि।

### *चरण ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्य योजना तर्जुमा*

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्य योजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो। छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो। साथै, बैठकमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्य योजना तर्जुमा र परिमार्जन गरियो।

### *चरण ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिन अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरियो। सो कार्यशालामा स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि, कर्मचारी

एवम् सरोकारवालाको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्य योजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाइमा एकरूपता कायम गरियो। सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो। यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन गरियो।

### *चरण ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना*

दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना, आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरियो। यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, साल बसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रूपमा श्रोत आवश्यकता निर्धारण गरियो।

### *चरण ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षीय प्रक्षेपण*

राजश्व बाँडफाँट, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरूको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व परामर्श समितिको प्रतिवेदनका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो। विगत आर्थिक वर्षहरूको खर्च सहित नगरपालिकाका रूपान्तरणकारी आयोजना, चालु तथा बहु वर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो। श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो। यसरी निर्धारण तयार बजेट सीमालाई सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो।

### *चरण ७: विषय उपक्षेत्रगत मध्यकालीन खर्च संरचना तर्जुमा*

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो। विषयगत शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरूको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान

गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकता क्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु सङ्केतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्केतीकरण गरियो।

***चरण ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्ताबेज तयारी***

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/एकाइलाई विज्ञ परामर्शदाताबाट सहयोग तथा सहजीकरण गरियो। उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो। विषयगत शाखा/एकाइ उप-क्षत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो।

***चरण ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी***

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्ताबेज तयार गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग परामर्श गरी मध्यमकालीन खर्च संरचनाको उपरोक्त दस्ताबेज तयार गरियो। विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरणलाई आधार लिइएको थियो। मध्यमकालीन खर्च संरचनाको दस्ताबेजमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) एवम् राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ।

***चरण १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला***

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव सङ्कलनका उद्देश्यले एक दिने कार्यशाला आयोजना गरिएको थियो। यस कार्यशालामा नगरपालिकाका नगरप्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू तथा सम्बद्ध अन्य कर्मचारीहरूको सहभागिता थियो। उक्त कार्यशालामा मस्यौदा

प्रतिवेदनका मुख्य पक्षहरू प्रस्तुति गरी आवश्यक थप सूचना तथा तथ्याङ्क सङ्कलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरूको विस्तृत विवरण तयार गरियो। त्यसै गरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरूको प्राथमिकिकरण तथा सांकेतिककरण समेत गरियो।

### *चरण ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा नगरपालिकाका विभिन्न शाखाहरूबाट प्राप्त सुझावहरू समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरिएको छ। यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवश्यक सूचना तथा तथ्याङ्कहरू विभिन्न शाखाहरूबाट सङ्कलन गरी यस परिमार्जित मस्यौदामा समेटिएको छ।

### *प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति*

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज नगर कार्यपालिकाको बैठकमा छलफल गरी स्वीकृत गरिएको छ। साथै उक्त मध्यमकालीन खर्च संरचना दस्तावेज आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय समेत कार्यपालिकाबाट गरिएको छ।

# परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना

## २.१. पृष्ठभूमि

नगरपालिकाका समग्र विकास, समुन्नति र जनताको आर्थिक-सामाजिक रूपान्तरणको आकाङ्क्षालाई मूर्त रूप प्रदान गर्न सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउनु आवश्यक छ। मध्यमकालीन खर्च संरचना सार्वजनिक खर्च व्यवस्थापनको महत्त्वपूर्ण औजार हो। स्थानीय मध्यमकालीन खर्च संरचनाले नगरपालिकाको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासन कायम गर्न मद्दत पुऱ्याउँछ। यसका अतिरिक्त प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गरी सरकारले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न उपयुक्त परिवेश तयार गर्दछ। दीर्घकालीन तथा आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजनको सुनिश्चितता र सो अनुरूप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यमा सहयोग गर्न स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नु जरुरी हुन्छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावली लगायतका सङ्घीय कानुनले सङ्घ, प्रदेश र स्थानीय सरकारले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यस सन्दर्भमा नगर कार्यपालिका, विषयगत समिति, मध्यमकालीन खर्च संरचना कार्यदल, विषयगत शाखा तथा कर्मचारीको सहभागितामा यस नगरपालिकाको प्रथम आवधिक योजना, विषय क्षेत्र रणनीति तथा गुरुयोजना र गत विगत वर्षको वार्षिक नीति तथा कार्यक्रम र आगामी तीन आर्थिक वर्षको सार्वजनिक लगानीको प्राथमिकता, आवश्यकता, उपलब्ध स्रोत साधन र सूचनालाई आधार मानी आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित यो मध्यमकालीन खर्च संरचना (२०८३/८४—२०८५/८६) तयार गरिएको छ।

## २.२. चूनौती तथा अवसर

कृषि तथा गैर कृषि क्षेत्रको उत्पादनमा जलवायु परिवर्तनको प्रभाव न्यून गर्नु; स्थानीय पूर्वाधार, सेवा तथा सुविधामा पहुँच तथा सहजता वृद्धि गर्नु, युवा जनशक्ति पलायन कम गर्नु तथा बसोबासलाई व्यवस्थित बनाउनु, फोहोरमैला व्यवस्थापन गर्नु, स्थानीय अर्थतन्त्र सुदृढ तथा क्रियाशील बनाउनु, बाढी, पहिरो तथा खोला कटानको जोखिम कम गर्नु, वातावरणीय स्वच्छता कायम गर्नु, विपद् जोखिम न्यूनीकरण गर्नु र  विकासमा अन्तर सरकार, निजी क्षेत्र, समुदाय तथा गैर सरकारी संस्थाहरूसँगको साझेदारीमा वृद्धि गर्नु मुख्य चुनौतीका रूपमा रहेका छन्।

खानी डाँडा विमानस्थल यसै नगरपालिकामा भएकोले सङ्घीय राजधानी सँग सिधै हवाई सम्पर्क, सडक यातायातका माध्यमबाट सङ्घीय राजधानी र तराई सँग सिधा सम्पर्क हुनु; राजनीतिक सङ्क्रमण तथा राजनीतिक अस्थिरता क्रमशः सुधार भई आर्थिक गतिविधिहरू वृद्धि हुँदै जानु; कृषि तथा जडीबुटीमा आधारित साना तथा

मझौला उद्योग स्थापनाको लागि प्रचुर सम्भावना हुनु; पर्या-पर्यटन र धार्मिक पर्यटनको स्थानीय विकासमा सङ्घीय तथा प्रदेश सरकार, गैसस तथा निजी क्षेत्रबाट लगानी विस्तार हुँदै जानु; सांस्कृतिक तथा प्राकृतिक अनुपम सम्पदा क्षेत्रका रूपमा प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो बढ्दै जानु यस नगरपालिकाको प्रमुख अवसरका रूपमा रहेका छन्।

## २.३. सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरपालिकाको दीर्घकालीन सोच तथा योजनालाई प्रमुख आधारको रूपमा लिइएको छ। नगर विकासको सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ।आवधिक योजनामा उल्लेख नभएका विवरण नगरपालिकाको अन्य क्षेत्रगत रणनीतिक योजनाहरूका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, सोह्रौं राष्ट्रिय योजना, कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना एवम् सङ्घ, प्रदेश र नगरपालिकाका विषयगत नीतिको समेत उपयोग गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २.३.१.दीर्घकालीन सोच

नगरपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छः

**"समाजवाद उन्मुख, सभ्य र समृद्ध दिक्तेल रुमवासीको रहर"**

दिगो, समावेशी र विविधीकृत व्यवस्थित आर्थिक विकास र आनन्दमय नगरको छविलाई चित्रित गर्दछ। यसभित्र हरित अर्थतन्त्र समेतको अधिकतम प्रवर्द्धन, उत्थानशील पूर्वाधार सञ्जाल तथा सुदृढ बजार प्रणाली र विकास प्रतिफलको समन्यायिक वितरण जस्ता अवधारणा समाविष्ट छन्। यो माथिको दीर्घकालीन सोच तय गर्नका लागि यस मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलको सहजीकरणमा नगर कार्यपालिका पदाधिकारीहरू तथा कर्मचारीहरू बिचको छलफलबाट तय गरिएका छन्। त्यस्तै माथिको दीर्घकालीन सोच प्राप्तिका लागि आवश्यक लक्ष्य उद्देश्य तथा रणनीतिहरू समेत कार्यदलको अगुवाइमा नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरूको संयुक्त छलफलबाट तय गरी आवधिक योजना सँग तालमेल हुने गरी प्रस्ताव गरिएको छ।

### २.३.२. लक्ष्य

**"आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, संस्थागत एवं वित्तीय पूर्वाधारको दिगो विकास भई सुशासनका माध्यमबाट नगरवासीको जीवनस्तरमा गुणात्मक सुधार हुनेछ"।**

### २.३.३. उद्देश्य

१. कृषिको व्यवसायकरण, पर्यटन तथा सेवा क्षेत्रको विकास, साना तथा घरेलु उद्योग एवं व्यापार व्यवसायको प्रवर्धनबाट रोजगारमूलक स्थानीय अर्थतन्त्रको विकास भई नगरवासीको रोजगारी र आयमा सुधार गर्ने।
२. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य एवं पोषण, स्वच्छ पिउने पानी तथा सरसफाइको सुविधामा पहुँच र युवा एवं खेलकुद विकास तथा प्रवर्धनका साथै लैङ्गिक समानता सामाजिक समावेशीकरण सुनिश्चित गरी नगरवासीलाई आधारभूत सामाजिक सेवा संरक्षण र सुरक्षा उपलब्ध गर्ने।
३. आधारभूत तथा गुणस्तरीय भौतिक एवं सामाजिक पूर्वाधारको निर्माण स्तरोन्नति र मर्मत सम्भारबाट नगर विकासमा गतिशीलता ल्याई नगरवासीको सेवा तथा सुविधा प्राप्ति, पहुँच र प्रवाहमा सहज बनाउने।
४. वन, वन्यजन्तु,, जैविक विविधता तथा भू तथा जलाधार क्षेत्रको संरक्षण, विकास, संवर्द्धन, प्रवर्द्धन र दिगो उपयोग गर्दै विपद् व्यवस्थापन एवं जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण उपायको अवलम्बनबाट वातावरणमैत्री विकास गरी हरित, सफा, उज्यालो र बस्न योग्य व्यवस्थित नगर निर्माण गर्ने।
५. विधि र प्रक्रियाको निर्माण चुस्त तथा प्रभावकारी सङ्गठन संरचना र क्षमता विकास सार्वजनिक निजी सहकारी गैसस तथा सामुदायिक साझेदारीलाई प्रवर्द्धन गर्दै सेवा प्रवाहलाई सुनिश्चित र भरपर्दो बनाउने।
६. आन्तरिक र बाह्य स्रोत साधनको उच्चतम प्रयोग गर्दै प्रविधिमैत्री कर तथा आर्थिक प्रशासनको माध्यमबाट वित्तीय अनुशासन कायम गराई स्थानीय सुशासन प्रत्याभूत गर्ने।

### २.३.४. रणनीति

नगरपालिकाको विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीतिहरू अवलम्बन गरिएका छन्।

१. कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने।
२. आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने।
३. गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पुँजी निर्माण गर्ने।
४. सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने।
५. प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने।
६. विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने।

## २.४. मध्यमकालीन आर्थिक खाका

१६ औं योजनाको सुशासन, सामाजिक न्याय र समृद्धको राष्ट्रिय सोच तथा सङ्कल्प, **प्रदेशको "सुशासित, खुसी आर्थिक रूपले गतिशील र समुन्नत प्रदेश"** कोशी प्रदेशको सोच र नगरपालिकाको विकासको सोच तथा लक्ष्य अनुरूप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं.१ मा प्रस्तुत गरिएको छ।

तालिका १ः मध्यमकालीन *समष्टिगत आर्थिक लक्ष्य (प्रचलित मूल्यमा)*

| क्र.सं. | सूचक लक्ष्य | एकाई | २०८१/८२ सम्मको वास्तविक उपलब्धि | २०८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | कुल वार्षिक उत्पादन | रु. लाखमा | २१६४२ | २३८६२ | २६८११ | ३०८१२ | ३३७२४ |
| १.१ | कृषि क्षेत्र | रु. लाखमा | १३६४२ | १५०६२ | १६९११ | १९१११ | २११०५ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) क्षेत्र | रु. लाखमा | ८००० | ८८०० | ९९०० | ११७०१ | १२६१८ |
| २ | औसत पारिवारिक वार्षिक आय | रु. लाखमा | २.१६ | २.३२ | २.५३ | २.८२ | ३.०० |
| ३ | उद्योग, व्यापार र व्यवसाय | सङ्ख्या | ८०० | ८८० | ९०० | ९२५ | ९५० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी सृजना | सङ्ख्या | १००० | ११०० | १२०० | १३०० | १४०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७२ | ७३ | ७४ | ७५ |

## २.५. मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको सोह्रौं योजना, कोशी प्रदेशको दोस्रो आवधिक योजना तथा नगरपालिकाको वर्तमान विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । सो खाका विगत आर्थिक वर्षहरूको यथार्थ उपलब्धि र चालु आर्थिक वर्ष २०८२/८३ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०८३/८४ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोस्रो र तेस्रो वर्षको लक्ष्य वर्तमान योजना र विगत वर्षहरूको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन नतिजा खाका तालिका २ मा प्रस्तुत गरिएको छ।

तालिका २ः समष्टिगत मध्यमकालीन नतिजा खाका

| क्र.स. | नतिजा सूचक | इकाई | आ.व. २०८१/८२ को उपलब्धि | आ.व. २०८२/८३ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | निरपेक्ष गरिबी | प्रतिशत | ३२ | ३१ | ३० | २८ | २६ |
| २ | आफ्नो उत्पादनबाट वर्ष भरी खान पुग्ने परिवार | प्रतिशत | ७० | ७२ | ७३ | ७४ | ७५ |
| ३ | साक्षरता दर (५ वर्ष माथि) | जना | ७८.८ | ८१ | ८२ | ८३ | ८४ |
| ४ | ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ७० | ७२ | ७४ | ७७ | ८० |

| क.स. | नतिजा सूचक | इकाई | आ.व. २०८१/८२ को उपलब्धि | आ.व. २०८२/८३ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५ | सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ८२ | ८३ | ८५ | ८६ | ८७ |
| ६ | सीपमूलक तालिम प्राप्त महिला | संख्या | ४५ | ११० | १३० | १५० | १७० |
| ७ | अन्तर्राष्ट्रिय/राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ८ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण आवास घर | प्रतिशत | १८ | २० | २२ | २४ | २६ |
| ९ | कुल सडक लम्बाई | कि.मि. | १३१२ | १३२० | १३२२ | १३२५ | १३२८ |
| १० | विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ९६.५ | ९६.८ | ९७ | ९७.५ | ९८ |
| ११ | इन्टरनेट लगायत सूचना प्रविधिमा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ६८ | ७० | ७२ | ७४ | ७६ |
| १२ | वनले ढाकेको वा हरियाली क्षेत्र | प्रतिशत | ३४ | ३४ | ३४ | ३४.२ | ३४.५ |
| १३ | सार्वजनिक शौचालय | सङ्ख्या | ४ | ४ | ४ | ५ | ६ |
| १४ | सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७० | ७२ | ७४ | ७६ | ७८ |
| १५ | वार्षिक आन्तरिक आय रकम | रु. हजारमा | १६३३८ | २१७०० | २६८४८ | २९४८६ | ३२४५९ |
| १६ | समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९८ | ९८ | ९८ | ९८ | ९८ |

## २.६. मध्यमकालीन बजेट खाका

नगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिइएको छ। नगरपालिकाको प्रयासमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीव्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै जलवायुजन्य विपद् पश्चताको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ।

नगरपालिकाका प्राथमिकता प्राप्त आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट

खाका तर्जुमा गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरूमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरूलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, इकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु.३ अर्ब ४० करोड ४६ लाख ६१ हजार बेहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका ३ मा उल्लेख गरिएको छ।

तालिका ३: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.सं. | बजेटका स्रोतहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को यथार्थ | आ.व. ०८२/८३ को संशोधित अनुमान | आय अनुमान तथा प्रक्षेपण | | | तीन आ.व.को कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| क. | आय अनुमान | ८७१३३१ | ८८७४९७ | ८८३०६३ | १०१९८११ | ९९७३६४ | १०३३१८० | १०७२८४४ | ३१०३३८८ |
| १ | आन्तरिक आय | १०३४८ | ११७७४ | १६३३८ | २१७०० | २२००० | २४२३१ | २६७४२ | ७२९७३ |
| | सम्पत्ति कर | ० | १ | १५ | १४०० | ७०० | ८०५ | ९२६ | २४३१ |
| | भूमि कर/मालपोत | १७३० | २२७३ | २२३३ | २६५० | २७०० | २९७० | ३२६७ | ८९३७ |
| | बहाल कर | ३६६२ | ३७९३ | ४२२२ | ४२५० | ४२६० | ४४७३ | ४६९७ | १३४३० |
| | बहाल विटौरी शुल्क | ३६५ | ३४० | ३३० | ४०० | ५०० | ५५० | ६०५ | १६५५ |
| | सवार साधन कर (साना सवारी) | ० | ६ | १ | ९ | १० | ११ | १२ | ३३ |
| | जडीबुटी, जीवजन्तु र कवाडी कर | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | १५ | २६ | २८ | १०० | १५० | १६५ | १८२ | ४९७ |
| | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | १७४ | ० | ० | ० | ० | ० | ० |
| | अन्य स्रोतबाट प्राप्त रोयल्टी | ० | २६ | ० | ० | ० | ० | ० | ० |
| | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | १३ | ० | ० | ० | ० | ० | ० |
| | अन्य सेवा शुल्क तथा बिक्री | १०९ | ३६ | २७२४ | १३५० | १४०० | १५४० | १६९४ | ४६३४ |
| | न्यायिक दस्तुर | ० | ० | ० | ४ | ५ | ६ | ६ | १७ |
| | परीक्षा शुल्क | १३२ | १०४ | ४८ | १६० | २०० | २२० | २४२ | ६६२ |
| | अन्य प्रशासनिक सेवा शुल्क | ४४ | २३ | १११ | २५० | २७७ | ३४६ | ४३३ | १०५६ |
| | नक्शापास दस्तुर | ४४८ | ३९६ | ३२७ | ७०० | ८०० | ९२० | १०१२ | २७३२ |
| | सिफारिस दस्तुर | १९४२ | १८२१ | १६६६ | २१११ | २२०० | २५३० | २९१० | ७६४० |
| | व्यक्तिगत घटना दस्तुर | ० | १ | १ | ६ | ८ | १० | १३ | ३१ |
| | नाता प्रमाणित दस्तुर | ८४ | ६४ | ७८ | ५०० | ६०० | ७५० | ९३८ | २२८८ |
| | अन्य दस्तुर | ७३ | १०१ | ९ | ३०० | ३५० | ४२० | ५०४ | १२७४ |

| क्र.सं. | बजेटका स्रोतहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को यथार्थ | आ.व. ०८२/८३ को संशोधित अनुमान | आय अनुमान तथा प्रक्षेपण | | | तीन आ.व.को कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | व्यवसाय रजिस्ट्रेसन दस्तुर | १०६१ | १६५ | ० | ३४५० | ३५०० | ४०२५ | ४६२९ | १२१५४ |
| | न्यायिक दण्ड, जरिवाना र जफत | ० | ० | १९ | ३० | ४० | ४० | ४० | १२० |
| | प्रशासनिक दण्ड जरिवाना र जफत | ० | १२५ | ८५ | २३० | २५० | २६३ | २७६ | ७८८ |
| | अन्य कर | ० | २०० | ४१ | ० | ० | ० | ० | ० |
| | व्यवसाय कर | ० | १२४९ | २४१५ | ० | ० | ० | ० | ० |
| | अन्य राजस्व | ६८३ | ८२५ | १३३४ | ३३०० | ३५०० | ३५०० | ३५०० | १०५०० |
| | बेरुजु | ० | १२ | ६५१ | ५०० | ५५० | ६८८ | ८५९ | २०९७ |
| २ | **राजस्व बाँडफाँटबाट प्राप्त आय** | **११९६९३** | **१३८०१५** | **१५०७४४** | **१४९६९१** | **१५२२२५** | **१६२११७** | **१७२८८८** | **४८७२३०** |
| | नेपाल सरकार बाँडफाँटबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर | ८२६८२ | ८७५५० | ८७६४९ | ९५२७२ | ९०२५४ | ९४७६७ | ९९५०५ | २८४५२६ |
| | नेपाल सरकार बाँडफाँटबाट प्राप्त हुने अन्तःशुल्क | १६६८० | २४७३९ | ३७८३९ | ३१७५७ | ४१६२३ | ४५७८५ | ५०३६४ | १३७७७२ |
| | प्रदेश सरकार बाँडफाँटबाट प्राप्त हुने घर जग्गा रजिस्ट्रेस दस्तुर | २०४५ | ४५५८ | ३६४९ | ५००० | ५००० | ५५०० | ६०५० | १६५५० |
| | प्रदेश सरकार बाँडफाँटबाट प्राप्त हुने सवारी कर | १८२४५ | २०१४७ | २०२५३ | १२६६२ | १४२९८ | १५०१३ | १५७६४ | ४५०७४ |
| | प्रदेश सरकार विज्ञापन कर | ४१ | ८१ | ३७ | ४६ | ५० | ५३ | ५५ | १५८ |
| | दहत्तर बहत्तरको बिक्रीबाट प्राप्त हुने आय | ० | ९४० | १३१७ | ४९५४ | १००० | १००० | ११५० | ३१५० |
| ३ | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | **१२०** | **८०** | **०** | **०** | **०** | **०** | **०** | **०** |
| | अन्य स्रोतबाट प्राप्त रोयल्टी | १२० | ० | ० | ० | ० | ० | ० | ० |
| | बन रोयल्टी | ० | १ | ० | ० | ० | ० | ० | ० |
| | विद्युत् रोयल्टी | | ७९ | ० | ० | ० | ० | ० | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **६९९८५५** | **६८९९४३** | **६०१७०१** | **६८९७८०** | **६७३९००** | **७०६९४५** | **७४१६४२** | **२१२२४८७** |
| | वित्तीय समानीकरण अनुदान | १५०९६० | १३१०३७ | १२९८४० | १४६१०० | १४८४०० | १५५८२० | १६३६११ | ४६७८३१ |
| | सशर्त अनुदान चालु | ४५७५९५ | ४७७९०६ | ४३२६०० | ५०२४८० | ५०५५०० | ५३०७७५ | ५५७३१४ | १५९३५८९ |
| | सशर्त अनुदान पुँजीगत | ६८८०० | ५८५०० | ३४२६१ | १४७०० | ७००० | ७३५० | ७७१८ | २२०६८ |

| क्र.सं. | बजेटका स्रोतहरू | आ.व.२०७९/८० को यथार्थ | आ.व.२०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को यथार्थ | आ.व. ०८२/८३ को संशोधित अनुमान | आय अनुमान तथा प्रक्षेपण | | | तीन आ.व.को कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| | विशेष अनुदान पुँजीगत | १८५०० | १३५०० | ० | १०००० | ० | ० | ० | ० |
| | समपुरक अनुदान पुँजीगत | ४००० | ९००० | ५००० | ० | ३००० | ३००० | ३००० | ९००० |
| | विशेष अनुदान चालु | ० | ० | ० | १६५०० | १०००० | १०००० | १०००० | ३०००० |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ४१३१५ | ४७६८५ | ९४७४६ | ९३३४२ | ४८८७१ | ४९५५५ | ५०२७४ | १४८७०१ |
| | वित्तीय समानीकरण अनुदान | ७८२९ | ८९६८ | ८९४२ | १३६८९ | १३६८९ | १४३७३ | १५०९२ | ४३१५५ |
| | सशर्त अनुदान चालु | ९९३ | ६८२३ | ७४८२ | ११७५३ | ९९८१ | ९९८१ | ९९८१ | २९९४३ |
| | शसर्त अनुदान पुँजीगत | २२४९३ | १८८९४ | ६६३०९ | ५७९०० | १५२०१ | १५२०१ | १५२०१ | ४५६०३ |
| | समपूरक अनुदान पुँजीगत | १०००० | १३००० | १२०१३ | १०००० | १०००० | १०००० | १०००० | ३०००० |
| ६ | मौज्दात रकम | ० | ० | १९५३४ | ६५२९८ | १००३६८ | ९०३३१ | ८१२९८ | २७१९९७ |
| **ख.** | **जम्मा खर्च** | ८२८४०८ | ८३८५९७ | ८६३८७४ | १०१९८११ | ९९७३६४ | १०३३१८० | १०७२८४४ | ३१०३३८८ |
| | चालु खर्च | ५९०३६३ | ५९८१५१ | ६२३५१३ | ७७५४५१ | ७२४८८१ | ७४९३९६ | ७७८१६६ | २२५२४४४ |
| | पूँजीगत खर्च | २३८०४५ | २४०४४६ | २४०३६१ | २४४३६० | २७२४८३ | २८३७८४ | २९४६७८ | ८५०९४४ |
| **ग** | **बचत (+) न्यून (-)** | -४२९२३ | -४८९०० | -१९१८९ | ० | | | | ० |

## २.७. बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

### क. रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४: रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | योजना सङ्ख्या | आगामी आ.व.को विनियोजन २०८३/८४ | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धि दर बढाउने | १० | ६२४५३ | ६.२६ | ७६२५४ | ७.३८ | ७९२४६ | ७.३९ |
| २ | आवश्यक भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्ने | ८ | १५१६८१ | १५.२१ | १४८०१५ | १४.३३ | १५३७९८ | १४.३४ |
| ३ | गुणस्तरीय शिक्षा र स्वास्थ्य विस्तार गरी मानवीय पूँजी निर्माण गर्ने | १२ | ५८११६४ | ५८.२७ | ५९३२७६ | ५७.४२ | ६१५८७६ | ५७.४१ |
| ४ | सामाजिक समावेशिता र लैङ्गिक समता प्रवर्द्धन गर्ने | २ | २५२७९ | २.५३ | २५३१३ | २.४५ | २६२८५ | २.४५ |
| ५ | प्रभावकारी विपद् व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलित विकास गर्ने | ६ | १७९४ | ०.१८ | ९५१५ | ०.९२ | ९८९२ | ०.९२ |
| ६ | विधिको शासन कायम गर्दै सुशासन प्रत्याभूति गर्ने | ५ | १७४९९३ | १७.५५ | १८०८०६ | १७.५० | १८७७४८ | १७.५० |
| | जम्मा | ४३ | ९९७३६४ | १०० | १०३३१८० | १०० | १०७२८४४ | १०० |

### ख. प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

तालिका ५: प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकताक्रम | आयोजना सङ्ख्या | आगामी आ.व.को विनियोजन २०८३/८४ | | आ.व.२०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (१) | ३६ | ७७९५६० | ७८.१६ | ८११२१२ | ७८.५२ | ८४२५४७ | ७८.५३ |
| दोस्रो (२) | ७ | २१७८०४ | २१.८४ | २२१९६८ | २१.४८ | २३०२९७ | २१.४७ |
| कुल जम्मा | ४३ | ९९७३६४ | १००.०० | १०३३१८० | १००.०० | १०७२८४४ | १००.०० |

### ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं.६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | योजना सङ्ख्या | आगामी आ.व.८३/८४ | | ८४/८५ को खर्च प्रक्षेपण | | ८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ५ | १३६७८ | १.३७ | १६४३१ | १.५९ | १८९४७ | १.७७ |
| २ | शून्य भोकमरी | ४ | ४५८९५ | ४.६० | ५०१०९ | ४.८५ | ५२०३३ | ४.८५ |
| ३ | स्वास्थ्य जीवन | ३ | ८८२०० | ८.८४ | ९०९२० | ८.८० | ९४४१० | ८.८० |
| ४ | गुणस्तरीय शिक्षा | ७ | ४८६६६४ | ४८.८० | ४९५९२६ | ४८.०० | ५१४९६५ | ४८.०० |
| ५ | लैङ्गिक समानता | १ | १२८४६ | १.२९ | १२९१५ | १.२५ | १३४११ | १.२५ |
| ६ | स्वच्छ पानी तथा सरसफाइ | २ | १४७९२ | १.४८ | १५४९८ | १.५० | १६०९३ | १.५० |
| ७ | आधुनिक ऊर्जामा पहुँच | २ | ६०० | ०.०६ | ५१७ | ०.०५ | ५३६ | ०.०५ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | २ | १२३३९ | १.२४ | १९२१३ | १.८६ | १८०६६ | १.६८ |
| ९ | उद्योग नवीन खोज र पूर्वाधार | ६ | ९५९६९ | ९.६२ | ९३५०३ | ९.०५ | ९७०९२ | ९.०५ |
| १० | असमानता न्यूनीकरण | १ | १२४३३ | १.२५ | १२३९८ | १.२० | १२८७४ | १.२० |
| ११ | दिगो शहर र बस्ती | १ | ३७८११ | ३.७९ | ३६१६१ | ३.५० | ३७५५० | ३.५० |
| १२ | दिगो उपभोग र उत्पादन | २ | ० | ०.०० | ५१६६ | ०.५० | ५३६४ | ०.५० |
| १३ | जलवायु परिवर्तन अनुकूलन | २ | १४९४ | ०.१५ | २०६६ | ०.२० | २१४६ | ०.२० |
| १४ | सामुद्रिक स्रोतको उपयोग | ० | ० | ०.०० | ० | ०.०० | ० | ०.०० |
| १५ | भूसतह स्रोतको उपयोग | १ | ० | ०.०० | २०६६ | ०.२० | २१४६ | ०.२० |
| १६ | शान्ति न्याय र सबल संस्था | २ | १६५०४३ | १६.५५ | १६९९५८ | १६.४५ | १७६४८३ | १६.४५ |
| १७ | दिगो विकासका लागि साझेदारी | २ | ९६०० | ०.९६ | १०३३२ | १.०० | १०७२८ | १.०० |
| | कुल जम्मा | ४३ | ९९७३६४ | १०० | १०३३१८० | १०० | १०७२८४४ | १०० |

## घ. लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

लैङ्गिक सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ७ मा प्रस्तुत छ।

तालिका ७: लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| सङ्केत नम्बर | लैङ्गिक सङ्केत | योजना सङ्ख्या | आ.व. २०८३/८४ को विनियोजन | | आ.व. २०८४/८५ को खर्च प्रक्षेपण | | आ.व. २०८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | निर्दिष्ट | ७ | ४३३७१ | ४.३५ | ४८१४४ | ४.६६ | ५२७१० | ४.९१ |
| २ | सहयोगी | २८ | ८१६९१३ | ८१.९१ | ८४९४०४ | ८२.२१ | ८७९११८ | ८१.९४ |
| ३ | तटस्थ | ८ | १३७०८० | १३.७४ | १३५६३२ | १३.१३ | १४१०१६ | १३.१४ |
| कुल जम्मा | | ४३ | ९९७३६४ | १०० | १०३३१८० | १०० | १०७२८४४ | १०० |

### ङ. जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण

जलवायु सङ्केत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. ८ मा प्रस्तुत छ।

**तालिका ८: जलवायु सङ्केत बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| सङ्केत नम्बर | जलवायु परिवर्तन सङ्केत | योजना सङ्ख्या | आगामी आ.व.को विनियोजन २०८३/८४ | | ८४/८५ को खर्च प्रक्षेपण | | ८५/८६ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | अत्यन्त सान्दर्भिक | ८ | २७९४ | ०.२८ | १०६१५ | १.०३ | ११०९२ | १.०३ |
| २ | सान्दर्भिक | २० | ५९३००० | ५९.४६ | ६१०५०७ | ५९.०९ | ६३४८०० | ५९.१७ |
| ३ | तटस्थ | १५ | ४०१५७० | ४०.२६ | ४१२०५८ | ३९.८८ | ४२६९५३ | ३९.८० |
| **कुल जम्मा** | | ४३ | ९९७३६४ | १०० | १०३३१८० | १०० | १०७२८४४ | १०० |

## २.८. उपक्षेत्रगत बाँडफाँट(रु. हजारमा)

**तालिका ९: उपक्षेत्रगत बाँडफाँट (रु. हजारमा)**

| विषय क्षेत्र | ८३/८४ को व्यय अनुमान | | | ८४/८५ को खर्च प्रक्षेपण | | | ८५/८६ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| कृषि, खाद्य सुरक्षा र सिँचाइ | ३८६५३ | २८८६१ | ९७९२ | ३९७७७ | ३००४४ | ९७३४ | ४१३०५ | ३२०१९ | ९२८६ |
| पशुपक्षी सेवा | ७२४२ | ४३४५ | २८९७ | १०३३२ | ६१९९ | ४१३३ | १०७२८ | ६४३७ | ४२९१ |
| पर्यटन तथा संस्कृति | ११२३९ | ६७४ | १०५६५ | ११८८२ | ७१३ | १११६९ | १२३३८ | ७४० | ११५९७ |
| उद्योग, व्यापार तथा व्यवसाय | २२०० | ५५० | १६५० | १०३३२ | ५६८२ | ४६४९ | १०७२८ | ५९०१ | ४८२८ |
| भूमि व्यवस्था, बैङ्क, वित्तीय तथा सहकारी | ७०० | ३८५ | ३१५ | १०३३ | ५१७ | ५१७ | १०७३ | ५३७ | ५३७ |
| श्रम, रोजगारी तथा गरिबी निवारण | ११८७८ | ४७५१ | ७१२७ | १२३९८ | ४९५९ | ७४३९ | १२८७४ | ५१५० | ७७२४ |
| स्वास्थ्य तथा पोषण | ८८२०० | ७४९७० | १३२३० | ९०९२० | ७७२८२ | १३६३८ | ९४४१० | ८०२४९ | १४१६२ |
| शिक्षा, विज्ञान, कला, भाषा तथा साहित्य | ४८६६६४ | ४२७७१४ | ५८९५० | ४९५९२६ | ४३३८३५ | ६२०९२ | ५१४९६५ | ४४९९२६ | ६५०३९ |
| खानेपानी, सरसरफाइ तथा स्वच्छता | १४७९२ | ७४० | १४०५२ | १५४९८ | ७७५ | १४७२३ | १६०९३ | ८०५ | १५२८८ |
| महिला, बालबालिका तथा लक्षित वर्ग | १२८४६ | ७०६५ | ५७८१ | १२९१५ | ७१०३ | ५८१२ | १३४११ | ७३७६ | ६०३५ |
| सामाजिक सुरक्षा तथा संरक्षण | १२४३३ | ४९७३ | ७४६० | १२३९८ | ४९५९ | ७४३९ | १२८७४ | ५१५० | ७७२४ |
| युवा तथा खेलकुद | १०२५७ | ३०७७ | ७१८० | १०३३२ | ३१०० | ७२३२ | १०७२८ | ३२१९ | ७५१० |
| आवास, भवन तथा बस्ती विकास | ३७८११ | १५१२ | ३६२९९ | ३६१६१ | १४४६ | ३४७१५ | ३७५५० | १५०२ | ३६०४८ |
| सडक, पुल तथा यातायात | ८५३६२ | ३४१४ | ८१९४८ | ८२६५४ | ३३०६ | ७९३४८ | ८५८२८ | ३४३३ | ८२३९४ |
| जलस्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा | ६०० | २४ | ५७६ | ५१७ | २१ | ४९६ | ५३६ | २१ | ५१५ |
| सूचना तथा सञ्चार प्रविधि | ३५० | १४ | ३३६ | ५१७ | २१ | ४९६ | ५३६ | २१ | ५१५ |

| विषय क्षेत्र | ८३/८४ को व्यय अनुमान | | | ८४/८५ को खर्च प्रक्षेपण | | | ८५/८६ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत |
| वन, हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण | ० | ० | ० | २०६६ | २०७ | १८६० | २१४६ | २१५ | १९३१ |
| वातावरण तथा फोहोरमैला व्यवस्थापन | ० | ० | ० | ५१६६ | ५१७ | ४६४९ | ५३६४ | ५३६ | ४८२८ |
| विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन | १४९४ | १४९ | १३४५ | २०६६ | २०७ | १८६० | २१४६ | २१५ | १९३१ |
| स्थानीय नीति, कानुन, न्याय तथा सुशासन | २२७० | २०४३ | २२७ | २५८३ | २३२५ | २५८ | २६८२ | २४१४ | २६८ |
| सङ्गठन, मानव संसाधन र सेवा प्रवाह | १६२७७३ | १५४६३४ | ८१३९ | १६७३७५ | १५९००६ | ८३६९ | १७३८०१ | १६५१११ | ८६९० |
| राजस्व तथा स्रोत परिचालन | ४९०० | ४४१० | ४९० | ५१६६ | ४६४९ | ५१७ | ५३६४ | ४८२८ | ५३६ |
| तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | ४७०० | ३७६० | ९४० | ५१६६ | ४१३३ | १०३३ | ५३६४ | ४२९१ | १०७३ |
| **जम्मा** | ९९७३६४ | ७२८०६७ | २६९२९७ | १०३३१८० | ७५१००४ | २८२१७५ | १०७२८४४ | ७८००९४ | २९२७५० |

# परिच्छेद तीनः आर्थिक क्षेत्र

कृषि तथा खाद्य सुरक्षा, सिँचाइ, पशुपन्छी विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी, श्रम रोजगारी तथा गरिबी निवारण जस्ता उपक्षेत्रहरू यस परिच्छेदमा समेटिएको छ। यस परिच्छेदमा आर्थिक क्षेत्र अन्तर्गतका हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण, अनुमान तथा जोखिम पक्षहरू समावेश गरिएका छन्।

## ३.१. कृषि, खाद्य सुरक्षा तथा सिँचाइ

### पृष्ठभूमि

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूति गरी देशलाई खाद्य सम्प्रभुता तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रमा विशेष जोड समेत दिएको छ। नगरपालिकाको कूल क्षेत्रफलको करिब ४४ प्रतिशत कृषियोग्य जमिन रहेको यस नगरपालिका व्यावसायिक कृषि तर्फ बिस्तारै अघि बढ्दै छ। पारिवारिक प्रयोजनका लागि धेर थोर सबै प्रकारका बालीहरू खेती गर्ने गरे पनि तुलनात्मक लाभ बढी भएका बालीहरू छनौट गरी व्यावसायिक उत्पादनलाई बढवा दिँदै जानु, तोरी, प्याज, बेसार, अदुवा, लसुन, अकबरे खुर्सानी, मह उत्पादन र कफी लगायत तरकारी तथा फलफूल तथा अन्नबालीहरूमा धान, मकै, कोदो, गहुँ र आलुको व्यावसायिक उत्पादनको सुरुवात हुनु, यहाँको अवसरका रूपमा रहेको छ। आलु, फलफूल र तरकारी खेती व्यावसायिक रूपमा गर्रिँदैं आएका छन्।

### समस्या तथा चुनौती

मल बीउको अभाव, युवा जनशक्ति पलायन, बाँदर, बँदेल, दुम्सी लगायतका जङ्गली जनावरको प्रकोप, प्राविधिक ज्ञानको अभाव, सिँचाइको अभाव, न्यून उत्पादकत्व, प्रतिफलको तुलनामा बढी लागत, दक्ष जनशक्तिको कमी, बजारको समस्या, आयातित खाद्य वस्तुको मात्रालाई न्यूनीकरण गर्नु, तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभको कमी हुनु, कृषि तथा पशुपालन क्षेत्रका समस्या तथा चुनौती हुन्।

### सोच

"वैज्ञानिक, व्यावसायिक, उच्च प्रतिफल युक्त निर्यातमुखी कृषि"

### उद्देश्य

१) कृषि प्रणालीलाई नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु,
२) कृषि क्षेत्रलाई आधुनिक आत्मनिर्भर, व्यावसायिक तथा रोजगारोन्मुख, परिणाममुखी र प्रतिस्पर्धी बनाउनु।
३) वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरूको विकास गर्नु ।

## रणनीति

१) कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

२) कृषिको व्यवसायीकरण,आधुनिकीकरण तथा बजारीकरण गर्ने,

३) रैथाने बालीको संरक्षण, प्रवर्द्धन तथा प्राङ्गारिक उत्पादनमा वृद्धि गर्ने,

४) स्थानीय कृषि व्यवसाय विकास नीति तथा योजना तर्जुमा कार्यान्वयन गर्ने,

५) विद्यमान सिँचाइ प्रणालीको मर्मत सम्भार र स्तरोन्नति गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका वार्षिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका १०: कृषि, खाद्य सुरक्षा तथा सिँचाइ क्षेत्रको मध्यमकालीन लक्ष्य नतिजा सूचक

| सूचक | एकाइ | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| आफ्नो उत्पादनबाट वर्ष भरी खान पुग्ने परिवार | प्रतिशत | ७० | ७२ | ७३ | ७४ | ७५ |
| खेतीयोग्य जमिन | प्रतिशत | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| खाद्यान्न उत्पादन | टन. | ४०४८० | ४४५२८ | ४८९८१ | ५३८७९ | ५९२६७ |
| तरकारी उत्पादन | टन. | २००० | २२०० | २५३० | २९१० | ३२०० |
| फलफूल उत्पादन | टन. | ५०० | ५५० | ६३३ | ७२७ | ८०० |
| आलु उत्पादन | टन. | १२०० | १३२० | १४५२ | १५९७ | १७५७ |
| दलहन उत्पादन | टन. | १५० | १६५ | १८२ | २०० | २२० |
| तेलहन उत्पादन | टन. | २० | २२ | २८ | ३० | ३० |
| कफी उत्पादन | टन. | १ | २ | २ | ३ | ३ |
| १२ है महिना सिँचाइ हुने क्षेत्र | प्रतिशत | २१ | २५ | २६ | २७ | २८ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि, खाद्य सुरक्षा तथा सिँचाइ उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ ।

तालिका ११: कृषि, खाद्य सुरक्षा तथा सिँचाइ उप-क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३८६५३ | २५१२४ | १३५२९ | ० | २७४६ | ३१९९७ | ३९१० | ० |
| २०८४/८५ | ३९७७७ | २५८५५ | १३९२२ | ० | २७६७ | ३३०४६ | ३९६४ | ० |
| २०८५/८६ | ४१३०५ | २६८४८ | १४४५७ | ० | २८०९ | ३४४७३ | ४०२२ | ० |

### कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजना उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको कृषि खाद्य सुरक्षा तथा सिँचाइ उपक्षेत्रको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका १२: कृषि, खाद्य सुरक्षा तथा सिँचाइ

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | कफी खेती प्रवर्द्धन कार्यक्रम | आय आर्जन बढाउनु | २०८३/८४ देखि २०८५/८६ | २४०० | ३००० कृषक परिवार लाभान्वित हुने |
| २ | सिँचाइ विकास तथा विस्तार आयोजना | बाली सघनता तथा उत्पादन बढाउने | सालबसाली | २८७५९ | थप सिचाई सुविधा विस्तार र उपलब्ध हुने |
| ३ | कृषि विकास तथा प्रसार सालबसाली कार्यक्रम | कृषि सेवा सहज बनाउनु तथा उत्पादन बढाउने | सालबसाली | ८८५७६ | २००० जना कृषक लाभान्वित हुने |

### जोखिम पक्ष तथा अनुमान

गुणस्तरीय बीउ बिजन तथा कृषि सामाग्री, उन्नत प्रविधि, मल, सिँचाइ प्रणाली, तालिम बजार व्यवस्थापन, कृषि भूमिको संरक्षण र कृषिमा आधारित व्यवसाय तथा उद्योग कलकारखाना स्थापनाको लागि सङ्घ, प्रदेश र स्थानीय नीति, योजना तथा कार्यक्रम बिच तादात्म्यता कायम हुनेछ। सङ्घ तथा प्रदेश सरकारका कृषि सम्बन्धी निकाय तथा कार्यालयसँगको समन्वयमा कृषि विकास कार्यक्रम सञ्चालन हुनेछ। सो अनुसार काम हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम हुनेछ। यसै गरी कृषि क्षेत्रमा जलवायु परिवर्तन, भौगोलिक विकटता र प्रकोपको असरको जोखिम सम्भावना अधिक रहन सक्दछ।

## ३.२. पशु सेवा

### पृष्ठभूमि

नगरपालिकामा परम्परागत रूपमा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई भैंसी, भेडा, बाख्रा, बङ्गुर र कुखुरा रहेका छन्। यसै गरी यी कार्यहरूसँग माहुरी पालन पनि आबद्ध रहेको पाइन्छ । सामान्यतया व्यावसायिक

पशुपालनको विकाससँगै वर्ण शङ्कर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई, भैंसी,बाख्रामा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बङ्गुर तर्फ उन्नत जातका भालेहरूसँग प्रजनन गराउने परिपाटी विकास हुँदै गरेको छ। नगरपालिकाका मुख्य पशुहरू जस्तै कुखुरा, हाँस, बाख्रा, राँगो, बङ्गुर लगायतका उत्पादनहरू निर्यात हुने गरेका छन्।

## समस्या तथा चुनौती

पशुपंक्षीमा लाग्ने रोग व्यवस्थापन र सुधारिएका प्रणाली सम्बन्धी जानकारीको कमी, पशुपक्षी बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्व हुन नसक्नु, उत्पादन, अनुसन्धान र प्रसार बिच समन्वयको कमी, बजारीकरण र पशुपक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवम् पशु व्यवस्थापन सम्बन्धी उचित ज्ञानको कमी, पशु र मत्स्यपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यवसायीकरण गर्नु आदि प्रमुख समस्या हुन्।

पशु प्राविधिकको उपलब्धता सुनिश्चित गर्न, पशुपंक्षी पालन सम्बन्धी संस्थागत तथा संरचनागत व्यवस्था गर्न, स्थानीय सरकारको मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्न, परम्परागत पशुपक्षी पालन ज्ञानको पुनर्खोज गरी आधुनिकीकरण र उपयोग गर्न, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउन, पशुपंक्षी पालनमा उपयुक्त व्यवसायीकरण गर्न, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारहरूको विकास हुने गरी उपयोग गर्न, पशुपक्षीहरूमा देखिने किरा तथा रोगको पहिचान तथा नियन्त्रण गर्न आदि प्रमुख चुनौती हुन्।

मासुजन्य र दुग्ध उत्पादनको बढ्दो माग हुनु, पशुपालनहरूका पकेट क्षेत्रको बलियो बनाउन आधार हुनु, युवा पुस्तामा आधुनिक पशुपंक्षीपालन प्रति आकर्षण बढ्दै जानु, आन्तरिक तथा बाह्य बजारमा निर्यातको अवसर हनु, बढ्दो सडक सञ्जाल, ज्ञान, सीप, पुँजी र उन्नत प्रविधिसहित वैदेशिक रोजगारीबाट फर्किएका युवा पशुपंक्षीपालन क्षेत्रमा आकर्षित हुनु, उपयुक्त पशुपंक्षीपालन व्यवसायमा प्रविधिको प्रयोग बढ्दै जानु तथा हरेक व्यवसायलाई व्यावसायिक ढङ्गले काम गर्ने संस्कार विकास हुँदै जानु आदि प्रमुख अवसर हुन्।

## सोच

"पशुपंक्षीजन्य उत्पादनमा वृद्धिः नगरपालिकाको समृद्धि "

## उद्देश्य

१) पशुपंक्षी व्यवसायलाई प्रविधियुक्त, परिणाममुखी, व्यावसायिक र प्रतिस्पर्धी बनाउने।

२) पशुपंक्षीपालनलाई स्वरोजगारको माध्यमका रूपमा विकसित गर्दै आयआर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने।

## रणनीति

(१) पशुपंक्षीजन्य खाद्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी आत्मनिर्भर बनाउन प्रविधि, प्राविधिक तथा वित्तीय सेवा उपलब्ध गराउने।

(२) पशुपंक्षीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्दै उत्पादनको बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

### तालिका १३: पशुपंक्षी क्षेत्रको नतिजा सूचक र लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| वार्षिक दूध उत्पादन (हजारमा) | लिटर | १००० | ११०० | ११०० | ११०० | १२१० |
| सुँगुर वा बङ्गुरको वार्षिक मासु उत्पादन | मे.टन | ६० | ६६ | ७३ | ८० | ८८ |
| कुखुरा तथा पंक्षीको वार्षिक मासु उत्पादन | मे.टन | ५० | ५५ | ६१ | ६७ | ७३ |
| खसी, बोका, भेडा र च्याङ्ग्राको वार्षिक मासु उत्पादन | मे.टन | १०० | ११० | १२१ | १३३ | १४६ |

## विषय क्षेत्रगत खर्च तथा श्रोतको त्रिवर्षीयअनुमान

### तालिका १४: पशुपंक्षी क्षेत्रको खर्च तथा श्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ७२४२ | ४३४५ | २८९७ | ० | ० | ६२६५ | ९७७ | ० |
| २०८४/८५ | १०३३२ | ६१९९ | ४१३३ | ० | ० | ९३४१ | ९९१ | ० |
| २०८५/८६ | १०७२८ | ६४३७ | ४२९१ | ० | ० | ९७२३ | १००५ | ० |

## कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

### तालिका १५:पशु विकास तथा प्रसार कार्यक्रम

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | पशु विकास तथा प्रसार कार्यक्रम | पशुपंक्षीपालनलाई व्यावसायिक बनाउनु, उत्पादन वृद्धि गर्नु तथा उपचार सेवा तथा प्राविधिक ज्ञान विस्तार गर्नु | सालबसाली | २८३०२ | १. गाई/भैंसी पकेट क्षेत्र स्थापना भइ दुधमा आत्मनिर्भर हुने<br>२. मासु उत्पादनको लागि पाडा पाडी प्रवर्द्धन, बाखा पालन, कुखुरा पालन, सुँगुर तथा बङ्गुर पालन भई मासुजन्य उत्पादनको निर्यात सुरु हुने,<br>३. ३० वटा नयाँ कृषि तथा पशुपंक्षी व्यवसाय फार्म दर्ता भई सुचारु हुने, |

**जोखिम पक्ष तथा अनुमान**

नगरपालिकाको समन्वयमा सङ्घ, प्रदेश कार्यालय र विकास साझेदार निकायबाट पशुपंक्षीपालन क्षेत्रमा अनुकूल नीतिगत प्रबन्ध; पूर्वाधार विकास तथा विस्तार, प्रविधि हस्तान्तरण, सीप तथा क्षमता विकासमा सहयोग उपलब्ध हुनेछ। पशुपंक्षीजन्य उत्पादन, प्रशोधन तथा बजारीकरणमा सरकारी, निजी क्षेत्र र गैससको लगानी परिचालनमा वृद्धि हुनेछ र बेरोजगार युवाहरू पशुपंक्षीमा आधारित व्यवसायमा आकर्षित हुनेछन्। पशुपंक्षीपालन, व्यावसायिक उत्पादन, प्रशोधनमा पर्याप्त लगानी तथा पशुपंक्षी प्रसार तथा उपचार सेवा उपलब्ध हुन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ३.३. उद्योग, व्यापार तथा व्यवसाय

**पृष्ठभूमि**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय बजार व्यवस्थापन, स्थानीय वस्तुहरूको उत्पादन तथा आपूर्ति व्यवस्था, व्यापार प्रवर्द्धनमा सहजीकरण, स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन तथा अभिलेखीकरण, स्थानीय वस्तुहरूको गुणस्तर परीक्षण, स्थानीय व्यापार तथा वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण लगायतका जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

यस नगरपालिकामा रहेका स्थानीय बजारहरूबाट विशेष गरी खाद्यान्न, अदुवा, अलैंची, खुर्सानी, खुद्रा, भाँडा, हार्डवेयरका सामग्री, बाँस तथा बाँसबाट बनेका सामग्री, इलेकट्रोनिक्स सामानहरू, कपडा, स्टेसनरी तथा मासु आदि लगायतका वस्तुहरूको कारोबार हुने गरेको छ। यस सन्दर्भमा नगरपालिकाले औद्योगिक विकासको खाका कोर्ने आवश्यकता महसुस गरेको छ।

**समस्या तथा चुनौती**

नगरपालिका क्षेत्र भित्र उद्योगका लागि ऊर्जाको कमी, उद्योग सम्बन्धी ज्ञान सीप र जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, स्थानीयस्तरमा दक्ष जनशक्ति उपलब्ध नहुनु उद्योग व्यवसाय विकासको प्रमुख समस्याका रूपमा रहेका छन्।

कृषि वन खनिजमा आधारित उद्योग व्यवसायको सिर्जना विकास र स्तरोन्नति गर्नु, औद्योगिक पूर्वाधार विकास तथा लगानी आकर्षण गर्नु ,औद्योगिक उत्पादन विविधीकरण विकास र विस्तार गर्नु, बजार मूल्य श्रृङखला र बजार सञ्जाल विकास र विस्तार गर्नु, सुलभ कर्जा, प्रविधि तथा व्यवसाय विकास सेवा एकीकृत रूपमा उपलब्ध गराउनु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

**सोच**

"नगरपालिकाको आर्थिक वृद्धिदर, कृषिमा आधारित उद्योगको भर"

### उद्देश्य

(१) उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको विकास गर्नु।
(२) स्थानीय साधन, श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरूको प्रवर्द्धन गर्नु।
(३) घरेलु तथा साना उद्योगको प्रवर्द्धनबाट रोजगारी एवं आयआर्जन वृद्धि गर्नु।

### रणनीति

(१) घरेलु तथा साना उद्योगहरूको संरक्षण एवं प्रवर्द्धन गर्ने।
(२) औद्योगिक पूर्वाधार एवं नीतिगत संरचनाहरू निर्माण गरी उद्योग सञ्चालनमा सहजता ल्याउने।
(३) स्थानीय उत्पादनहरूको बजार प्रवर्द्धन गर्ने।
(४) प्रतिस्पर्धात्मक क्षमता तथा तुलनात्मक लाभ एवं निर्यातजन्य उद्योगको प्रवर्द्धन गर्ने।

### नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका १६: उद्योग, व्यापार तथा व्यवसायको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/०८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/०८४ | ८४/०८५ | ८५/०८६ |
| कुल उद्यम, व्यापार तथा व्यवसाय | सङ्ख्या | ८०० | ८८० | ९०० | ९२५ | ९५० |
| प्रविधि हस्तान्तरण (समुहमा) | सङ्ख्या | २ | २ | ३ | ३ | ३ |
| औद्योगिक मेला | सङ्ख्या | ० | ० | १ | १ | १ |
| घरेलु लघु तथा साना उद्यम | सङ्ख्या | १० | १३ | १४ | १६ | २० |
| तालिम प्राप्त लघु उद्यमीहरू | सङ्ख्या | ५० | ८२ | १२० | १५० | १९० |
| प्रदशनी कक्ष तथा कोसेली घर | सङ्ख्या | ० | ० | १ | १ | १ |
| साझा सुविधा केन्द्र | सङ्ख्या | ० | ० | १ | १ | २ |

### विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका १७: उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ९७८८ | २४४७ | ७३४१ | ० | १२२९ | ७६२६ | ९३३ | ० |
| २०८४/८५ | ११३३६ | ६२३५ | ५१०१ | ० | १२७६ | ९११९ | ९४० | ० |
| २०८५/८६ | ११८३६ | ६५१० | ५३२६ | ० | १३३४ | ९५५४ | ९४७ | ० |

**कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका १८: उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम | दिगो तथा रोजगारमूलक स्थानीय उद्योगको प्रवर्द्धन | सालवासाली | ३२९६० | व्यावसायिक क्षेत्रको उत्पादन र रोजगारीमा वृद्धि भएको हुनेछ |

**जोखिम पक्ष तथा अनुमान**

उद्योग तथा व्यवसाय सिर्जना, विकास तथा विस्तारका लागि यस नगरपालिकामा प्रचुर सम्भावना भएता पनि औद्योगिक विकासका लागि आवश्यक पूर्वाधारको निर्माण कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहबिच समन्वय गर्नुपर्ने देखिन्छ। यस नगरपालिकाले आफ्नै नीति तथा कार्यक्रम प्राथमिकतामा राखी व्यवसाय विकास सेवा प्रवाह नगर्ने हो भने उद्यम तथा व्यवसाय विकासको उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## ३.४. पर्यटन विकास

### पृष्ठभूमि

पर्यटकीय क्षेत्रको विकासका लागि ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्त्विक सम्पदा एवम् प्राकृतिक स्रोतहरूको पहिचान, संरक्षण, प्रवर्धन र प्रसार प्रसार गरी राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधारको रूपमा पर्यावरण अनुकूल हुने गरी पर्यटन उद्योग विकास गर्दै प्राप्त लाभ वितरणमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति संविधानमा उल्लेख भएको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, नियमन गर्ने साथै ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारकको संरक्षण गर्ने, स्थानीय मौलिक झल्किने सांस्कृतिक रीतिरिवाजको संरक्षण, प्रवर्धन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

नगरपालिकाले मौलिक संस्कृति तथा ऐतिहासिक सम्पदालाई समृद्धि र समतामूलक समाज निर्माणमा उपयोग गर्ने अवसर रहेको छ। तसर्थ द्रुतगतिमा आर्थिक लाभ प्राप्त गर्ने सन्दर्भमा पर्यटनले महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ।

### समस्या चुनौती

विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नू, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन्।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, बाह्य संस्कृतिको प्रभाव र अतिक्रमण बढ्नु, विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसङ्ख्यक जातजाति आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सांस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आबद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन्।

### सोच

"पर्यटन पूर्वाधार विकासः आर्थिक, सामाजिक र सांस्कृतिक संवृद्धि आधार"

### उद्देश्य

(१) पर्यटकीय गन्तव्यहरू एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण, प्रवर्द्धन गर्नु

(२) पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्दै स्थानीय जनताको रोजगारी एवं आयआर्जन वृद्धि गर्नु ।

### रणनीति

(१) पर्यटकीय क्षेत्रहरू पहिचान गरी पर्यटकीय क्षेत्र विस्तार गर्ने

(२) ऐतिहासिक, पुरातात्त्विक, धार्मिक एवं सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण, संवर्द्धन गर्ने

(३) पर्यटकीय स्थलहरूमा सुधार ल्याउँदै पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नति गर्ने

(४) पर्यटन प्रवर्द्धन गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

विगतका वार्षिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका १९: पर्यटन विकासको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| पर्यटन गुरुयोजना निर्माण | पटक | ० | १ | १ | २ | ३ |
| पर्यटन तथा संस्कृति क्षेत्रमा रोजगार | जना | ० | ० | १५ | ३० | ५० |
| आन्तरिक तथा बाह्य पर्यटक सङ्ख्यामा वृद्धि | जना | ५०० | १००० | १५०० | २००० | ३००० |
| पर्यटकीय सम्पदा र गन्तव्य स्थान | सङ्ख्या | ३ | ४ | ५ | ७ | १० |
| घर बास (होम स्टे) सञ्चालन | सङ्ख्या | ० | ० | १ | २ | ३ |
| कृषि, पर्या पर्यटन सम्बन्धी खोज, अध्ययन र अनुसन्धान (वार्षिक) | सङ्ख्या | ० | ० | १ | २ | ३ |
| पर्यटन, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धन लागि अफलाइन वा अनलाइन माध्यामबाट प्रचार प्रसार | प्रतिशत | ० | १० | ३० | ६० | १०० |

**विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका २०: पर्यटन तथा संस्कृति क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ११२३९ | ६७४ | १०५६५ | ० | १३७३ | २५३५ | ७३३१ | ० |
| २०८४/८५ | ११८८२ | ७१३ | १११६९ | ० | १३८३ | ३०६५ | ७४३३ | ० |
| २०८५/८६ | १२३३८ | ७४० | ११५९७ | ० | १४०५ | ३३९२ | ७५४१ | ० |

**कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका २१: पर्यटन तथा संस्कृति विकास कार्यक्रम

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धन कार्यक्रम | पर्यटन उद्योगको माध्यमबाट रोजगारी सिर्जना गर्ने | सालवासाली | ३५४५८ | स्थानीय अर्थतन्त्र चलायमान भएको हुनेछ |

**जोखिम पक्ष तथा अनुमान**

अन्तर सरकार, निजी क्षेत्र, विकास साझेदार तथा समुदायको सहयोग, सहकार्य तथा साझेदारीबाट नगरपालिकामा पर्यटकीय पूर्वाधार सेवा सुविधा विकास विस्तार र स्तरोन्नति हुनेछ। भौगोलिक विकटता तथा यातायातको असहजताका कारण सरकार, सहयोगी निकाय, निजी क्षेत्र तथा जनताको साझेदारी नभएमा पर्यटन क्षेत्रको विकास र विस्तार नहुने जोखिम रहेको छ।

## ३.५. श्रम, रोजगारी तथा गरिबी निवारण

**पृष्ठभूमि**

नेपालको संविधानले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रूपमा ग्रहण गरेको छ भने १६ औं राष्ट्रिय योजनाले गुणस्तरीय मानव पुँजी निर्माणलाई रूपान्तरणका प्रमुख संवाहकका रूपमा लिएको छ। नेपाल सरकारले स्वदेशमा रोजगारी सिर्जना र वैदेशिक रोजगारी दुवै पक्षलाई प्राथमिकतामा राखेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले रोजगार सूचना केन्द्र स्थापना गर्दै रोजगारी तथा बेरोजगारी श्रम शक्तिका बारेमा तथ्याङ्क, सीप विकास तथा क्षमता अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा राखेको छ।

**समस्या तथा चुनौती**

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ। रोजगारीका कारण बढ्दो बसाई सराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ। नगरपालिकामा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ।

## सोच

"श्रम शक्ति, पुँजी र प्रविधिको परिचालन, रोजगारी प्रवर्द्धन मार्फत आर्थिक सबलीकरण"

## उद्देश्य

(१) श्रम शक्तिको क्षमता, दक्षता तथा व्यावसायिक सीप अभिवृद्धि गर्दै रोजगारी सिर्जना गर्नु।

(२) वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित बनाउनु।

## रणनीति

(१) युवाहरूमा व्यावसायिक सीप तथा क्षमता अभिवृद्धि गर्ने।

(२) निजी क्षेत्रसँग सहकार्य गरी रोजगारी सिर्जना गर्ने।

(३) वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने।

(४) विप्रेषणलाई पुँजी उत्पादन क्षेत्रमा लगानी गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका वार्षिक योजना, कार्यक्रम तथा आयोजनाको समीक्षाको आधारमा आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका २२: श्रम, रोजगारी तथा गरिवी निवारणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| सूचीकृत बेरोजगार | सङ्ख्या | ८०० | ७५९ | ७०० | ६५० | ६०० |
| रोजगार आयोजना (न्यूनतम रोजगारी) | सङ्ख्या | १५ | १७ | २२ | ३७ | ५२ |
| रोजगारी सिर्जना (न्यूनतम रोजगारी) | जना | ९४ | ११७ | १५२ | २५२ | ३५२ |
| वैदेशिक रोजगारीमा खोज तथा उद्धार गरिएका व्यक्ती | जना | २३ | ८ | ० | ० | ० |
| सिप तथा क्षमता विकासबाट लाभान्वित व्यक्ती | जना | ५० | ७६ | ११६ | १६६ | २२६ |
| पुनः श्रम स्वीकृति सहयोग प्राप्त गर्ने व्यक्ती | जना | ९८ | ११० | २०० | २५० | ३०० |
| उद्यमशीलता विकास तालिम | जना | ४० | ८६ | १२६ | १७६ | २३६ |
| प्रविधि हस्तान्तरण | जना | ३० | ५५ | ८५ | १२० | १६० |
| वैदेशिक रोजगारीबाट फर्केर स्वरोजगारमा संलग्न व्यक्तिको संख्या | जना | १० | १५ | २० | २५ | ३० |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम, रोजगार तथा गरिबी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका २३: श्रम ,रोजगार तथा गरिबी क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालू | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ११८७८ | ४७५१ | ७१२७ | ० | ० | ११८७८ | ० | ० |
| २०८४/८५ | १२३९८ | ४९५९ | ७४३९ | ० | ० | १२३९८ | ० | ० |
| २०८५/८६ | १२८७४ | ५१५० | ७७२४ | ० | ० | १२८७४ | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका २४: श्रम, रोजगारी तथा गरिबी निवारण कार्यक्रम

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | एकीकृत श्रम तथा रोजगार सेवा र गरिबी निवारण कार्यक्रम | रोजगारीका अवसरहरू सिर्जना गर्ने | २०८३/८४ देखि २०८४/८५ | ३७१५० | ५०० भन्दा बढी न्यून आय भएका मानिस रोजगार हुनेछन् |

## जोखिम पक्ष तथा अनुमान

नगरपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्र आन्तरिकीकरण हुने, नगरपालिका मार्फत सञ्चालन हुने सिप विकास, उद्यमशीलता, श्रम र रोजगार सम्बन्धी सेवाहरू एकीकृत रूपमा रोजगार सेवा केन्द्र मार्फत सञ्चालन गर्ने व्यवस्थाको सुनिश्चितता आवश्यक रहेको छ । सङ्घ, प्रदेश र स्थानीय सरकारले नीतिगत व्यवस्था हुन नसकेमा प्रधानमन्त्री रोजगार कार्यक्रमको समाप्ति पश्चात् गरिबी निवारण, श्रम तथा रोजगार सेवाको दिगोपनामा तथा प्रभावकारिता नहुने जोखिम रहेको छ।

# ३.६. भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा

## पृष्ठभूमि

सहकारीलाई स्थानीय तहको एकल जिम्मेवारीमा समेत राखी स्थानीय सरकार सञ्चालन ऐनबाट सहकारी क्षेत्र अन्तर्गत गरिने कार्यको विस्तृतीकरण समेत गरी स्थानीय स्तरमा सहकारी क्षेत्रको प्रवर्द्धन गर्नका लागि स्थानीय सरकारलाई अग्रणी भूमिका दिइएको छ। सहकारीको व्यवस्थापनका लागि नगरपालिकाको सहकारी ऐन २०७५ जारी गरी सहकारीलाई व्यवस्थित गरिएको छ। सहकारी तथा वित्तीय क्षेत्रले ग्रामीण अर्थतन्त्रमा वित्तीय परिचालन लगायत विविध सुविधा प्रदान गर्दै अर्थतन्त्रलाई सुदृढ गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

यस क्षेत्रमा आर्थिक क्रियाकलाप विस्तारका लागि आवश्यक पर्ने पुँजीको पहुँच सहज हुने गरी बैङ्क, वित्तीय संस्था तथा सहकारी संस्थाहरूको सेवा अपरिहार्य हुन्छ। यी संस्थाहरूले बचत परिचालन तथा ऋण प्रवाहमा योगदान गरी आर्थिक विकासमा योगदान गर्न सक्नेछन्।

### समस्या तथा चुनौती

बैङ्क तथा वित्तीय संस्थामा विपन्न तथा पिछडिएका वर्गका घरपरिवारको पहुँच कमी हुनु तथा कारोबार समेत कम हुनु, लाभान्वित समूहहरू दोहोरिनु, ऋणको उपयोग व्यावसायिक कार्यमा कम हुनु, चर्को ब्याजदरमा ऋण प्रवाह हुनु, सहकारीहरू उद्देश्यमा तोकिए अनुसार सञ्चालनमा नरहेको, उत्पादन तथा उत्पादकत्व बढाउन अपेक्षित सहयोग पुऱ्याउन नसक्नु आदि यसका समस्याहरू हुन्। लघुवित्त तथा सहकारी संस्थाहरू संस्थाको उद्देश्य सिद्धान्तमा रही बचतकर्ताको बचत सुनिश्चितता गरी संस्थाहरूलाई प्रचलित कानुन बमोजिम सञ्चालन गराउनु चुनौती रहेको छ।

### सोच

"वित्तीय पहुँच वृद्धि मार्फत आर्थिक क्षेत्रको गतिशीलता"

### उद्देश्य

(१) वित्तीय तथा सहकारी क्षेत्रलाई व्यवस्थित रूपमा सञ्चालन गरी दिगो बनाउनु।
(२) सहकारी संस्थाहरूलाई व्यवस्थित गरी उत्पादनमा अग्रसर गराउनु।

### रणनीति

(१) सहकारी क्षेत्रमा सुशासन कायम गर्ने।
(२) वित्तीय तथा सहकारी संस्थालाई उत्पादनमुखी र रोजगारी सिर्जना हुने क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने।
(३) सहकारीको दिगोपनाको लागि एकै प्रकृतिका संस्थाहरूलाई एकीकरणमा जान प्रोत्साहन गर्ने।

### विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका २५: भूमि सहकारी तथा वित्तीय सेवा नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| सेवा सुचारु बैङ्क शाखा र वित्तीय सेवा प्रदायक | सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ |
| सेवा प्रवाह गरिरहेका सुचारु सहकारी संस्था | सङ्ख्या | ४९ | ४९ | ४५ | ४० | ३५ |

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसङ्ख्या | सङ्ख्या | १२० | २०० | २८० | ३८५ | ४५० |
| बैङ्क तथा वित्तीय संस्थामा खाता हुने वा सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ६८ | ७० | ७२ | ७५ | ८० |
| अव्यवस्थित बसोबासी, भूमिहीन दलितका लागि जग्गा पहिचान, नक्शाङ्कन र सर्भे क्षणमा सहजीकरण, लाभग्राही रुजु र लगत अद्यावधीकरण भूमि तथा बसोबास व्यवस्थाका लागि संवाद तथा पैरवी | सङ्ख्या | १ | २ | ५ | ७ | ९ |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

### तालिका २६: भूमि सहकारी तथा वित्तीय सेवाको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ७०० | ३८५ | ३१५ | ० | ५४९ | १५१ | ० | ० |
| २०८४/८५ | १०३३ | ५१७ | ५१७ | ० | ५५३ | ४८० | ० | ० |
| २०८५/८६ | १०७३ | ५३६ | ५३६ | ० | ५६२ | ५११ | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रवर्द्धन कार्यक्रम | बैङ्क, वित्तीय तथा सहकारी सेवामा पहुँच बढाउनु | सालबसाली | २१५० | ८० प्रतिशत भन्दा बढी घरपरिवारका सदस्य बैङ्क तथा वित्तीय संस्थामा आबद्ध हुने |
| २ | भूमि व्यवस्थापन कार्यक्रम | सार्वजनिक जग्गाको संरक्षण, परिचालन, भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापनमा सहजीकरण गर्नु | सालबसाली | २१५० | भूमिहिन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापनमा सहयोग पुग्ने |
| ३ | वित्तीय साक्षरता तथा पहुँच अभिवृद्धि कार्यक्रम | वित्तीय साक्षरता तथा वित्तीय सेवामा स्थानीयवासीको पहुँच तथा उपयोग वृद्धि गर्नु | सालबसाली | २२७९ | वार्षिक वित्तीय साक्षरता कार्यक्रम भई वित्तीय सेवामा पहुँच भएको हुने |

# परिच्छेद चारः सामाजिक विकास

यस परिच्छेदमा स्वास्थ्य तथा पोषण, शिक्षा, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरू समेटिएका छन्। प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ४.१.शिक्षा, विज्ञान तथा नवप्रवर्तन

### पृष्ठभूमि

शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक बनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाइ क्रमशः निःशुल्क बनाउने लक्ष्य नेपाल सरकारले लिएको छ। नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निःशुल्क एवम् अनिवार्य गर्ने, र माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामग्री विकास विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवम् विद्यालयहरूको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरूका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ। त्यसै गरी नगरपालिकाले शिक्षा ऐन, २०७५ जारी गरी शिक्षा क्षेत्रलाई थप व्यवस्थित गरेको छ।

### समस्या तथा चुनौती

भौगोलिक कठिनाइ, विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत शैक्षिक सामाग्री, पुस्तकालय र प्रयोगशालाको कमी, विद्यालय, विद्यार्थी र अभिभावकहरू बिच नियमित संवादको अभाव र बुझाइमा कमी, आपत्कालीन अवस्थामा वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरतामा कमी, सिकाइ उपलब्धि दर न्यून, विद्यालयहरूको नियमित अनुगमन र सुपरिवेक्षण कमी, विद्यालयमा शैक्षिक एवं भौतिक पूर्वाधारको कमी, र भएका पूर्वाधारहरू पनि बालबालिका एवं अपाङ्गता मैत्रीको अभाव, बाल मनोविज्ञान, मनोपरामर्शको अभाव र अध्ययन अनुसन्धानको पनि कमी, भाषा भेष भूषा र संस्कृतिमा बाह्य प्रभावलाई नियन्त्रण गर्नु, सामुदायिक विद्यालयको शिक्षालाई पूर्णतः प्रविधिमैत्री बनाउनु, विद्यालयका शिक्षकहरूको मनोबलमा अभिवृद्धि ल्याउनु, विद्यालय र अभिभावक बीचको बुझाइमा एकरूपता ल्याउनु आदि यस नगरपालिकाका शिक्षा विकासमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरू हुन्।

### सोच

"दित्केल रुपाकोट मझुवागढीको इच्छा व्यवहारिक गुणस्तरीय शिक्षा"

### उद्देश्य

(१) शिक्षामा अति गरिब, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सबैको सहज एवं समान पहुँच सुनिश्चित गर्नु।

(२) विद्यालयहरूमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चितताबाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक एवं प्राविधिक शिक्षा प्रदान गर्नु ।

### रणनीति

(१) साक्षरता वृद्धि तथा उमेर समूहका बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याउने।

(२) शिक्षालाई सर्वसुलभ बनाउँदै गुणस्तरीय बनाउने।

(३) शैक्षिक एवं भौतिक पूर्वाधारको व्यवस्था गर्दै सुविधा सम्पन्न बनाउने।

(४) प्राविधिक दक्ष जनशक्ति विकास गर्ने।

### नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका २७: शिक्षा क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| आधारभूत तालिम प्राप्त शिक्षक | सङ्ख्या | २१० | २२० | २२५ | २३० | २३५ |
| ४-५ वर्ष उमेर समूहका बाल विकास केन्द्रमा भर्ना हुने बालबालिका | सङ्ख्या | १३९५ | १३०० | १५०० | १५५० | १६०० |
| कक्षा १ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | ११६३ | १३५० | १४०० | १४५० | १५०० |
| कक्षा १-५ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | ४८७७ | ४४६३ | ५००० | ५२०० | ५३०० |
| कक्षा ६-८ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | २५७६ | २५१० | २५५० | २५६० | २५७० |
| कक्षा ९-१० मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | १६५१ | १६१८ | १६२० | १६३० | १६४० |
| कक्षा ११-१२ मा भर्ना हुने विद्यार्थी | सङ्ख्या | १०२३ | ११०१ | १११० | ११३० | ११३५ |
| कक्षा १-५ तह पुरा गर्ने विद्यार्थी | सङ्ख्या | ४८७७ | ४४६३ | ४४७० | ४४७५ | ४४८० |
| कक्षा ६-८ तह पुरा गर्ने विद्यार्थी | सङ्ख्या | २५७६ | २५१० | २५३० | २५४० | २५५० |
| कक्षा १० पुरा गर्ने विद्यार्थी | सङ्ख्या | ८२८ | ८०३ | ८१० | ८१५ | ८२० |
| कक्षा १२ पुरा गर्ने विद्यार्थी | सङ्ख्या | ४५९ | ५२१ | ५२५ | ५३० | ५३५ |
| कक्षा १-५ मा भर्ना हुने छात्रा | सङ्ख्या | २३७५ | २१७२ | २१८० | २१८५ | २१९० |
| कक्षा ६-८ मा भर्ना हुने छात्रा | सङ्ख्या | १२८९ | ६२५४ | ६२६० | ६२६५ | ६२७० |
| पुस्तकालय भएका विद्यालय | सङ्ख्या | १७ | २० | २३ | २५ | २७ |
| विज्ञान प्रयोगशाला | सङ्ख्या | १५ | १६ | १७ | १९ | २१ |

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| सूचना तथा सञ्चार प्रविधि (ICT) सुविधा भएको सङ्ख्या | सङ्ख्या | २० | २१ | २३ | २६ | ३० |
| इन्टरनेटमा पहुँच भएका विद्यालय | सङ्ख्या | ८० | ८६ | ८६ | ८६ | ८६ |

### विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छः

तालिका २८: शिक्षा क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४८६६६४ | ४२८२६४ | ५८४०० | ० | ० | ४८४२२० | २४४४ | ० |
| २०८४/८५ | ४९५९२६ | ४३६४१५ | ५९५११ | ० | ० | ४९३४४९ | २४७८ | ० |
| २०८५/८६ | ५१४९६५ | ४५३१६९ | ६१७९६ | ० | ० | ५१२४५२ | २५१४ | ० |

### कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छः

**तालिका २९: शिक्षा विकास कार्यक्रम**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | प्राविधिक सीपमा आधारित मानव संसाधन तयार गर्ने | ८३/८४ देखि ८५/८६ | ७५०० | प्राविधिक धारका जनशक्ति तयार हुने |
| २. | विद्यालय भवन निर्माण तथा सुधार कार्यक्रम | शैक्षिक वातावरण सहज र पठनयोग्य बनाउनु | सालबसाली | १७३६३२ | सबै विद्यालयमा आधारभूत पूर्वाधार विकास तथा नियमित मर्मतसंभार हुने |
| ३ | प्रारम्भिक बाल विकास कार्यक्रम | ४-५ वर्षका सबै बालबालिका लागि गुणस्तरीय प्रारम्भिक सिकाइ र बालविकास शिक्षा अवसर सुनिश्चित गर्ने | सालबसाली | १५१५१ | ४-५ वर्ष उमेर समूहका बालबालिकाले बाल विकास शिक्षाको अवसर प्राप्त हुने र बाल कक्षाको अनुभव |

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी सत प्रतिशत पुग्ने |
| ४ | विद्यालय शिक्षा प्रवर्द्धन कार्यक्रम | विद्यालय शिक्षा तथा प्राविधिक शिक्षा, सीपमूलक र उद्यमशील शिक्षा लाई गुणस्तरीय बनाउनु | सालबसाली | १२१८५५१ | विद्यालय शिक्षा गुणस्तरीय र प्रविधिमैत्री भएको हुने, साथै विद्यालय शिक्षा तथा प्राविधिक शिक्षाको गुणस्तरमा सुधार भएको हुने |
| ५ | शैक्षिक प्रशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम | शैक्षिक संस्था, शैक्षिक प्रशासन, योजना, अनुगमन र मूल्याङ्कन चुस्त, व्यवस्थित तथा नतिजामूलक बनाउनु र विद्यार्थीको सिकाइ सक्षमता अभिवृद्धि गर्नु | सालबसाली | ६२११७ | सक्षम र पेशाप्रति अभिप्रेरित शिक्षक व्यवस्था हुने र शैक्षिक योजना तथा प्रशासन व्यवस्थित तथा नतिजामूलक हुने |
| ६ | निरन्तर तथा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइलाई पूर्ण साक्षरता र उत्पादनमूलक रोजगारी सँग आबद्ध गर्नु | सालबसाली | १५१५१ | सामुदायिक अध्ययन केन्द्र मार्फत निरन्तर शिक्षा, आयमूलक तथा रोजगारमूलक व्यवसायमा आवद्ध हुने |
| ७ | स्थानीय सम्पदा संस्कृति कलाको संरक्षण र प्रवर्द्धन कार्यक्रम | कला, भाषा तथा साहित्य संरक्षण र विकास गर्नु | सालबसाली | ५४५४ | कला, संस्कृति र साहित्यको संरक्षण र प्रवर्द्धन हुने, धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थानको पहिचान हुने |

**जोखिम पक्ष तथा अनुमान**

नगरपालिकाबाट शिक्षा ऐन जारी भई लागु भैसकेको सन्दर्भमा शिक्षा क्षेत्रमा सरोकार राख्ने सम्पूर्ण पक्षको आपसी सहयोग, समन्वय र साझेदारी कायम भई शैक्षिक गुणस्तरमा अभिवृद्धि हुनेछ । शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा वृद्धि र नवीनतम शिक्षण विधि र प्रविधिहरूको उपयोग भएको हुनेछ । अन्तर सरकार, समुदाय र शिक्षा क्षेत्रका सरोकारवालाहरूको समन्वय, सहकार्य, सहयोग र साझेदारीमा वृद्धि नभए लक्ष्य हासिल गर्न कठिनाइ उत्पन्न हुन सक्नेछ ।

## ४.२. स्वास्थ्य तथा पोषण

**पृष्ठभूमि**

संविधानमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, आकस्मिक सेवा एवम् स्वास्थ्य सेवामा समान पहुँचलाई मौलिक हकको रूपमा ग्रहण गरिएको छ भने स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ बनाई नागरिकको पहुँच स्थापित गर्ने नीति नेपाल सरकारले लिएको छ। स्थानीय सरकार सञ्चालन ऐन,

२०७४ अनुसार आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य, पोषण सेवा, महिला तथा बालबालिकाको कुपोषण, परिवार नियोजन तथा मातृ शिशु कल्याण एवम् रक्तसञ्चार सेवा सञ्चालन, ग्रामीण तथा सहरी स्वास्थ्य सेवा स्थापना, सञ्चालन र स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माण, जनचेतनाको अभिवृद्धि गर्ने जिम्मेवारीहरू स्थानीय तहमा निहित गरिएको छ।

**समस्या तथा चुनौती**

स्वास्थ्य संस्थाहरूको स्तरोन्नति कमी, स्वास्थ्य मेशिन उपकरण एवं पूर्वाधार अपर्याप्त, दक्ष, अनुभवी एवं विशेषज्ञ जनशक्तिको अभाव, सरकारले सूचीकृत गरेको निःशुल्क औषधीहरूको अभाव, पौष्टिक आहार सम्बन्धी (जङ्क फुडको नकारात्मक असर) सचेतना कार्यक्रम प्रभावकारी हुन नसक्नु, स्वास्थ्य सेवा प्रदायक संस्थामा पूर्वाधारहरू अपर्याप्त रहेको, पर्याप्त उपकरण र औषधीहरू उपलब्ध हुन नसकेको, स्वास्थ्य संस्थाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्तिको अभाव रहेको अवस्था छ। साथै सर्ने तथा नसर्ने रोगहरू, कुपोषण, ग्रामीण सडकका कारण हुने दुर्घटना तथा विपद्जन्य स्वास्थ्य समस्याहरू विद्यमान रहनु, विश्वव्यापीकरणसँगै खानपान तथा जीवन शैलीमा आएको परिवर्तनले नसर्ने रोगहरूको भार तथा मानसिक समस्याहरू बढ्दै जानु जस्ता सवालहरू पनि चुनौतीको रूपमा रहेका छन्।

**सोच**

"सुदृढ स्वास्थ्य सेवा, स्वस्थ नगर वासी"

**उद्देश्य**

(१) आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसुलभ एवं गुणस्तरीय बनाउनु।

(२) स्वास्थ्य एवं पोषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्दै प्राकृतिक, वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन गर्नु।

**रणनीति**

(१) आधारभूत स्वास्थ्य पूर्वाधार निर्माण गर्ने।

(२) स्वास्थ्यकर्मीको क्षमता विकास गर्ने।

(३) आधारभूत स्वास्थ्य सेवाबाट विपन्न नागरिकलाई वञ्चित हुन नदिने।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार स्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

#### तालिका ३०: स्वास्थ्य तथा पोषण क्षेत्रको नतिजा सूचक तथा मध्यकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ को अनुमान | ८४/८५ को प्रक्षेपण | ८५/८६ को प्रक्षेपण |
| बच्चालाई ६ महिलासम्म स्तनपान गराउने महिला | प्रतिशत | ५६ | ६१ | ९० | ९५ | १०० |
| २३ महिना सम्मका नियमित वृद्धि अनुगमन गरिएका बालबालिका सङ्ख्या | सङ्ख्या | ५३ | ४१ | ६० | ७५ | ९० |
| वृद्धि अनुगमन ०-२३ महिनाका बालबालिकाको औसत तौल | किलोग्राम | १५ | १७ | २० | २२ | २४ |
| वृद्धि अनुगमन गरिएका मध्ये कुपोषित ५९ महिनाभन्दा कम उमेरका बालबालिका | प्रतिशत | ०.४१ | २ | १.५ | १ | ०.५ |
| परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ९ | ५ | १५ | २२ | ३० |
| कम तौल भएका नवजात शिशु | प्रतिशत | ४ | २.२ | १.५ | १ | ०.५ |
| प्रोटोकल अनुसार ८ पटक गर्भवती जाँच गराउने महिला (जीवित जन्ममा) | प्रतिशत | ३५ | ४८ | ६५ | ७० | ७५ |
| डि.पि.टि.-हेप वि. १ दादुरा रूबेला दोस्रोबिचको ड्रप आउट दर | प्रतिशत | ३ | ४ | २ | १.५ | १ |
| २३ महिना भित्र पूर्ण खोप प्राप्त गरेका बालबालिका | प्रतिशत | ९० | ९१ | ९४ | ९५ | ९८ |
| कुष्ठरोगको प्रकोप दर (प्रति १०,०००) | जना | ४.९ | ४ | ३ | २ | १.५ |
| निमोनियाका बिरामी दर (२ देखि ५९ महिनाका बालबालिका) | जना | ४९ | ४५ | १०५ | १०० | ९५ |
| झाडापखालाका बिरामी दर (प्रति हजार २ देखि ५९ महिना बालबालिका) | जना | २५६ | १३७ | २०० | १९० | १८० |
| गर्भावस्थाको अवधिभर १८० आइरन चक्की खाने गर्भवती महिला | प्रतिशत | ७२ | ५७ | ८० | ८५ | ९० |

### विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३१: स्वास्थ्य तथा पोषण क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ८८२०० | ७४९७० | १३२३० | ० | ० | ८३३१३ | ४८८७ | ० |
| २०८४/८५ | ९०९२० | ७७२८२ | १३६३८ | ० | ० | ८५९६४ | ४९५६ | ० |
| २०८५/८६ | ९४४१० | ८०२४९ | १४१६२ | ० | ० | ८९३८३ | ५०२७ | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ:

तालिका ३२: स्वास्थ्य तथा पोषण कार्यक्रम

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य प्रवर्द्धन कार्यक्रम आयुर्वेद तथा योग सहित | आधारभूत स्वास्थ्य सेवा सहज बनाउनु | सालबसाली | २५५७२० | स्वास्थ्य संस्था सुदृढ भई सर्वसुलभ रूपमा आधारभुत स्वास्थ्य सेवा उपलब्ध हुने |
| २ | नगर अस्पताल सञ्चालन कोष | नागरिक आरोग्यता बढाउनु | सालबसाली | ६८१० | आयुर्वेद स्वास्थ्य सम्बन्धी आधारभूत सेवा उपलब्ध गराउने |
| ३ | पोषण कार्यक्रम | नगरपालिकावासीको पोषणको अवस्थामा सुधार ल्याउनु | सालबसाली | ११००० | सुत्केरी आमा तथा ५ वर्षको मुनिको बालबालिकाले पोषण सेवा प्राप्त गरेका हुने |

## जोखिम पक्ष तथा अनुमान

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पूर्वाधार तथा भौतिक संरचना सबलीकरण भएको हुनेछ। दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवाला बिच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा नगरपालिकावासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहन सक्छ।

## ४.३. खानेपानी र सरसफाई

### पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवा र स्वच्छ खानेपानीमा पहुँचलाई नेपालको संविधान, २०७४ मा नागरिकहरूको मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ। त्यसैगरी, दिगो विकास लक्ष्यमा स्वच्छ खानेपानीलाई एक महत्त्वपूर्ण लक्ष्य सूचकको रूपमा व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय खानेपानी व्यवस्थापन गर्ने, त्यसका लागि नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन, नियमन गर्ने, महसुल निर्धारण गर्ने जस्ता जिम्मेवारीहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### समस्या तथा चुनौती

स्वच्छ, सफा तथा व्यवस्थित पिउने पानीको लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत निरन्तर रूपमा प्रयासहरू हुँदै आएका छन्। ग्रामीण क्षेत्रमा खानेपानीको लागि उपभोक्ताहरूले दिगो योजना माग नगरी खाली पाइप मात्र माग गर्ने र नगरपालिकाले पाइप वितरण गर्ने विकासको ढाँचा अहिलेको दिगो विकासको लागि सबैभन्दा ठुलो समस्या बनेको छ। खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइ जन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन। मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ। स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुख्खा याममा कतिपय वस्तिमा खानेपानीको अभाव हुने गरेको छ।

### सोच

"नगरवासीको शानः स्वच्छ खानेपानी, सफा र सुन्दर घर आँगन"

### उद्देश्य

१. स्वच्छ, सफा र सुरक्षित खानेपानीमा नागरिकहरूको पहुँच अभिवृद्धि भई सर्वसुलभ बनाउनु।
२. सरसफाइलाई व्यवस्थित गर्दै स्वच्छ वातावरण कायम राख्नु।

### रणनीति अभिवृद्धि

१. खानेपानीका मुहान तथा श्रोतहरूको संरक्षण एवं संवर्द्धन गर्ने।
२. आधारभूत खानेपानीमा सबैको सहज पहुँच अभिवृद्धि गर्ने।
३. सरसफाइलाई व्यवस्थित गर्दै फोहरमैलालाई सुरक्षित विसर्जन गर्ने।
४. सरसफाइ सम्बन्धी जनचेतना गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीति, योजना अनुसार कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३३: खानेपानी तथा सरसफाइ क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार | प्रतिशत | ८७ | ९० | ९३ | ९५ | ९७ |
| एक घर एक धारा हुने घरपरिवार | प्रतिशत | २० | २५ | ३५ | ५५ | ६० |
| नियमित गुणस्तर परीक्षण तथा उपचार भएका खानेपानी आयोजना | सङ्ख्या | १ | १ | २ | ३ | ४ |
| सुरक्षित शौचालय सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ८५ | ९० | ९७ | १०० | १०० |
| फोहोर विसर्जनको स्थल (खाडल) हुने घरधुरी | प्रतिशत | ६० | ६५ | ८० | ८५ | ९० |
| शौचालय प्रयोग गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ९६ | ९७ | ९८.०० | ९९ | १०० |
| सार्वजनिक शौचालय | सङ्ख्या | ३ | ४ | ६.०० | ८ | ९ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाइ उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३४: खानेपानी तथा सरसफाइ क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १४७९२ | ७४० | १४०५२ | ० | २७४६ | ७१५९ | ४८८७ | ० |
| २०८४/८५ | १५४९८ | ७७५ | १४७२३ | ० | २७६७ | ७७७५ | ४९५६ | ० |
| २०८५/८६ | १६०९३ | ८०५ | १५२८८ | ० | २८०९ | ८२५६ | ५०२७ | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३५: खानेपानी तथा सरसफाई कार्यक्रम

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी योजना मर्मत सम्भार कार्यक्रम | खानेपानीको सुविधा उपलब्ध गराउनु | सालबसाली | १५००० | दिगो खानेपानी सुविधा उपलब्ध हुने |
| २ | खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम | पर्याप्त मात्रामा र आवश्यक समयमा खानेपानी उपलब्ध गराउनु | सालबसाली | ३१३८२ | खानेपानीको आयोजना तथा संरचनाको निर्माण, स्तरोन्नति, विस्तार र मर्मतसंभार तथा तथा जगेर्ना हुने |

### जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना सञ्चालन तथा मर्मत सम्भार र स्तरोन्नति भएमा खानेपानी सेवा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ। सुख्खा खडेरी जस्ता जलवायु परिवर्तनबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा सरसफाइ सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ।

## ४.४. महिला, बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्ग

### पृष्ठभूमि

नेपाल संविधानले समानता (कानुनी आधारमा समान), सामाजिक न्याय (समानुपातिक सहभागिताका आधारमा), सामाजिक सुरक्षा (कानुनद्वारा सुरक्षा), ज्येष्ठ नागरिकको संरक्षण, दलित छुवाछुत तथा भेदभाव विरुद्ध (जातीय आधारमा), महिला, बालबालिका, दलित (समानुपातिक समावेशी सिद्धान्तका आधारमा) को हकलाई मौलिक अधिकारको रूपमा ग्रहण गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र वितरण गर्ने, सामाजिक सुरक्षा र सुविधाको व्यवस्थापन गर्ने, दिवा खाजा, आश्रय केन्द्र सञ्चालन एवम् पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने र सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन जस्ता जिम्मेवारीहरू सङ्घ एवम् प्रदेश सरकारको समन्वयमा गर्ने कार्य स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ।

### समस्या तथा चुनौती

स्थानीय सरकारमा लक्षित वर्गको लागि कार्य गर्ने लैससास समिति संस्थागत हुन सकेको छैन। नगरपालिकामा दलित वर्गका लागि कति बजेट विनियोजन गर्ने भन्ने बारेमा नगर सभाबाट स्पष्ट निर्णय हुन सकेको छैन। लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू दिगो भन्दा पनि वितरणमुखी रहेका छन्। लक्षित वर्गको चौतर्फी हितका लागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधारहरू हुन सकेका छैनन्। बालविवाह, लैङ्गिक हिंसा, दलित, विपन्न तथा वाल

हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन। लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकारवालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन। वस्ति स्तरमा छुवाछूत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ। विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन।

**सोच**

"विभेदरहित, समतामूलक सभ्य समाज"

**उद्देश्य**

१. लक्षित वर्गको क्षमता अभिवृद्धि गर्दै सशक्तीकरण गर्नु।
२. नीति निर्माण एवं नेतृत्व तह लगायतका क्षेत्रहरूमा समतामूलक समावेशीकरण भई विभेद रहित समाज निर्माण गर्नु।

**रणनीति**

१. लक्षित वर्गको क्षमता अभिवृद्धि गर्दै आर्थिक, सामाजिक स्थितिमा सुधार ल्याउने।
२. लक्षित वर्गलाई सम्मान, संरक्षण र सशक्तीकरण गर्ने।
३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने।
४. सामाजिक न्याय सहित विभेद रहित समाजको सुनिश्चितता गर्ने।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३६: महिला, बालबालिका तथा लक्षित वर्गको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| अन्तर्राष्ट्रिय महिला दिवस | सङ्ख्या | १३१ | १८० | १९५ | २०२ | २५० |
| लैङ्गिक हिंशा विरुद्धको १६ दिने अभियान | सङ्ख्या | २४० | २८० | २८३ | ३०० | ३५० |
| तिज विशेष कार्यक्रम | सङ्ख्या | २४० | २५६ | ३०५ | ३०९ | ३४५ |
| ज्येष्ठ नागरिक दिवस | सङ्ख्या | ९० | ९५ | १२० | २०० | २५० |
| बाल क्लब गठन तथा अन्तर्क्रिया | सङ्ख्या | १५० | १२५ | १०० | १२५ | १५० |
| एकीकृत घुम्ती शिविर | सङ्ख्या | २१५ | ३५० | २७६ | १५० | २८० |
| ज्येष्ठ नागरिक जीवनोपयोगी सिप | सङ्ख्या | ० | ३० | ६० | ८० | १०० |
| अपाङ्गता भएका व्यक्तिहरूलाई जीवनोपयोगी सिप | सङ्ख्या | ० | ३० | ६० | ९० | १०० |
| GEDSI AUDIT | सङ्ख्या | १ | १ | १ | १ | १ |
| बाल पोषण भत्ता उपयोग सम्बन्धमा अभिभावकसँग अन्तर्किया | सङ्ख्या | ० | २१० | २३० | २५० | ३०० |

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| सामाजिक विकास समिति/समन्वय समिति बैठक खाना खाजा खर्च | सङ्ख्या | ० | १८० | १९० | २०० | २८० |
| सामाजिक विकास समिति/समन्वय समिति/ कर्मचारी समूह समिति अनुगमन दैनिक भ्रमण भत्ता | सङ्ख्या | ११० | १५० | १८० | १५० | १८० |
| बाल विवाह न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | सङ्ख्या | १३० | ९० | १४० | ११० | १५० |
| छुवाछुत तथा जातीय विभेद विरुद्धको अन्तर्किया | सङ्ख्या | ० | ८० | १०० | ११० | १२५ |
| बाल क्लबलाई कार्यक्रम सञ्चालन खर्च | सङ्ख्या | २०० | १५० | ६० | १२० | ८० |
| लै स सा स अन्तर्किया | सङ्ख्या | ५५ | ४५ | ५० | ६० | ५० |
| बेइजिङ घोषणापत्र सम्वन्धी अन्तर्किया | सङ्ख्या | ६० | ५० | ६० | ५५ | ७० |
| बालबालिकाहरूका लागि सन्देशमूलक ब्रोसर छपाई | सङ्ख्या | १००० | १००० | १५०० | १२०० | १००० |
| बेवारिसे तथा विशेष संरक्षणमा परेका बालबालिकाहरूलाई सहयोग कार्यक्रम | सङ्ख्या | ० | ० | ४ | ५ | ६ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३७: महिला, बालबालिका तथा लक्षित वर्गको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १२८४६ | ७०६५ | ५७८१ | ० | २७४६ | ९६११ | ४८९ | ० |
| २०८४/८५ | १२९१५ | ७१०३ | ५८१२ | ० | २७६७ | ९६५२ | ४९६ | ० |
| २०८५/८६ | १३४११ | ७३७६ | ६०३५ | ० | २८०९ | १००९९ | ५०३ | ० |

## कार्यक्रम आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छः

तालिका ३८: लक्षित वर्ग विकास कार्यक्रम

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक एवं पिछडिएको वर्ग लक्षित कार्यक्रम | लक्षित वर्गको आयआर्जन वृद्धि गर्नु | २०८३/८४ देखि २०८५/८६ | ३९१७ | लक्षित वर्गको पहुँच वृद्धि हुनेछ |

**जोखिम पक्ष तथा अनुमान**

महिला बालबालिका तथा लक्षित वर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लानुभएको हुनेछ। लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रूपमा हरेक क्षेत्रसँग अन्तर सम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिबद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ।

## ४.५. सामाजिक सुरक्षा तथा संरक्षण

**पृष्ठभूमि**

यस नगरपालिकामा सामाजिक सुरक्षा तथा संरक्षण काम कार्यक्रमहरू सञ्चालनमा छन्। सामाजिक सुरक्षा तर्फ दलित ज्येष्ठ नागरिक, अन्य ज्येष्ठ नागरिक भत्ता, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्ग, आंशिक अपाङ्ग र दलित बालबालिका वर्गका लाभग्राहीहरूलाई बैङ्किङ प्रणाली मार्फत भत्ता वितरण गरिएको छ।

**समस्या तथा चुनौती**

सामाजिक सुरक्षा रकम लिन लाभग्राही एकै पटक बैङ्कमा उपस्थित हुनु, बैङ्कको पहुँच न्यून हुँदा सामाजिक सुरक्षा रकम प्राप्त गर्न लामो समय खर्चिनु पर्ने तथा लगत अद्यावधीकरण व्यवस्थित र समय सापेक्ष हुन नसक्नु जस्ता समस्याहरू रहेका छन्। विशेष अवस्थामा लाभग्राहीलाई सहज रूपमा सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्नु, सामाजिक सुरक्षा वृत्तिबाट प्राप्त रकम दिगो आम्दानी स्रोतका क्षेत्रमा लगानी गर्नु र प्राप्त वृत्तिको सदुपयोग गर्नु यसका प्रमुख चुनौतीहरू हुन्।

**सोच**

"आधारभूत मानव अधिकारको प्रवर्द्धनः सामाजिक सुरक्षा र संरक्षण"

**उद्देश्य**

(१) सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम सहज र सुव्यवस्थित र लक्षित वर्गमैत्री बनाउनु,
(२) लाभग्राहीलाई समयमा र सहज रूपमा सामाजिक सुरक्षा वृत्ति उपलब्ध गराउनु,
(३) विशेष अवस्थामा रहेका व्यक्तिहरू पहिचान र अद्यावधिक गर्नु।

## रणनीति

(१) बैङ्कको प्रधान कार्यालय र स्थानीय तहको सहकार्यमा बैङ्कको शाखा विस्तार गर्ने,
(२) शाखा रहित सेवा मार्फत सामाजिक सुरक्षा रकम वितरण गर्ने,
(३) विशेष अवस्थामा रहेका योग्य लाभग्राहीहरूलाई वडा कार्यालय सम्म ल्याई पुऱ्याउन जनचेतना फैलाउने,
(४) सामाजिक सुरक्षा कार्यक्रमको रकम सदुपयोगको व्यवस्था मिलाउने,
(५) व्यक्तिगत घटना दर्ता कार्यलाई समय सीमाभित्र व्यवस्थित र अद्यावधिक गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ३९: सामाजिक सुरक्षा तथा संरक्षणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| सामाजिक सुरक्षा सञ्जालमा आबद्ध लाभग्राही | जनसङ्ख्या | ५७९० | ५५६७ | ५६०० | ५७०० | ५८०० |
| EFT मार्फत सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही | सङ्ख्या | ५८१० | ५४२८ | ५५०० | ५७०० | ५९०० |
| दर्ता व्यक्तिगत घटना कभरेज | सङ्ख्या | | | | | |
| जन्म दर्ता | सङ्ख्या | १४८९ | ११२५ | १२०० | १३०० | १४०० |
| विवाह दर्ता | सङ्ख्या | ४९३ | ४१२ | ५०० | ६०० | ७०० |
| सम्बन्ध विच्छेद घटना | सङ्ख्या | १०१ | ८१ | ७० | ६० | ५० |
| बसाइसराइ | सङ्ख्या | सरी आएको ११६<br>सरी जाने ४७८ | सरी आएको ९१<br>सरी जाने ७२८ | ६०० | ५०० | ४०० |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ४०: सामाजिक सुरक्षा तथा संरक्षणको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १२४३३ | ४९७३ | ७४६० | ० | २७४६ | ९६८७ | ० | ० |
| २०८४/८५ | १२३९८ | ४९५९ | ७४३९ | ० | २७६७ | ९६३१ | ० | ० |
| २०८५/८६ | १२८७४ | ५१५० | ७७२४ | ० | २८०९ | १००६५ | ० | ० |

**कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा | हालसम्मको प्रगति स्थिति |
|---|---|---|---|---|---|---|
| १. | सामाजिक सुरक्षा एवं पञ्जीकरण कार्यक्रम | सामाजिक सुरक्षामा आवद्ध सम्पूर्ण लाभग्राहीको जीवनयापनमा सहजता ल्याउनु | सालबसाली | ३७७०५ | ३५ दिन भित्र व्यक्तिगत घटना दर्ता गर्ने व्यक्तिको सङ्ख्या सत प्रतिशत पुगेको हुने | सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभ ग्राहीहरूको खातामा ङ्करूछ मार्फत जम्मा भई सामाजिक सुरक्षा भत्ता वितरण भएको |

**जोखिम पक्ष र अनुमान**

सामाजिक सुरक्षा तथा संरक्षणको लागि सूचना व्यवस्थापन प्रणालीमा आधारित लगत लक्षित वर्ग पहिचान, अद्यावधीकरण, कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनेछ। सो व्यवस्था हुन नसकेमा कार्यक्रमबाट वास्तविक लक्षित वर्गले सामाजिक सुरक्षा र संरक्षणको अधिकारको उपयोग गर्न नसक्ने जोखिम हुन सक्छ।

## ४.६. युवा तथा खेलकुद

**पृष्ठभूमी**

नेपालको संविधान, २०७२ अनुसार युवाहरूको व्यक्तित्व विकास गर्ने र राज्यका सर्वाङ्गीण विकासमा युवाहरूलाई उपयुक्त अवसरहरू प्रदान गर्ने नीति अवलम्बन गरेको छ। राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने, राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारहरूको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने, युवाको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रहरूमा विशेष अवसर प्रदान गर्ने नीति पनि राज्यले ग्रहण गरेको छ। त्यसैगरी खेलकुद मार्फत स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्ने, खेलकुद र खेलाडीमा योजनाबद्ध लगानी गर्ने, खेलकुदलाई राष्ट्रिय एकता रूपमा सुदृढ गर्ने, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने नीति पनि राज्यबाट अवलम्बन भएको छ भने स्थानीय स्तरका खेलकुदका पूर्वाधार निर्माण गर्ने, सञ्चालन, विकास एवम् प्रवर्धन गर्ने, खेलकुद प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

**समस्या र चुनौती**

नगरपालिका क्षेत्रमा युवा पलायन, युवा रोजगारी तथा उद्यम सिर्जना हुन नसक्नु समस्याका रूपमा रहेका छन्। विभिन्न तहका सरकारबिच युवा तथा खेलकुद सम्बन्धी योजना कार्यान्वयनको कमी, खेल मैदान लगायतका खेल पूर्वाधारको विकास पर्याप्त नहुनु, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, दुर्व्यसन र वैदेशिक रोजगारीमा आकर्षण, स्तरीय खेल प्रशिक्षणमा कमी, खेलमा व्यावसायिकताको कमी र खेलाडीको भविष्यको अनिश्चितता प्रमुख समस्याको रूपमा रहेका छन्।

**सोच**

"व्यावसायिक तथा स्वरोजगार युवा मार्फत सर्वाङ्गीण विकास"

**उद्देश्य**

(१) युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु।
(२) नगरपालिकालाई दक्ष प्राविधिक शिक्षा तर्फ आकर्षण गर्नु।

**रणनीति**

(१) युवाहरूलाई नवीनतम र सिर्जनात्मक गतिविधिहरूमा अद्यावधिक बनाई राख्ने।
(२) खेल लगायत बौद्धिक क्रियाकलापमा युवाहरूलाई सहभागी गराउनु।
(३) युवाहरूमा सृजनशीलता, उद्यमशीलता र नेतृत्व विकासकालागि नियमित कार्यक्रम सञ्चालन गर्ने।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४१: युवा तथा खेलकुद क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचकहरू | इकाई | ८१/८२ सम्म को वास्तविक | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| रङ्गशाला निर्माण | सङ्ख्या | ० | ० | ० | १ | १ |
| खेलकुद पूर्वाधार निर्माण, स्तरोन्नति तथा विकास सङ्ख्या | सङ्ख्या | ६ | ६ | ८ | १० | १२ |
| उद्यमशीलता तथा स्वरोजगार युवा | प्रतिशत | ३ | ३ | ४ | ५ | ६ |
| अन्त/राष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | जना | ३९ | ३९ | ३९ | ३९ | ३९ |

**विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४२: युवा तथा खेलकुद क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तिय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १०२५७ | ३०७७ | ७१८० | ० | १३७३ | ३९९७ | ४८८७ | ० |
| २०८४/८५ | १०३३२ | ३१०० | ७२३२ | ० | १३८३ | ३९९३ | ४९५६ | ० |
| २०८५/८६ | १०७२८ | ३२१९ | ७५१० | ० | १४०५ | ४२९६ | ५०२७ | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४३: युवा तथा खेलकुद विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खेलकुद मैदान तथा पूर्वाधार निर्माण | नगरपालिका स्तरीय खेलकुद पूर्वाधार निर्माण गर्नु | सालबसाली | १२०८७ | १ सुविधा सम्पन्न रङ्गशाला निर्माण हुने र पालिका तथा वडा स्तरका खेल पूर्वाधार निर्माण हुने |
| २ | खेलकुद प्रवर्द्धन कार्यक्रम | खेलकुदको गुणस्तर तथा खेलाडीमा व्यावसायिकता अभिवृद्धि गर्नु। | सालबसाली | १५००० | प्रत्येक वडामा खेलमैदान स्तरोन्नति भई वार्षिक रूपमा खेल प्रशिक्षणमा सहभागी हुने खेलाडी सङ्ख्या १०० भएको हुने। |
| ३ | युवा उद्यमशीलता तथा सृजनशीलता प्रवर्द्धन कार्यक्रम | युवाहरूमा स्वरोजगारीका अवसर वृद्धि गर्नु। | सालबसाली | ४२३० | वार्षिक रूपमा स्वरोजगार मूलक तालिममा सहभागी हुने युवा सङ्ख्या र व्यवसाय सञ्चालन सहयोग प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने युवा सङ्ख्या ५० पुगेको हुने। |

## जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था भई यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुन सक्छ। गुणस्तरीय खेलमैदान स्तरोन्नति, नगरपालिका स्तरीय तथा अन्तरपालिकास्तरीय खेलकुद प्रतियोगिता आयोजना, खेल प्रशिक्षण, खेलाडी प्रोत्साहन तथा सम्मान, खेल पोसाक तथा सामग्री वितरण, युवा तथा खेलकुद समिति गठन गरी प्रभावकारी रूपमा अगाडी बढ्न सकेमा युवाहरूको चौतर्फी विकासमा सहयोग पुग्ने अनुमान समेत गरिएको छ।

# परिच्छेद पाँचः पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा सार्वजनिक निर्माण, सडक, पुल तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका विषय क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ। नगरपालिकाले अहिले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउन जोड दिएको छ। सबै स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य निर्माणको कार्यलाई प्राथमिकतामा राखी पूर्वाधारलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्धता गराउन खोजेको छ।

## ५.१. आवास, भवन, वस्ती सार्वजनिक निर्माण

### पृष्ठभूमी

संविधानमा आवासलाई मौलिक हकको रूपमा लिइएको छ। अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने, योजनाबद्ध रूपमा विकास गर्ने नीति नेपाल सरकारले अङ्गीकार गरेको छ भने १५औं राष्ट्रिय योजनाले आन्तरिक एवम् अन्तर्देशीय अन्तर आबद्धता वृद्धि गर्ने र दिगो सहरी तथा बस्ती विकास गर्नेलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अङ्गीकार गरेको छ। १५औं योजनामा आधुनिक, दिगो, व्यवस्थित सहर, आवास र बस्ती विकासलाई रूपान्तरणका प्रमुख संवाहकको रूपमा ग्रहण गरिएको छ भने बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशील, एवम् सांस्कृतिक तथा पुरातात्त्विक महत्त्व कायम हुने गरी सुरम्य सहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशीलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन सहर, नयाँ सहर र सहरी कोरिडोरको व्यवस्थित ढङ्गबाट विकास गर्ने परिकल्पना गरिएको छ। त्यसैगरी अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने,व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, सङ्घ र प्रदेशको मापदण्डको अधीनमा रही एकीकृत बस्ती विकासका लागि जग्गा एकीकरण गर्ने, जग्गा विकास एवम् व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### समस्या तथा चुनौती

नगरपालिकाका वस्तिहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका वस्तिहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत वस्ति विकास कार्यक्रम सञ्चालनमा नहुनु जस्ता समस्या विद्यमान रहेका छन्। विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू अपर्याप्त छन्। सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ। अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति

नगरपालिकामा क्रियाशील नहुनाले पनि निजी आवासहरू सुरक्षित नहुने सम्भावना रहेको देखिन्छ। यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चटयाङ्गको प्रकोप पनि दिनानुदिन बढ्दै गइरहेको छ।

## सोच

"भू-उपयोग योजना सहितको दिगो पूर्वाधार, नगरवासीको जीवनस्तरमा सुधार"

## उद्देश्य

(१) विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु।
(२) ढल, नाली तथा सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्नु।

## रणनीति

(१) भू-उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्नु।
(२) व्यावसायिक तथा आवासीय भौतिक संरचना र पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन गर्नु।
(३) भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुऱ्याइ बस्ती विकासको सहज वातावरण तयार गर्नु।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४४: बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माणको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण आवास घर | प्रतिशत | ८० | ८५ | १०० | १०० | १०० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | सङ्ख्या | ४० | ४५ | ५० | ५३ | ५५ |
| चटयाङ रहित घर निर्माण | प्रतिशत | ० | २ | ५ | १० | १५ |
| लैङ्गिक मैत्री तथा अपाङ्गमैत्री सार्वजनिक भवन | सङ्ख्या | ४० | ४५ | ५० | ५३ | ५५ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४५: आवास तथा भवन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३७८११ | १५१२ | ३६२९९ | ० | ५४९२ | २०१०१ | १२२१८ | ० |
| २०८४/८५ | ३६१६१ | १४४६ | ३४७१५ | ० | ५५३४ | १८२३९ | १२३८९ | ० |
| २०८५/८६ | ३७५५० | १५०२ | ३६०४८ | ० | ५६१९ | १९३६२ | १२५६९ | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४६: आवास तथा भवन विकास कार्यक्रम

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भवन, आवास, बस्ती विकास, स्तरोन्नति र मर्मतसंभार कार्यक्रम | सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चित गर्नु | २०८३/८४ देखि २०८५/८६ | १११५२२ | सुरक्षित आवास निर्माण हुनेछ |

## जोखिम पक्ष तथा अनुमान

नगरपालिकामा भूमिको वर्गीकरण सहित भू उपयोग योजना र आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्ड तर्जुमा भई सोको परिपालनामा अभिवृद्धि हुनेछ। आवास, बस्ती विकास तथा सहरीकरणका कारण पोहोर मैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदूषणमा वृद्धि हुने जोखिम हुन सक्छ। व्यवस्थित आवास, बस्ती विकास तथा सहरीकरण प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ।

## ५.२. सडक, पुल तथा यातायात

### पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने नीति राज्यले अवलम्बन गरेको छ। यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल, पुलेसाहरूको मर्मत सम्भार एवम् स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडा दर निर्धारण एवम् नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ।

### समस्या तथा चुनौति

नगरपालिकाको प्रमुख समस्या भनेको विगतमा विना इन्जिनियरिङ ट्र्याक नमिलाईकन खनिएका ग्रामीण सडकहरू जुन छोटा र सहज पहुँच पुग्ने प्रकृतिका छैनन्। यी सडकहरूमा यात्रा गर्दा समय बढी लाग्ने, घुमाउरो अनि इन्धन बढी खाने सडकहरू हुन्। अहिले यिनै सडकहरूको स्तर उन्नति गर्दा झनै बढी लागत लाग्नुका साथै ट्राफिक मापदण्ड कायम गर्न पनि कठिनाइ हुने देखिएका छन्। मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नू, आदि लाई यहाँका समस्याका रूपमा लिन सकिन्छ। सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु पनि समस्याहरू हुन्। साँघुरो सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नू, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु आदिलाई पनि समस्याका रूपमा उल्लेख गर्न सकिन्छ। बाटोको सुविधा भए तापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षा याममा यातायात आवागमनमा समस्या हुने गरेको छ। केही कच्ची सडकमा नियमित रूपमा यातायातका साधन चलाउन सकिने अवस्था छैन।

### सोच

"वातावरणमैत्री र दिगो सडक पूर्वाधार, गुणस्तरीय सञ्जाल"

### उद्देश्य

(१) सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आबद्धता बढाउनु।
(२) यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु।

## रणनीति

(१) पूर्वाधार निर्माणका लागि प्रदेश, सङ्घ तथा विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्ने।

(२) छिमेकी स्थानीय सरकारहरूसँग सहकार्य गर्ने।

(३) वातावरणमैत्री दिगो यातायात प्रणालीको विकास गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४७: सडक, पुल तथा यातायातको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| नगरपालिका केन्द्रमा पुग्न लाग्ने औसत समय | मिनेट | ६० | ५५ | ५० | ४५ | ४० |
| नियमित यातायात सञ्चालन हुने रुट | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ |
| पक्की सडक | कि.मि. | २ | ५ | १० | १५ | २० |
| ग्राभेल सडक | कि.मि. | १५ | २० | ४० | ६० | ८० |
| पक्की पुल | संख्या | ० | ० | २ | ५ | ७ |
| नियमित मर्मत सम्भार हुने सडकको लम्बाई | कि.मि. | ३० | ४० | ५० | ८० | १०० |
| वायोइञ्जिनिरिङ्ग प्रविधि प्रयोग पूर्वाधारको लम्बाई | कि.मि. | ० | ० | १० | २० | ३० |
| कुल सडक लम्बाई | कि.मि. | ३७० | ३७५ | ३८० | ३८५ | ३९० |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ४८: सडक, पुल तथा यातयात क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ८५३६२ | ३४१४ | ८१९४८ | ० | ७७४३३ | १५७५ | ६३५३ | ० |
| २०८४/८५ | ८२६५४ | ३३०६ | ७९३४८ | ० | ७२३१८ | ३८९४ | ६४४२ | ० |
| २०८५/८६ | ८५८२८ | ३४३३ | ८२३९४ | ० | ६९२७६ | १००१६ | ६५३६ | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

तालिका ४९: सडक पुल तथा यातयात विकास कार्यक्रम

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सडक सौन्दर्यीकरण तथा सुरक्षा कार्यक्रम | सडक सुरक्षा सुधार गर्ने | सालवासाली | ८२६१ | कम्तीमा ५ कि.मि सडक सौन्दरिकरण हुने |
| ४ | सडक निर्माण स्तरोन्नति र मर्मत सम्भार सालबसाली कार्यक्रम | जनसमुदायको आर्थिक तथा सामाजिक सेवा सुविधामा पहुँच बढाउनु | सालबसाली | २४५५८३ | वार्षिक ५ कि.मि सडक कालोपत्रे हुने |

## जोखिम पक्ष तथा अनुमान

तीन तहको सरकारबिच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ। नगरपालिकाले रूपान्तरणकारी तथा विस्तृत आयोजना प्रस्ताव तयार भएका, कर्मागत, वह वर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन भएको हुनेछ। सडक पूर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत सम्भाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ।

## ५.३. जलस्रोत, विद्युत तथा उर्जा

## पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपाल संविधान, २०७२ मा राखिएको छ । त्यसै गरी स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवम् नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवम् प्रवर्धन गर्ने, साना जलविद्युत् आयोजनाको (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्बन्धीको नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

## समस्या तथा चुनौती

सबै घरधुरीमा विद्युत् सेवा जडान गर्नु, न्यून सङ्ख्यामा विद्युत् ट्रान्स मिटर र कमजोरका कारण विद्युत् सेवा समय समयमा अवरुद्ध, सार्वजनिक स्थल एवं सडक क्षेत्रमा बत्तीहरू नहुँदा रातमा असुरक्षा बढ्दो, वैकल्पिक खास गरी सौर्य ऊर्जा सदुपयोगमा कमी, खाना पकाउने एलपि ग्याँसमा न्यूनीकरण गर्नु, विद्युतीय चुल्होहरूलाई

प्रवर्द्धन गर्नु, स्थानीय स्तरमा विद्युत् खपतमा वृद्धि ल्याउनु, सौर्य ऊर्जालाई भरपर्दो वैकल्पिक ऊर्जाको रूपमा स्थापित गर्नु आदि नगरपालिकामा विद्यमान ऊर्जा विकासका समस्या तथा चुनौतीहरू हुन्।

### सोच

"भरपर्दो र स्वस्थ ऊर्जाको उपलब्धता र व्यावसायिक उपयोग"

### उद्देश्य

(१) विद्युत् आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत् खपतमा वृद्धि ल्याउनु।
(२) वैकल्पिक ऊर्जाको प्रयोगबाट विद्युतीकरणमा वृद्धि ल्याउनु।

### रणनीति

(१) विद्युत् सञ्जालको नियमित मर्मत सम्भार र संरक्षण गर्नू।
(२) विद्युत् खपत तथा व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु।
(३) हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धन माथिको निर्भरता कम गर्ने।

### नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ५०: जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८४/८५ |
| विद्युतमा पहुँच भएका जनसङ्ख्याको अनुपात | प्रतिशत | ९५ | ९७ | ९८ | ९९ | १०० |
| खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइँठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार | प्रतिशत | ८० | ७५ | ७० | ६५ | ६० |
| खाना पकाउन र कोठा तातो राख्नका लागि एलपी ग्याँस प्रयोग गर्ने जनसङ्ख्या | प्रतिशत | २० | २५ | ३० | २५ | ४० |
| खाना पकाउन विद्युतको उपयोग गर्ने जनसंख्या | प्रतिशत | ० | ० | ५ | १० | १५ |
| सोलार उपयोग गर्ने परिवार | प्रतिशत | ५ | ५ | ६ | ७ | ७ |

### विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा ऊर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ।

तालिका ५१: विद्युत तथा उर्जा क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| . | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ६०० | २४ | ५७६ | ० | ० | ६०० | ० | ० |
| २०८४/८५ | ५१७ | २१ | ४९६ | ० | ० | ५१७ | ० | ० |
| २०८५/८६ | ५३६ | २१ | ५१५ | ० | ० | ५३६ | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

तालिका ५२: विद्युत् तथा ऊर्जा विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत् उत्पादन तथा उपयोग कार्यक्रम | विद्युत्को उपभोगमा वृद्धि गर्नु | सालबसाली | ९०० | १०० प्रतिशत घरपरिवारमा केन्द्रीय विद्युत् प्रसारण प्रणालीबाट स्थानीय स्तरमा विद्युत् सुविधा उपलब्ध तथा विस्तार हुने |
| २ | वैकल्पिक तथा स्वच्छ ऊर्जा प्रवर्द्धन कार्यक्रम | स्वच्छ ऊर्जाको उपयोगमा वृद्धि गर्नु | सालबसाली | ७५३ | ७ प्रतिशत घरपरिवार लाभान्वित हुने |

## जोखिम पक्ष तथा अनुमान

विद्युत्को भरपर्दो सुविधा विस्तार तथा स्तरोन्नति भई विद्युत् तथा स्वच्छ ऊर्जाको उपलब्धता र उपयोग सहज भएको हुनेछ। जलश्रोत तथा जलाधार क्षेत्रको संरक्षणमा अन्तर सरकार सहकार्य तथा समुदाय स्तरको जागरूकतामा अभिवृद्धि भएको हुनेछ। उपरोक्त परिवेश तयार हुन नसकेमा अपेक्षित उपलब्धि हासिल हुनमा जोखिम रहन सक्छ।

# ५.४. सूचना तथा सञ्चार

## पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्धन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ।

त्यसैगरी एफ.एम रेडियो (१०० वाटसम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आबद्ध गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवम् प्रवर्धन गर्ने र सङ्घ प्रदेशको कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेण्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### समस्या तथा चुनौती

भौगोलिक विकटताका कारण सबै स्थानीय तहसम्म गुणस्तरीय इन्टरनेट सेवा र अन्य सञ्चारका माध्यमको उपलब्धता गर्न नसक्नु र उपलब्ध सञ्चार माध्यमहरू समेत बजार केन्द्रित हुनु, सबै क्षेत्रमा कम्प्युटर तथा इन्टरनेटको व्यवस्था अपर्याप्त हुनु, NTC, Ncell को टावरहरू पर्याप्त र भरपर्दो नहुनु, सूचना तथा सञ्चारको पोल तथा तारहरू अव्यवस्थित हुनु, सामाजिक सञ्जालको प्रयोग बढेसँगै यसको दुरुपयोग बढ्दै जानु, सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट रोजगारी सिर्जना गर्न नसक्नु, नगर कार्यपालिका र वडा कार्यालयहरूमा इन्टरनेटको क्षमता कमजोर रहनु, विद्यालय, स्वास्थ्य संस्था र अन्य सामाजिक सङ्घसंस्थामा इन्टरनेट पूर्वाधारको पहुँच नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन्।

शासन सञ्चालन तथा सेवा प्रवाहमा सञ्चार र प्रविधिका माध्यमको अधिकतम उपयोग नहुनु, इन्टरनेट सेवा प्रदायक संस्थाहरूको सङ्ख्या वृद्धि हुँदै जाँदा सूचना प्रविधिको विकास र साइबर सुरक्षाको लागि पर्याप्त व्यवस्था हुन नसक्नु, सूचना, सञ्चार तथा प्रविधि विकास सम्बन्धी तालिम प्राप्त जनशक्ति न्यून हुनु, परम्परागत हुलाक सेवालाई विविधीकरण गर्न नसक्नु, दूरसञ्चार सेवामा सबै नागरिकको पहुँच नपुग्न तथा सेवाको गुणस्तर न्यून हुनु यस क्षेत्रका सवाल तथा चुनौतीहरू हुन्।

### सोच

"गुणस्तरीय सूचना तथा सञ्चारः प्रविधिमैत्री नगर निर्माणको आधार"

### उद्देश्य

(१) सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु।
(२) सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु।

### रणनीति

(१) नगरपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने,
(२) नगरपालिकाको सूचना सार्वजनिकीकरण, आर्थिक गतिविधि र बोलपत्र आव्हानमा आधुनिक सञ्चार प्रविधि प्रयोग जोड दिने,
(३) युवा लक्षित सूचना प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवर्द्धन गरी गुणस्तरीय रोजगारीको वृद्धि गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

विगतका योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ५३: सूचना तथा संचार क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८२/८३ | ८३/८४ | ८४/८५ |
| कम्प्युटर, इन्टरनेट लगायत सूचना प्रविधिमा पहुँच भएका जनसङ्ख्या | प्रतिशत | ६६ | ६८ | ७० | ७३ | ७५ |
| सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली | सङ्ख्या | ९ | १० | १२ | १४ | १५ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | सङ्ख्या | ५० | ५८ | ६२ | ६६ | ७० |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | २० | २२ | २५ | २८ | ३२ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ५४: सूचना तथा सञ्चार क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ३५० | १४ | ३३६ | ० | ० | ३५० | ० | ० |
| २०८४/८५ | ५१७ | २१ | ४९६ | ० | ० | ५१७ | ० | ० |
| २०८५/८६ | ५३६ | २१ | ५१५ | ० | ० | ५३६ | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ।

तालिका ५५:सूचना तथा सञ्चार विकास कार्यक्रम

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | सञ्चारको पहुँच विस्तार गर्नु | २०८३/८४ देखि २०८५/८६ | १४०३ | विद्युत् सेवा सबै घरमा पुगेको हुनेछ |

**जोखिम पक्ष तथा अनुमान**

सूचना प्रविधिको उपयोग वृद्धि भई स्थानीय शासन सञ्चालन, सेवा प्रवाह तथा विकास उपलब्धि मापन थप प्रभावकारी हुनेछ। प्रविधि खर्चिलो र दक्ष मानवीय स्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सूचना तथा दस्ताबेजहरू असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

# परिच्छेद ६: वन वातावरण तथा विपद् व्यवस्थापन

स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रमुख क्षेत्रका रूपमा वन तथा जैविक विविधता, भू तथा जलाधार व्यवस्थापन, वातावरण तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रहेका छन्। उपरोक्त प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था, समस्या तथा चुनौतीहरूको विश्लेषण गरी आगामी ३ वर्षका लागि लक्ष्य, उद्देश्य एवम् लक्ष्य परिमाण निर्धारण गरिएको छ र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा कार्यनीति एवम् प्रमुख कार्यक्रमहरूको तर्जुमा भएका छन्।

## ६.१. वन तथा जैविक विविधता

**पृष्ठभूमि**

नेपालको संविधान, २०७२ अनुसार वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने, प्रकृति, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरण प्रभाव निर्मूल पार्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति राज्यले ग्रहण गरेको छ। त्यसै गरी सङ्घ तथा प्रदेशको कानुनको अधीनमा रही स्थानीय स्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कबुलियती, साझेदारी वनको संरक्षण, संवर्धन, उपयोग गर्ने, वन टोल विकास समूहको व्यवस्थापन गर्ने, वन प्रवर्धन गर्ने, सार्वजनिक खाली जग्गा पाखा वा क्षेत्रहरूमा वृक्षारोपण गर्ने, सम्भार, उपयोग, व्यवस्थापन गर्ने, नदी किनार तथा उकासमा, नहर तथा सडक किनारमा वृक्षारोपण गर्ने, जडीबुटी तथा गैर काष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण गर्ने, उत्पादन, सङ्कलन, प्रवर्धन, प्रशोधन, बजार व्यवस्थापन गर्ने, वन बिउँ बगैंचा स्थापना, व्यवस्थापन तथा प्रवर्धन गर्ने, नर्सरी स्थापना गर्ने, बिरुवा उत्पादन, वितरण, रोपण तथा प्रवर्धन गर्ने, वन्यजन्तु एवम् चराचुरुङ्गीको अभिलेखन, संरक्षण, व्यावसायिक पालन, उपयोग, अनुगमन गर्ने, मानव तथा वन्यजन्तुबिचको द्वन्द्व व्यवस्थापन गर्ने, वन्यजन्तु पर्यटन तथा आयआर्जन गर्ने,

आखेटोपहारको व्यवस्थापन गर्ने, रैथाने प्रजातिको संरक्षण तथा प्रवर्धन गर्ने एवम् मिचाहा प्रजातिको नियन्त्रण गर्ने, जैविक विविधताको अभिलेखीकरण र हरियाली प्रवर्धन गर्ने जस्ता कार्यहरू स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

## समस्या तथा चूनौति

वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नि रेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन्। वृक्षारोपण, वन नर्सरी, जडीबुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन। वन्यजन्तुहरू खास गरी बाँदरबाट खेतीपाती एवं बालीनालीहरू क्षति हुने गरेको छ। सडकको दायाँ बायाँ किनारमा वृक्षारोपण गर्न बाँकी छ। ग्रामीण सडकहरू समेत बायो-इन्जिनियरिङ प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन। कतिपय खोलानालामा माछा मार्न विषको अत्यधिक प्रयोग हुने गरेकाले जल प्रदूषण बढ्दो समस्याको रूपमा रहेको छ।

## सोच

"दिक्तेल रुपाकोट मझुवागढीको पानी, माटो र वनः सहज र दिगो जीविकोपार्जन"

## उद्देश्य

(१) जैविक विविधता तथा वन्य जीवजन्तुहरूको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु।

(२) वन क्षेत्रको विस्तार गर्दै बहुमूल्य जडीबुटीहरूको व्यावसायिक खेतीलाई आयआर्जनको मुख्य श्रोतको रूपमा विकास गर्नु।

## रणनीति

(१) वातावरणलाई संरक्षणकालागि पोखरी तथा प्राकृतिक श्रोतलाई उत्पादनमुखी व्यवस्थापनमा रूपान्तरण गर्ने।

(२) वन, वृक्षरोपण र वागवानीमा वृद्धि गर्दै उद्यमशीलता र रोजगारी वृद्धि गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

वार्षिक नीति तथा योजनाका आधारमा वन तथा जैविक विविधता कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य तय गरिएको छ।

तालिका ५६: वन तथा जैविक विविधता क्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| वनले ढाकेको वा हरियाली क्षेत्र | हेक्टर | ६७९१ | ६७९३ | ६७९५ | ६७९७ | ६८०० |
| जडीबुटी कर वा वन पैदावारको विक्रीबाट प्राप्त आय | रु.हजारमा | २३५० | २४०० | २५०० | २७००. | ३०००. |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नियमित रूपमा वन कार्य योजना तयार गर्ने, पूर्णरुपमा कार्यान्वयन गर्ने र नगरपालिकासँग नियमित समन्वयमा रहेका सामुदायिक वन उपभोक्ता समिति | सङ्ख्या | ७५ | ७५ | ७६ | ७७ | ७८ |
| पार्क तथा उद्यान | सङ्ख्या | १ | २ | ३ | ४ | ५ |
| संरक्षित तालतलैया तथा पोखरी | सङ्ख्या | २ | २ | ३ | ३ | ३ |
| वन, सडक किनारा संवेदनशील क्षेत्रमा वृक्षारोपण | सङ्ख्या | १००० | ७५० | १००० | १२०० | १५०० |
| वन हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण क्षेत्रमा नगरपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ०.११ | ०.०२३ | ०.२६ | ०.२७ | ०.२० |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन जैविक विविधता उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ५७: वन तथा जैविक विविधता क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८४/८५ | २०६६ | २०७ | १८६० | ० | ० | २०६६ | ० | ० |
| २०८५/८६ | २१४६ | २१५ | १९३१ | ० | ० | २१४६ | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ५८: वन तथा जैविक विविधता कार्यक्रम

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन, हरियाली, भूसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | २०८३/८४ देखि २०८५/८६ | ४२१२ | जैविक विविधताको दिगो संरक्षण एवम् संवर्द्धन भएको हुने। |

**जोखिम पक्ष तथा अनुमान**

सार्वजनिक निजी साझेदारीमा ग्रामीण क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा व्यावसायिक बागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत वृद्धि गर्न सकिनेछ। सार्वजनिक स्थलमा गरिएका वृक्षारोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवर्द्धन हुन नसके अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ।

## ६.२. वातावरण तथा फोहोरमैला व्यवस्थापन

**पृष्ठभूमि**

नेपाल संविधान, २०७२ अनुसार राज्यले जल उत्पन्न प्रकोप नियन्त्रण गर्ने, नदीको व्यवस्थापन गर्ने, जलस्रोतको वहुउपयोगी विकास गर्ने नीति अङ्गीकार गरेको छ। त्यसैगरी जलाधार संरक्षण, पानी मुहानहरूको संरक्षण गर्ने, ढुङ्गे धारा, कुवा, सिमसार, नदी किनार र उकास क्षेत्र लगायतका भू तथा जलाधार क्षेत्रको संरक्षण गर्ने जिम्मेवारीहरू स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखिएको छ।

यस नगरपालिका बासीले हाल सम्म घरबाट निस्कने फोहोर मैला आफ्नै तरिकाले विसर्जन गर्ने गरेका छन्। नगरपालिकाका सबै ग्रामीण क्षेत्रमा स्थानीय स्तर मै फोहोर मैला व्यवस्थापनको अभ्यास रहेको छ। नगरपालिकाले सरसफाइ तथा फोहर मैला व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ तर्जुमा गरी कार्यान्वयन सुरु गरेको छ।

**समस्या तथा चुनौती**

नगरपालिकाका लागि ठुलो समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको सङ्ख्या बढ्दै जानु र ल्यान्ड फिल्ड साइटको व्यवस्था गर्न नसक्नु हो। यस्तो अवस्थामा दैनिक विसर्जन हुने फोहोरमैलाको स्थानीय समुदायको सहमतिमा वैकल्पिक साइटको विकास र दिगो सञ्चालन मुख्य चुनौतीका रूपमा देखिएको छ। स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढवा दिएर ल्यान्ड फिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसरसँगै चुनौती पनि थपिएको छ।

**सोच**

"स्वच्छ सुन्दर सफा दिक्तेल रुमवासी, फोहोरको वैज्ञानिक व्यवस्थापन हाम्रो अभियान"

**लक्ष्य र उद्देश्य**

(१) फोहरमैला व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु।

(२) फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु।

(३) बाढी पहिरोबाट हुने क्षतिमा न्यूनीकरण ल्याउँदै भूक्षयलाई रोकथाम तथा नियन्त्रण गर्नु।

## रणनीति

(१) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि अद्यावधिक गर्ने र कार्यान्वयन गर्ने।

(२) आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागी गराउने।

(३) फोहोरमैला प्रशोधन र पुनः प्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

(४) बाढी पहिरो तथा भू-क्षय नियन्त्रण तथा रोकथाम गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

दीर्घकालीन नीति तथा योजनाका आधारमा तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

**तालिका ५९: वातावरण तथा फोहोरमैला व्यवस्थापनको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक | इकाई | ०८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| पूर्ण स्वच्छता र सरसफाइ कार्यान्वयन गर्ने बस्ती/टोल | सङ्ख्या | १५ | १५ | २० | २५ | ३० |
| सफा चर्पीको प्रयोग गर्ने परिवार | प्रतिशत | ९८.०० | ९८.१० | ९९ | १०० | १०० |
| फोहर वर्गीकरण र व्यवस्थापनको अभ्यास गर्ने परिवार | सङ्ख्या | १००० | १००० | १२०० | १३०० | १४०० |
| सार्वजनिक शौचालय | सङ्ख्या | ४ | ४ | ५ | ५ | ५ |
| प्लास्टिकजन्य फोहरमा आएको कमी | प्रतिशत | ० | ५ | १० | १५ | २० |
| कानुन अनुसार वातावरणीय अध्ययन भई कार्यान्वयन हुने आयोजना (वार्षिक) | सङ्ख्या | ० | ० | १ | २ | ३ |
| वातावरण तथा फोहोरमैला व्यवस्था क्षेत्रमा नगरपालिकाको वार्षिक बजेटको अंश | प्रतिशत | ०.१९ | ०.२६ | ०.३५ | ०.४० | ०.४५ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वातावरण तथा फोहरमैला व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहाय अनुसार प्रस्तुत गरिएको छ।

**तालिका ६०: वातावरण तथा फोहोरमैला व्यवस्थापनको क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान**

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २०८४/८५ | ५१६६ | ५१७ | ४६४९ | ० | १३८३ | ३७८३ | ० | ० |
| २०८५/८६ | ५३६४ | ५३६ | ४८२८ | ० | १४०५ | ३९६० | ० | ० |

### कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६१:वातावरण तथा फोहरमैला व्यवस्थापन कार्यक्रम

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | लागत (रु. हजारमा) | अपेक्षित नतिजा | हालसम्मको प्रगति स्थिति |
|---|---|---|---|---|---|---|
| १ | वातावरण व्यवस्थापन कार्यक्रम | उत्सर्जन घटाउनु तथा वातावरण स्वच्छता कायम गर्नु | सालबससाली | ४५०० | वातावरण संरक्षण सम्बन्धी सूचक पुरा भई वातावरणमैत्री नगरपालिका घोषणा हुने | वातावरणमैत्री स्थानीय शासनको अभ्यास थालनी भएको |
| २ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्यद्वारा फोहोरमैलाको विसर्जन न्यूनीकरण गर्नु | सालबससाली | ६०३० | ४० प्रतिशत घरपरिवारले स्रोतमै फोहोरको वर्गीकरण, पुनःप्रयोग, मल बनाउने कार्यद्वारा फोहोरमैलाको व्यवस्थापन प्रभावकारी भएको हुने | वातावरण शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन भएको |

### जोखिम पक्ष तथा अनुमान

वातावरण तथा फोहोर व्यवस्थापनमा तीनै तहका सरकार, समुदाय तथा नागरिक समाजको सहकार्य साझेदारी बढोत्तरी हुनेछ। वायोइञ्जिनियरिङ तथा वृक्षारोपणमा समुदायको सहभागिता अभिवृद्धि गरिनेछ। उल्लेखित परिस्थिति निर्माण हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन कठिन हुन सक्छ।

## ६.३. विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना एवम् तयारी गर्ने, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अङ्गीकार गरेको छ। विपद् पूर्व, सो पश्चात् र विपद्को समयमा स्थानीय तहले निभाउनु पर्ने, विपद् तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवम् नियमन गर्ने, जोखिम बस्तीहरू पहिचान गर्ने, नक्साङ्कन गर्ने, बस्ती स्थानान्तरण गर्ने जस्ता जिम्मेवारीहरू पनि स्थानीय तहको क्षेत्राधिकारमा राखिएको छ।

### समस्या तथा चूनौति

भूमिको व्यवस्थित तथा वैज्ञानिक रूपमा उपयोग हुन नसक्दा विकासका प्रयासहरू दिगो नहुने जोखिम रहेको छ। विपद् प्रतिकार्यका लागि सामुदायिक तथा संस्थागत क्षमता कम हुनु नगरपालिकाको प्रमुख चुनौतीका रूपमा रहेको छ। नाङ्गा डाँडोहरूमा हुने भूस्खलन, विपद् पूर्व तयारी, न्यूनीकरण तथा प्रतिकार्यका लागि समुदाय स्तरमा ज्ञान, सीप र संयन्त्रको कमी रहेको छ। प्रमुख वस्तिहरूमा सामुदायिक आश्रय स्थलहरू

छैनन्। आपत्कालीन सेवाका लागि पर्याप्त एम्बुलेन्स सेवा तथा विपद् आइ पर्दा आवश्यक पर्ने न्यूनतम औषधी एवम् उपकरणहरूको व्यवस्था नहुनु, विपद् पूर्व सूचना प्रणालीको अभाव जस्ता समस्या तथा चुनौतीहरू रहेका छन्।

### सोच

"विपद् व्यवस्थापनमा सक्षम, र उत्थानशील दिक्तेल रुमवासी"

### उद्देश्य

(१) जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्बन गर्नु।

(२) नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु।

### रणनीति

(१) विपद् रोकथाम, पूर्व तयारी र द्रुत प्रतिकार्य मार्फत क्षति न्यूनीकरण गर्ने।

(२) स्थानीय विपद् तथा जलवायु अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापनको सबलीकरण गर्ने।

### नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

नगरपालिकाको नीति तथा योजनाका आधारमा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६२: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलव्धी | ८२/८३ सम्मको अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| विपद्बाट वार्षिक रूपमा हुने मानवीय क्षति | सङ्ख्या | २ | ० | ० | ० | ० |
| वार्षिक विपद्बाट प्रभावित हुने घरपरिवार | सङ्ख्या | १५०० | १२०० | १००० | ९०० | ८०० |
| विपद्बाट हुने वार्षिक क्षति | रू. हजारमा | १०००० | ९००० | ८००० | ७००० | ६००० |
| विपद् व्यवस्थापन कोषको वार्षिक रकम | रू. हजारमा | १३०० | ४५०० | ४००० | ४५०० | ५००० |
| विपद् उद्दार तथा प्रतिकार्य तालिम प्राप्त जनशक्तिको संख्या | जना | ० | ० | २५ | ३० | ५० |
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलन कार्यक्रम वार्षिक बजेटको अंश | प्रतिशत | ०.१२ | ०.०३ | ०.६७ | ०.७६ | ०.८० |
| नक्साङ्कन गरिएका जोखिम स्थल तथा सुरक्षित स्थानहरूको संख्या | सङ्ख्या | १७५ | १९० | २०० | २१० | २२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन न्यूनीकरण र अनुकलनसँग सम्बन्धित आयोजना र कार्य | सङ्ख्या | १ | १ | २ | ३ | ५ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६३: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १४९४ | १४९ | १३४५ | ० | १३७३ | १२१ | ० | ० |
| २०८४/८५ | २०६६ | २०७ | १८६० | ० | १३८३ | ६८३ | ० | ० |
| २०८५/८६ | २१४६ | २१५ | १९३१ | ० | १४०५ | ७४१ | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६४: विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलन कार्यक्रम

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम | विपद् जोखिम न्यूनीकरण, अल्पीकरण, पूर्व तयारी र प्रतिकार्य र पूनर्लभिलाई योजनबद्ध र प्रभावकारी बनाउनु। | सालबसाली | ४४६० | विपद्वाट हुने क्षतिमा १० प्रतिशतले कमी आउने। |
| २ | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रम | जलवायु परिवर्तको असर न्यूनीकरण, अनुकूलन र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | १२४६ | जलवायु परिवर्तन अनुकूलन योजना तर्जुमा भई लागु हुने |

## जोखिम पक्ष तथा अनुमान

नगरपालिकाले विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी आवश्यक मानवीय श्रोत परिचालन गरी विपद् न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ। मानवीय कारणले हुने विपद् बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ। बाढी र पहिरो लगायत प्रकोपबाट जुनसुकै बेला जस्तो सुकै विपद् पर्न सक्ने जोखिम रहन्छ।

# परिच्छेद सातः संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानुन, न्याय तथा सुशासन, सङ्गठन, मानव संसाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप—क्षेत्रहरूको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरू समावेश गरिएको छ।

## ७.१. नीति, कानुन, न्याय तथा सुशासन

### पृष्ठभूमि

नेपालको संविधान २०७२ अनुसार राज्यले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम बनाउने, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त बनाउने, जनउत्तरदायी र सहभागितामूलक बनाउने, राज्यबाट प्राप्त हुने सेवा सुविधामाथि जनताको समान र सहज पहुँच सुनिश्चित एवम् सुशासनको प्रत्याभूति गर्ने नीति अङ्गीकार गरेको छ। यसैगरी स्थानीय नीति तर्जुमा गर्ने, ऐन, कानुन, मापदण्डहरू निर्माण गर्ने, कार्यान्वयन गर्ने एवम् नियमन गर्ने र यसरी कानुनहरू निर्माण गर्दा सङ्घीय एवम् प्रादेशिक कानुनहरूको अधीनमा रही तर्जुमा गर्नुपर्ने जिम्मेवारीहरू पनि स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ।

### समस्या तथा चुनौती

नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाइहरूमा आवश्यकता र स्वीकृत दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूको पदपूर्ति न्यून रहेका कारण सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ भइरहेको छ। नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना भएता पनि सो अनुसार विकासको अग्रणी क्षेत्रहरू भू उपयोग रणनीति योजना, पर्यटन विकास, बस्ती तथा भौतिक विकासका योजनाहरू कार्यान्वयन नहुँदा ठोस तथा नतिजामुखी विकास हुन सकेको छैन भने नगरपालिकाका योजनाहरूको प्राथमिकता र आयोजना बैङ्क तयार नहुँदा वितरणमुखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुने गरेको छ।

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्व प्रशासन र स्रोत परिचालनसम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहेको छ। राजस्व तथा स्रोत परिचालनसम्बन्धी ऐन, कार्यविधि, कार्य प्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आयसम्बन्धी क्षेत्र पहिचान, सम्भाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन सकेको छैन।

सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बिच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेको छैन। उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी नगरपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न सकिएको छैन।

उद्योग तथा व्यवसाय विकास, पर्यटन पूर्वाधार, सेवा तथा सुविधा विकास र विस्तार, कृषि प्रसार, प्रविधि हस्तान्तरण, व्यावसायिक परामर्श सेवा, पूर्वाधार विकाससम्बन्धी अध्ययन, डिजाइन इष्टिमेट, प्राविधिक सुपरभिजन, सम्पन्न कार्य प्रगतिको अभिलेखन र प्रकाशन जस्ता व्यावसायिक कार्यहरूमा निजी, गैसस र विकास साझेदार लगायतका सेवा प्रदायक संस्था र निकायबाट सम्पादन गर्ने कार्यको व्यवस्थापन गर्न सकिएको छैन। निजी क्षेत्र र गैर सरकारी क्षेत्रसँगको साझेदारीलाई अपेक्षाकृत परिचालन गर्न सकिएको छैन।

**सोच**

"सबल र सक्षम प्रशासन, दिगो सुशासन"

**उद्देश्य**

सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु,

**रणनीति**

(१) सुशासन तथा नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही र प्रभावकारी बनाउने,
(२) नगरपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने,
(३) न्यायमा नागरिकको पहुँचका लागि चुस्त र स्तरीय न्यायिक सम्पादन गर्ने।

**नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानुन तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ।

तालिका ६५: नीति, कानुन, सुशासन तथा न्याय को नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| नीति, कानुन, निर्णय र सेवा प्रवाह सन्तुष्ट सेवाग्राही | प्रतिशत | ८० | ८३ | ८७ | ८८ | ९० |
| स्वीकृत नीति, कानसन र कार्यविधि तथा मापदण्ड | सङ्ख्या | ९७ | १०७ | ११७ | १३२ | १४६ |
| (१) नीति | विषय | ० | ० | २ | ५ | ७ |
| (२) ऐन | विषय | १४ | १६ | १४ | १६ | १८ |
| (३) नियम तथा विनियम | विषय | ६ | ६ | ७ | ८ | ९ |
| (४) कार्यविधि | विषय | ६३ | ७० | ७५ | ८० | ८५ |
| (५) निर्देशिका | विषय | ८ | ९ | १० | ११ | १२ |
| (६) मापदण्ड | विषय | ५ | ५ | ६ | ७ | ८ |
| (७) रणनीति | विषय | ० | ० | १ | २ | ३ |
| (८) आचारसंहिता | विषय | १ | १ | २ | ३ | ४ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | सङ्ख्या | १४ | १४ | १६ | १७ | १८ |

## विषय क्षेत्रगत स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानुन, सुशासन तथा न्याय उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६६: नीति, कानुन, सुशासन तथा न्याय क्षेत्रको स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | २२७० | २०४३ | २२७ | ० | २२७० | ० | ० | ० |
| २०८४/८५ | २५८३ | २३२५ | २५८ | ० | २५८३ | ० | ० | ० |
| २०८५/८६ | २६८२ | २४१४ | २६८ | ० | २६८२ | ० | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ।

तालिका ६७: नीति, कानुन, सुशासन तथा न्याय प्रवर्धन कार्यक्रम

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्द्धन गर्नु | २०८३/८४ देखि २०८५/८६ | ७५३५ | नगरपालिकाको सेवा प्रवाहमा सेवाग्राहीको सन्तुष्टि दर क्रमशः वृद्धि हुँदै जानेछ |

## जोखिम पक्ष तथा अनुमान

नेपालको संविधानले व्यवस्थाबमोजिम समन्वय, सहकार्य र साझेदारीको अवधारणा अनुसार सङ्घ, प्रदेश तथा स्थानीय तहबिच कार्य जिम्मेवारी थप स्पष्टता आउने र सोअनुसार नीति, कानुन तथा मापदण्ड तयार भई स्थानीय शासन, सेवा प्रवाह तथा विकास प्रक्रिया उपलब्धिमूलक तथा प्रभावकारी हुनेछ। उपरोक्तबमोजिम नीतिगत तथा कानुनी व्यवस्था र जिम्मेवारीमा स्पष्टता नभएमा स्थानीय शासन, प्रभावकारी सेवा प्रवाह तथा विकास उपलब्धिलाई नतिजामूलक, प्रभावकारी तथा पारदर्शी हुने जोखिम रहेको छ।

## ७.२. सङ्गठन, मानव संसाधन र सेवा प्रवाह

### पृष्ठभूमि

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४, करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७९ ले परिकल्पना गरे बमोजिम यस नगरपालिकामा हाल रहेका प्रशासन तथा अनुगमन शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, सूचना प्रविधि शाखा, रोजगार शाखा, स्वास्थ्य शाखा, आर्थिक प्रशासन शाखा, आन्तरिक लेखा परीक्षण एकाइ, पशुपन्छी विकास शाखा, कृषि विकास शाखा, योजना तथा अनुगमन शाखा,पञ्जीकरण शाखा, महिला बालबालिका तथा ज्येष्ठ नागरिक कल्याण शाखा, वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाईमा स्थायी र करार गरी कुल २१६ कर्मचारी कार्यरत रहेका छन्। सेवा प्रवाहका लागि ९७ विभिन्न आधारभूत नीति कानुन कार्यविधिहरू स्वीकृत भएका छन्।

### समस्या तथा चुनौती

स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिमको संरचना कार्यान्वयन नहुनु, दरबन्दी अनुसारको कर्मचारी नहुनु, कर्मचारीहरूमा जिम्मेवारी अनुसार दक्षता र अनुभव कमी हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको लागी विषयगत ज्ञान सिप दक्षता अभिवृद्धि सम्बन्धी तालिम कमी हुनु, सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून हुनु यस क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम दक्ष जनशक्तिको पूर्णता दिनु, बढ्दो जनअपेक्षा बमोजिम प्रविधिमैत्री सेवा प्रवाह प्रदान गर्नु, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहका अधिकार क्षेत्र भित्रका कार्य जिम्मेवारी कार्यान्वयन हुनु प्रमुख चुनौतीका विषयहरू हुन।

### सोच

"व्यावसायिक र सृजनशील प्रशासनः विकास, समृद्धि र प्रभावकारी सुशासन"

### उद्देश्य

सङ्गठन संरचना कार्यान्वयन, दक्ष जनशक्तिको विकास र गुणस्तरीय सेवा प्रवाहको अभिवृद्धि गर्नु,

### रणनीति

(१) नगर कार्यपालिका, न्यायिक समिति तथा वडा समितिको कार्यालयको सङ्गठन विकास, क्षमता विकास तथा कार्य जिम्मेवारी निर्धारण गर्ने,

(२) समुदायमा आधारित सङ्घ,संस्था तथा नागरिक समाजको क्षमता अभिवृद्धि गर्ने,

(३) जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, प्रोत्साहन गरी सेवा प्रवाह र विकास निर्माण प्रक्रियामा सहजता ल्याउनु।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ६८: सङ्गठन मानव संसाधन र सेवा प्रवाहको सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| नगरपालिकामा कार्यरत मानव संसाधन | सङ्ख्या | २११ | २१६ | २२० | २३० | २४० |
| नगरपालिकामा कार्यरत प्राविधिक जनशक्ति | सङ्ख्या | १४५ | १८३ | १९० | २०० | २१० |
| नियमित आम्दानी र खर्च सार्वजनिक गर्ने वडा/कार्यालय | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० |
| अनलाइन/सूचना प्रविधि प्रणालीबाट प्रवाहित सेवा | विषय | ४ | ४ | ६ | ८ | १० |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ६९: सङ्गठन मानव संसाधन र सेवा प्रवाहको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रू. हजारमा) | | | | बजेटको स्रोत (रू. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | १६२७७३ | १५४६३४ | ८१३९ | ० | १६२७७३ | ० | ० | ० |
| २०८४/८५ | १६७३७५ | १५९००६ | ८३६९ | ० | १६७३७५ | ० | ० | ० |
| २०८५/८६ | १७३८०१ | १६५१११ | ८६९० | ० | १७३८०१ | ० | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरू र समाप्ति) | लागत (रू. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सङ्गठन, मानव संसाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | सङ्गठन, मानव संसाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण गर्नु, | सालबसाली | ५०३९४९ | नगरपालिकाको संस्थागत विकास सँगै सेवा सन्तुष्टि दर वृद्धि हुनेछ । |

## जोखिम पक्ष र अनुमान

सङ्घीय निजामती सेवा ऐन अविलम्ब जारी भई सङ्घ, प्रदेश र स्थानीय सेवाको सामञ्जस्ययता कायम भई स्थानीय सेवाको व्यवस्थापनमा सहज हुनेछ। सो हुन नसकेमा सङ्गठन र मानव संसाधनको अपेक्षित उपलब्धि हुन जोखिम रहन सक्छ।

### ७.३.राजस्व तथा स्रोत परिचालन

#### पृष्ठभूमि

संविधान एवम् प्रचलित कानुन अनुसार विभिन्न शीर्षकमा कर तथा गैर कर सङ्कलन गर्दै आएको छ। नगरपालिकाकाले राजस्व परिचालन सम्बन्धी कार्यविधि समेत तर्जुमा गरी कर सङ्कलन, व्यवस्थापनमा सहजता र प्रभावकारिता ल्याउने प्रयास गर्दै आएको छ। नगरपालिकाले वार्षिक रूपमा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैर करको दर निर्धारण गरी आन्तरिक आय सङ्कलन गर्ने गरिएको छ। यसैगरी नगरपालिकाको आन्तरिक स्रोतको रूपमा बहाल कर, मालपोत कर, प्रशासनिक सेवा शुल्क र दस्तुरको योगदान सबै भन्दा ठुलो रहेको छ। नगरपालिकाबाट कर राजस्वमा धरै प्रयास नगरेको र विगतका बर्सहरूमा आन्तरिक आयको मात्रामा उतार चढाव देखिन्छ। नगरपालिकाले राजश्व सङ्कलन कार्यमा अनलाइन सफ्टवेयरको प्रयोग गर्दै आएको छ। राजश्व सङ्कलन कार्यलाई मुख्य प्रशासनिक कार्यालय लगायत १५ वटै वडा कार्यालयमा विस्तार गरी राजश्व सङ्कलन गर्दै आएको छ।

#### समस्या तथा चुनौती

नगरपालिकाको राजस्व सङ्कलनको सम्भावना प्रचुर रहे पनि राजश्व परिचालनका क्षेत्र, दायरा, दर र राजस्व परिचालनलाई सेवा सँग जोड्न नसक्नु, राजस्व परिचालन सम्बन्ध छलफल तथा कानुनी व्यवस्था कमजोर हुनु, जनस्तरमा यस सम्बन्धी सचेतना कम हुनु, राजश्व सुधार योजना अद्यावधिक हुन नसक्नु यस क्षेत्रका प्रमुख समस्या हुन्। नीतिगत तथा कानुनी व्यवस्था र कर्मचारीको कमीले गर्दा सम्भावनाको अधिकतम राजस्व सङ्कलन लक्ष्य प्राप्त गर्न समस्या देखिएको छ।राजश्व लक्ष्य प्राप्त गर्न गर्नुपर्ने अभियान तथा प्रचारात्मक कार्यहरू निरन्तरता दिनुपर्ने भएको छ।

#### सोच

"समृद्ध नगरपालिकाको आधारः स्थानीय स्रोत परिचालनमा सुधार"

#### उद्देश्य

(१) राजश्वका नयाँ स्रोतको खोजी गरी राजश्वको आधार फराकिलो तुल्याउनु।

(२) राजश्वको दायरा फराकिलो बनाई कर प्रशासनलाई न्यायोचित बनाउनु

(३) राजश्व प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाई प्रभावकारी तुल्याउनु।

#### रणनीति

(१) राजश्व सुधार कार्य योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,

(२) सेवा प्रवाहलाई राजश्व परिचालनसँग आवद्धता गर्ने,

(३) करका दरलाई प्रगतिशील बनाउने,

(४) कर प्रशासनमा दण्ड र पुरस्कारको व्यवस्था अवलम्बन गर्ने,

(५) राजश्व प्रशासनमा सूचना प्रविधि तथा सेवाग्राही मैत्री राजस्व परिचालनमा अभिवृद्धि गर्ने।

## नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

तालिका ७०: राजस्व तथा स्रोत परिचालनको सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| प्रतिव्यक्ति वार्षिक बजेट लगानी | रु. हजार | २० | २३.७ | २६ | २६ | २७.५ |
| वार्षिक आन्तरिक आय रकम | रु. हजारमा | १८६६१६ | २३६६८९ | २४५७१७ | २५५२०४ | २६६८३८ |
| कुल वार्षिकबजेट | रु. हजारमा | ८८३०६३ | १०१९८११ | १०८७५४२ | ११३३५६२ | ११८३५५७ |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७१: राजस्व तथा स्रोत परिचालनमा खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४९०० | ४४१० | ४९० | ० | ४९०० | ० | ० | ० |
| २०८४/८५ | ५१६६ | ४६४९ | ५१७ | ० | ५१६६ | ० | ० | ० |
| २०८५/८६ | ५३६४ | ४८२८ | ५३६ | ० | ५३६४ | ० | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सूचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक आय वृद्धि बाह्य स्रोत परिचालनमा क्षमता बढाउनु | सालबसाली | १५४३० | आन्तरिक राजस्व परिचालनमा वृद्धि हुने |

## जोखिम पक्ष तथा पूर्वानूमान

प्रचलित नीतिगत र कानुन व्यवस्था तथा स्थानीय आवश्यकताको आधारमा पर्यटन, कृषि, वन, खनिज र सूचना प्रविधिमा आधारित उद्योग तथा व्यवसाय सिर्जना, विस्तार, विकास र स्तरोन्नतिमा उत्प्रेरित गर्ने उद्यमी तथा व्यवसायीलाई करको दायरामा ल्याउने तथा करको दर र दायरा फराकिलो बनाइ राजस्व सङ्कनल वृद्धि गर्न सकिने सम्भावना रहेको छ। यसो हुन नसकेमा लक्ष्य अनुसारको राजश्व सङ्कलन हुन नसक्ने जोखिम रहको छ।

## ७.४. तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### पृष्ठभूमि

नगरपालिकाको समष्टिगत विकासलाई मार्गदर्शन गर्न आवधिक विकास योजना (२०८०।८१–२०८४।८५) तर्जुमा गरी कार्यान्वयनमा रहेको छ। सेवाग्राही तथा लक्षित समुदायको अर्थपूर्ण संलग्नता सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरपालिकाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका र वेबसाइट मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ। नगर सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा रहेको छ। नगरको पर्यटन विकास गुरुयोजना निर्माण भई भइरहेको छ।

### समस्या तथा चुनौती

आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता बमोजिम आयोजना तथा कार्यक्रम छनौट र कार्यान्वयन नहुनु, कार्यान्वयनका चरणमा आयोजना तथा कार्यक्रमको अवलोकन, निरीक्षण तथा अनुगमन नियमित र प्रभावकारी नहुनु, आयोजना कार्यक्रमको मूल्याङ्नको अभ्यास नहुनु, आयोजना बैंक र सो अनुसार मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा नहुनु यस क्षेत्रका प्रमुख समस्याहरू हुन्।

सूचना तथा तथ्यमा आधारित नीति, योजना, कार्यक्रम तथा आयोजना तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको व्यवस्थापन गर्नु; स्थानीय विकास नीति योजना तथा कार्यक्रमको असल अभ्यास र सवाल सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्नु; अन्तर सरकार नीति, योजना तथा कार्यक्रममा अन्तर सम्बन्ध तथा सामञ्जस्ययता कायम गर्नु; नीति योजना तर्जुमा प्रक्रियालाई सहभागितामूलक र समावेशी र पारदर्शी बनाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्।

### सोच

"सुसूचित नीति तथा योजना, उत्तरदायी विकास व्यवस्थापन"

### उद्देश्य

(१) नीति, योजना तथा कार्यक्रम तर्जुमा प्रणाली तथ्यपरक, समावेशी, सहभागितामूलक र नतिजामूलक तुल्याउनु,
(२) उपलब्ध स्रोत साधनको कुशल विनियोजन, दक्ष कार्यान्वयन र कार्यान्वयनमा वित्तीय सुशासन कायम गर्नु,
(३) बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउनु

### रणनीति

(१) योजना व्यवस्थापनको समग्र प्रक्रियालाई सरल, नागरिकमैत्री र पारदर्शी बनाउने,
(२) प्रमाणमा आधारित तथा नतिजामुखी योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
(३) गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँगको समन्वय, साझेदारी र सहकार्यलाई विस्तार गर्ने,

(४) स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणाली सूचना प्रविधिमा आधारित, व्यवस्थित बनाउने तथा अद्यावधीकरण गर्ने।

## विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

तालिका ७२: तथ्याङ्क योजना तथा विकास व्यवस्थापन

| सूचक | इकाई | ८१/८२ सम्मको वास्तविक उपलब्धि | ८२/८३ सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ८३/८४ | ८४/८५ | ८५/८६ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | २ | ३ | ४ | ५ | ६ |
| नगरपालिकामा क्रियाशील र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | सङ्ख्या | २ | २ | ३ | ५ | ६ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ८६.६३ | ८८ | ९० | ९२ | ९५ |

## विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

तालिका ७३: तथ्याङ्क, योजना तथा विकास व्यवस्थापनको खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८३/८४ | ४७०० | ३७६० | ९४० | ० | ४७०० | ० | ० | ० |
| २०८४/८५ | ५१६६ | ४१३३ | १०३३ | ० | ५१६६ | ० | ० | ० |
| २०८५/८६ | ५३६४ | ४२९१ | १०७३ | ० | ५३६४ | ० | ० | ० |

## कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | नगरपालिकाको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, सहभागितामूलक तथा नतिजामूलक बनाउनु। | सालबसाली | १५२३० | आवधिक योजना, विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, राजस्व सुधार कार्ययोजना, मध्यमकालीन खर्च संरचना तर्जुमा तथा अद्यावधिक हुने र सोबमोजिम मध्यमकालीन खर्च संरचना तथा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा हुनेछ। |

**जोखिम पक्ष र अनुमान**

सङ्घ तथा प्रदेशको नीति, योजना, कार्यक्रमसँग सामाञ्जस्यता कायम गरी सङ्घ तथा प्रदेशको समन्वय र सहकार्यमा नगरपालिकाले तथ्याङ्क व्यवस्थापन, नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नेछ। सङ्घ तथा प्रदेश सरकारका सम्बन्धित निकायबाट स्थानीय तहको अधिकार क्षेत्रका विषयमा तथ्याङ्क व्यवस्थापन, दीर्घकालीन तथा मध्यमकालीन योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा नीतिगत, क्षमता विकास वित्तीय र प्राविधिक सहयोग उपलब्ध हुनेछ। सो अनुसार सङ्घ तथा प्रदेशबाट सहयोग र सहजीकरण उपलब्ध नभएमा स्थानीय विकास उपलब्धि नतिजामूलक र प्रभावकारी नहुने जोखिम रहन्छ।

## अनुसूची १ः मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

### (१) पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार स्थानीय सरकारमा निर्वाचित जनप्रतिनिधिको पहिलो कार्यकालमा स्थानीय शासन, सेवा प्रवाह तथा विकासको आधार तयार गर्ने कार्यमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्दै दोस्रो कार्यकाल विकास तथा सेवा प्रवाहलाई तीव्रता प्रदान गर्न प्रयास भइरहेको छ। नेपालको संविधानले परिकल्पना अनुसार तहगत सरकारी बिचको सहकारिता, समन्वय र सहअस्तित्वको मर्मलाई आत्मसात् गरी स्थानीय सरकारले अन्तर सरकार, निजी क्षेत्र, सहकारी, समुदाय तथा नागरिकबिचको साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउँदै लगेका छन्। राजनीतिक सङ्क्रमण अन्त्यको हालको अवस्था शासन सञ्चालन, सेवा प्रवाह र विकास उपलब्धि हासिल गर्ने गति तीव्र बनाउँदै जनआवश्यकता तथा अपेक्षालाई सम्बोधन गर्ने अत्यन्त अनुकूल वातावरण बन्दै गएको छ।

संवैधानिक तथा नीतिगत व्यवस्थाबमोजिम स्थानीय सरकारले स्थानीय धरातलीय विशिष्टता तथा नागरिकको वास्तविक आवश्यकता र चाहना प्रतिबिम्बित हुने गरी आफ्ना प्रयास अगाडि बढाउनु पर्दछ । स्थानीय आवश्यकताको सम्बोधन गर्दै जनअपेक्षाबमोजिम राजनीतिक, सामाजिक, सांस्कृतिक तथा प्राविधिक परिस्थितिले सिर्जना गरेको अवसरको पूर्ण सदुपयोग हुने गरी नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ। स्थानीय सरकारले विकास प्रक्रियालाई निकृष्ट गन्तव्यतर्फ उन्मुख गराई अपेक्षित उपलब्धि हासिल गर्न नागरिक तथा सरोकारवाला समेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणाबमोजिम नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गर्न आवश्यक हुन्छ। नीति तथा दीर्घकालीन, आवधिक र विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरेअनुसारको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा मध्यमकालीन खर्च संरचना र सोको आधारमा वार्षिक नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्नुपर्दछ । नीति, योजना तथा कार्यक्रमले उपलब्ध हुन सक्ने सम्भाव्य स्रोत साधन पहिचान गरी अनुमानित र विनियोजन बजेट बिचको खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ।

संविधान तथा प्रचलित कानुन बमोजिम स्थानीय सरकारलाई योजना तर्जुमा तथा कार्यान्वयनको महत्त्वपूर्ण जिम्मेवारी उपलब्ध रहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गते भित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित स्थानीय सभामा पेश गर्नु पर्ने व्यवस्था गरेको छ। यसैगरी ऐनले राजस्व र व्ययको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ। यसै गरी ऐनको दफा १६ को उपदफा (१) ले स्थानीय तहले आफ्नो कार्य क्षेत्रभित्रका विषयमा सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने पनि व्यवस्था गरेको छ।

यस मार्गदर्शनको उद्देश्य नेपालको संविधान र स्थानीय शासन सञ्चालन ऐन लगायत प्रचलित तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन अनुसार मध्यमकालीन खर्च तथा वार्षिक विकास कार्यक्रम तर्जुमा प्रक्रियालाई मार्गदर्शन रहेको छ। आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यपालिकाका पदाधिकारी, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालालाई उपलब्ध गराउन यो मार्गदर्शन तयार गरिएको छ। नगर कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रियाबमोजिम यस मार्गदर्शन अनुसार आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचनाको प्रस्ताव तयार गर्नुपर्नेछ।

**(२) कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा**

चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अस्थिर राष्ट्रिय राजनीति तथा नीति, तरल राष्ट्रिय अर्थतन्त्र र विश्वव्यापी आर्थिक शिथिलताको परिवेशमा प्रदेश तथा सङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयनको प्रयास भइरहेको छ। चालु आर्थिक वर्षका स्वीकृत केही कार्यक्रम तथा आयोजना सम्पन्न हुने अवस्थामा, केही कार्यान्वयन भइरहेका र केही शुरू हुने अवस्थामा रहेका छन्। स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा समय तालिकाको पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यपालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न सिप तथा क्षमता, अनुभव, नीति, कानुन, कार्यविधि तथा मापदण्डको कमी महसुस गरिएको छ। आगामी वर्षको नीति, कार्यक्रम तथा बजेट तर्जुमा देखी नै कार्यान्वयन कार्य योजना, खरिद योजना र अनुगमन तथा मूल्याङ्कन योजना बनाई यसलाई व्यवस्थित गर्नु आवश्यक रहेको सिकाई समेत भएको छ। आवधिक तथा विषयगत क्षेत्रगत योजना, कार्यक्रम तथा आयोजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक वर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धि समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथाशक्य आयोजना र कार्यक्रमगत रूपमा नभएमा उपक्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने प्रयास गरिएको छ।

**(३) योजना तथा बजेट तर्जुमाका आधार**

मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका नीतिगत तथा कानुनी व्यवस्थालाई आधारका रूपमा लिइनेछः

(१) नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्य शक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)

(२) नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली लगागत नगरपालिकाबाट स्वीकृत नीति, कानुन, नियम, कार्यविधि, मापदण्ड

(३) प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)

(४) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

(५) अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेद: वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तीय अनुशासन)

(६) आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृति र संशोधन, प्रगति समीक्षा)

(७) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधिसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारबाहीको तयारी, खरिद योजना र लागत अनुमान)

(८) दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)

(९) दीर्घकालीन सोच तथा सोह्रौं योजनाको सान्दर्भिक बुँदाहरू

(१०) नगरपालिकाको आवधिक योजना, दीर्घकालीन नीति तथा कार्यक्रमको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना

(११) समपूरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

### (४) बजेट सीमा

बजेट वर्ष आ.व. २०८३/८४ सहित ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा देहायअनुसार निर्धारण गरिएको छ।

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| १. | आर्थिक विकास | २०८३/८४ | ७१९१२ | ३५८३० | ३६०८२ | ० | ६०४१ | ५३१६४ | १२७०६ | ० |
| | | २०८४/८५ | ८५७५४ | ४३९२६ | ४१८२८ | ० | ६०८७ | ६६७८३ | १२८८४ | ० |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | | २०८५/८६ | **८९०४६** | **४५६१२** | **४३४३४** | **०** | **६१८०** | **६९७९४** | **१३०७१** | **०** |
| क | कृषि, खाद्य सुरक्षा तथा सिँचाइ | २०८३/८४ | ३८६५३ | २५१२४ | १३५२९ | ० | २७४६ | ३१९९७ | ३९१० | ० |
| | | २०८४/८५ | ३९७७७ | २५८५५ | १३९२२ | ० | २७६७ | ३३०४६ | ३९६४ | ० |
| | | २०८५/८६ | ४१३०५ | २६८४८ | १४४५७ | ० | २८०९ | ३४४७३ | ४०२२ | ० |
| ग | पशुपन्छी सेवा | २०८३/८४ | ७२४२ | ४३४५ | २८९७ | ० | ० | ६२६५ | ९७७ | ० |
| | | २०८४/८५ | १०३३२ | ६१९९ | ४१३३ | ० | ० | ९३४१ | ९९१ | ० |
| | | २०८५/८६ | १०७२८ | ६४३७ | ४२९१ | ० | ० | ९७२३ | १००५ | ० |
| ३ | पर्यटन, संस्कृति तथा सम्पदा | २०८३/८४ | ११२३९ | ६७४ | १०५६५ | ० | १३७३ | २५३५ | ७३३१ | ० |
| | | २०८४/८५ | ११८८२ | ७१३ | १११६९ | ० | १३८३ | ३०६५ | ७४३३ | ० |
| | | २०८५/८६ | १२३३८ | ७४० | ११५९७ | ० | १४०५ | ३३९२ | ७५४१ | ० |
| ङ | उद्योग, व्यापार तथा व्यवसाय | २०८३/८४ | २२०० | ५५० | १६५० | ० | १३७३ | ३३८ | ४८९ | ० |
| | | २०८४/८५ | १०३३२ | ५६८२ | ४६४९ | ० | १३८३ | ८४५३ | ४९६ | ० |
| | | २०८५/८६ | १०७२८ | ५९०१ | ४८२८ | ० | १४०५ | ८८२१ | ५०३ | ० |
| च | भूमि व्यवस्था, सहकारी तथा वित्त सेवा | २०८३/८४ | ७०० | ३८५ | ३१५ | ० | ५४९ | १५१ | ० | ० |
| | | २०८४/८५ | १०३३ | ५१७ | ५१७ | ० | ५५३ | ४८० | ० | ० |
| | | २०८५/८६ | १०७३ | ५३६ | ५३६ | ० | ५६२ | ५११ | ० | ० |
| ५ | श्रम, रोजगारी तथा गरिबी निवारण | २०८३/८४ | ११८७८ | ४७५१ | ७१२७ | ० | ० | ११८७८ | ० | ० |
| | | २०८४/८५ | १२३९८ | ४९५९ | ७४३९ | ० | ० | १२३९८ | ० | ० |
| | | २०८५/८६ | १२८७४ | ५१५० | ७७२४ | ० | ० | १२८७४ | ० | ० |
| २. | **सामाजिक विकास** | २०८३/८४ | **६२५१९२** | **५१९०८९** | **१०६१०२** | **०** | **९६११** | **५९७९८८** | **१७५९४** | **०** |
| | | २०८४/८५ | **६३७९८९** | **५२९६३४** | **१०८३५५** | **०** | **९६८४** | **६१०४६५** | **१७८४०** | **०** |
| | | २०८५/८६ | **६६२४८१** | **५४९९६७** | **११२५१५** | **०** | **९८३२** | **६३४५५०** | **१८०९९** | **०** |
| क | जनस्वास्थ्य तथा पोषण | २०८३/८४ | ८८२०० | ७४९७० | १३२३० | ० | ० | ८३३१३ | ४८८७ | ० |
| | | २०८४/८५ | ९०९२० | ७७२८२ | १३६३८ | ० | ० | ८५९६४ | ४९५६ | ० |
| | | २०८५/८६ | ९४४१० | ८०२४९ | १४१६२ | ० | ० | ८९३८३ | ५०२७ | ० |
| ख | शिक्षा, कला तथा साहित्य | २०८३/८४ | ४८६६६४ | ४२८२६४ | ५८४०० | ० | ० | ४८४२२० | २४४४ | ० |
| | | २०८४/८५ | ४९५९२६ | ४३६४१५ | ५९५११ | ० | ० | ४९३४४९ | २४७८ | ० |
| | | २०८५/८६ | ५१४९६५ | ४५३१६९ | ६१७९६ | ० | ० | ५१२४५२ | २५१४ | ० |
| ग | खानेपानी, सरसफाइ तथा स्वच्छता | २०८३/८४ | १४७९२ | ७४० | १४०५२ | ० | २७४६ | ७१५९ | ४८८७ | ० |
| | | २०८४/८५ | १५४९८ | ७७५ | १४७२३ | ० | २७६७ | ७७७५ | ४९५६ | ० |
| | | २०८५/८६ | १६०९३ | ८०५ | १५२८८ | ० | २८०९ | ८२५६ | ५०२७ | ० |
| घ | महिला, बालबालिका | २०८३/८४ | १२८४६ | ७०६५ | ५७८१ | ० | २७४६ | ९६११ | ४८९ | ० |
| | | २०८४/८५ | १२९१५ | ७१०३ | ५८१२ | ० | २७६७ | ९६५२ | ४९६ | ० |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | तथा सामाजिक संरक्षण | २०८५/८६ | १३४११ | ७३७६ | ६०३५ | ० | २८०९ | १००९९ | ५०३ | ० |
| ङ | सामाजिक सुरक्षा तथा संरक्षण | २०८३/८४ | १२४३३ | ४९७३ | ७४६० | ० | २७४६ | ९६८७ | ० | ० |
| | | २०८४/८५ | १२३९८ | ४९५९ | ७४३९ | ० | २७६७ | ९६३१ | ० | ० |
| | | २०८५/८६ | १२८७४ | ५१५० | ७७२४ | ० | २८०९ | १००६५ | ० | ० |
| च | युवा, खेलकुद तथा नवप्रवर्तन | २०८३/८४ | १०२५७ | ३०७७ | ७१८० | ० | १३७३ | ३९९७ | ४८८७ | ० |
| | | २०८४/८५ | १०३३२ | ३१०० | ७२३२ | ० | १३८३ | ३९९३ | ४९५६ | ० |
| | | २०८५/८६ | १०७२८ | ३२१९ | ७५१० | ० | १४०५ | ४२९६ | ५०२७ | ० |
| **३.** | **पूर्वाधार विकास क्षेत्र** | २०८३/८४ | **१२४१२३** | **४९६५** | **११९१५८** | **०** | **८२९२५** | **२२६२७** | **१८५७१** | **०** |
| | | २०८४/८५ | **११९८४९** | **४७९४** | **११५०५५** | **०** | **७७८५२** | **२३१६६** | **१८८३१** | **०** |
| | | २०८५/८६ | **१२४४५०** | **४९७८** | **११९४७२** | **०** | **७४८९४** | **३०४५१** | **१९१०४** | **०** |
| क | भवन, आवास, बस्ती विकास तथा सार्वजनिक निर्माण | २०८३/८४ | ३७८११ | १५१२ | ३६२९९ | ० | ५४९२ | २०१०१ | १२२१८ | ० |
| | | २०८४/८५ | ३६१६१ | १४४६ | ३४७१५ | ० | ५५३४ | १८२३९ | १२३८९ | ० |
| | | २०८५/८६ | ३७५५० | १५०२ | ३६०४८ | ० | ५६१९ | १९३६२ | १२५६९ | ० |
| ख | सडक, पुल तथा यातायात | २०८३/८४ | ८५३६२ | ३४१४ | ८१९४८ | ० | ७७४३३ | १५७५ | ६३५३ | ० |
| | | २०८४/८५ | ८२६५४ | ३३०६ | ७९३४८ | ० | ७२३१८ | ३८९४ | ६४४२ | ० |
| | | २०८५/८६ | ८५८२८ | ३४३३ | ८२३९४ | ० | ६९२७६ | १००१६ | ६५३६ | ० |
| ग | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | २०८३/८४ | ६०० | २४ | ५७६ | ० | ० | ६०० | ० | ० |
| | | २०८४/८५ | ५१७ | २१ | ४९६ | ० | ० | ५१७ | ० | ० |
| | | २०८५/८६ | ५३६ | २१ | ५१५ | ० | ० | ५३६ | ० | ० |
| ङ | सूचना तथा संचार प्रविधि | २०८३/८४ | ३५० | १४ | ३३६ | ० | ० | ३५० | ० | ० |
| | | २०८४/८५ | ५१७ | २१ | ४९६ | ० | ० | ५१७ | ० | ० |
| | | २०८५/८६ | ५३६ | २१ | ५१५ | ० | ० | ५३६ | ० | ० |
| **४.** | **वन तथा वातावरण क्षेत्र** | २०८३/८४ | **१४९४** | **१४९** | **१३४५** | **०** | **१३७३** | **१२१** | **०** | **०** |
| | | २०८४/८५ | **९२९९** | **९३०** | **८३६९** | **०** | **२७६७** | **६५३२** | **०** | **०** |
| | | २०८५/८६ | **९६५६** | **९६६** | **८६९०** | **०** | **२८०९** | **६८४६** | **०** | **०** |
| क | वन, हरियाली, जैविक विविधता तथा नदी नियन्त्रण | २०८३/८४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | २०८४/८५ | २०६६ | २०७ | १८६० | ० | ० | २०६६ | ० | ० |
| | | २०८५/८६ | २१४६ | २१५ | १९३१ | ० | ० | २१४६ | ० | ० |
| ख | वातावरण तथा फोहोरमैला व्यवस्थापन | २०८३/८४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | | २०८४/८५ | ५१६६ | ५१७ | ४६४९ | ० | १३८३ | ३७८३ | ० | ० |
| | | २०८५/८६ | ५३६४ | ५३६ | ४८२८ | ० | १४०५ | ३९६० | ० | ० |
| ग. | | २०८३/८४ | १४९४ | १४९ | १३४५ | ० | १३७३ | १२१ | ० | ० |

| क्र.सं. | विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन | २०८४/८५ | २०६६ | २०७ | १८६० | ० | १३८३ | ६८३ | ० | ० |
| | | २०८५/८६ | २१४६ | २१५ | १९३१ | ० | १४०५ | ७४१ | ० | ० |
| **५.** | **संस्थागत विकास क्षेत्र** | २०८३/८४ | **१७४६४३** | **१६४८४७** | **९७९६** | **०** | **१७४६४३** | **०** | **०** | **०** |
| | | २०८४/८५ | **१८०२९०** | **१७०११३** | **१०१७७** | **०** | **१८०२९०** | **०** | **०** | **०** |
| | | २०८५/८६ | **१८७२११** | **१७६६४४** | **१०५६८** | **०** | **१८७२११** | **०** | **०** | **०** |
| क. | नीति, कानुन, न्याय तथा सुशासन | २०८३/८४ | २२७० | २०४३ | २२७ | ० | २२७० | ० | ० | ० |
| | | २०८४/८५ | २५८३ | २३२५ | २५८ | ० | २५८३ | ० | ० | ० |
| | | २०८५/८६ | २६८२ | २४१४ | २६८ | ० | २६८२ | ० | ० | ० |
| ख. | सङ्गठन, मानव संसाधन तथा सेवा प्रवाह | २०८३/८४ | १६२७७३ | १५४६३४ | ८१३९ | ० | १६२७७३ | ० | ० | ० |
| | | २०८४/८५ | १६७३७५ | १५९००६ | ८३६९ | ० | १६७३७५ | ० | ० | ० |
| | | २०८५/८६ | १७३८०१ | १६५१११ | ८६९० | ० | १७३८०१ | ० | ० | ० |
| ग. | राजस्व तथा स्रोत परिचालन | २०८३/८४ | ४९०० | ४४१० | ४९० | ० | ४९०० | ० | ० | ० |
| | | २०८४/८५ | ५१६६ | ४६४९ | ५१७ | ० | ५१६६ | ० | ० | ० |
| | | २०८५/८६ | ५३६४ | ४८२८ | ५३६ | ० | ५३६४ | ० | ० | ० |
| ३. | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन | २०८३/८४ | ४७०० | ३७६० | ९४० | ० | ४७०० | ० | ० | ० |
| | | २०८४/८५ | ५१६६ | ४१३३ | १०३३ | ० | ५१६६ | ० | ० | ० |
| | | २०८५/८६ | ५३६४ | ४२९१ | १०७३ | ० | ५३६४ | ० | ० | ० |
| | **जम्मा** | २०८३/८४ | **९९७३६४** | **७२४८८१** | **२७२४८३** | **०** | **२७४५९३** | **६७३९००** | **४८८७१** | **०** |
| | | २०८४/८५ | **१०३३१८०** | **७४९३९६** | **२८३७८४** | **०** | **२७६६७९** | **७०६९४५** | **४९५५५** | **०** |
| | | २०८५/८६ | **१०७२८४४** | **७७८१६६** | **२९४६७८** | **०** | **२८०९२८** | **७४१६४२** | **५०२७४** | **०** |

## ५. मध्यमकालीन खर्च संरचना तथा आगामी आ.व.को बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष २०८३/८४ सहित आगामी दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही नगरपालिकाको विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, प्रस्तुत वार्षिक नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लेखित विषयलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा साङ्केतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छः

(१) नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसूची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ।

(२) मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लेखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ।

(३) नगरपालिकाको तर्जुमा हुने आवधिक योजना, वार्षिक नीति कार्यक्रम, विषय क्षेत्र रणनीतिक गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

(४) चालु आर्थिक वर्षमा सञ्चालित स्थानीय गौरव/स्वर्णिम, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ।

(५) आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र सङ्ख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धिमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ।

(६) नगरपालिका स्तरीय योजना छनौट गर्दा आयोजना बैङ्क तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत सम्भाव्यता अध्ययन भई डिजाइन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका तथा स्रोत सुनिश्चितता भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ।

(७) आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशीलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ।

(८) स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ।

(९) कृषि, उद्योग, वन तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधीकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ।

(१०) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नगरपालिकाको नीति, विषयगत रणनीतिक/गुरुयोजना तथा कानुनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

(११) विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सृजनशीलता, नवप्रर्वतनशिलता र उद्यमशीलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

(१२) योग, ज्ञान तथा सिप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

(१३) भू उपयोग योजना र क्षेत्र, बस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

(१४) बालबालिकालाई केन्द्र विन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(१५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकूल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरणजस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।

(१६) १५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ । महिला, पिछडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्त्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ ।

(१७) १६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट गर्दा बजेटको स्रोत समेत खुलाई प्रस्ताव गर्नु पर्नेछ । यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा सञ्चालन गर्न र बजेट अपुग हुन पाउँदैन ।

(१८) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक वर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ ।

(१९) आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र सङ्घ/राय परामर्श गरी सहमति भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ ।

(२०) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्र अनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ ।

(२१) उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैससससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

(२२) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा उल्लेखित ढाँचा तथा फाराममा मध्यमकालीन खर्च संरचना, नतिजा खाका, आयोजना र कार्यक्रम तथा बजेट विवरण तयार गर्नु पर्नेछ ।

(२३) योजना तथा बजेट तर्जुमा गर्दा नगरपालिकाको स्थिति पत्र (प्रोफाइल), स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन, कार्यसम्पादन मूल्याङ्कन, लैससास परीक्षण, वित्तीय जोखिम तथा सुशासन कार्य योजना आदिले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्नु पर्नेछ ।

(२४) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, ससमयीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरणजस्ता अन्तर सम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्नेछ ।

**अनुसूची २: आगामी तीन आर्थिक वर्षको विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजना विवरण र बजेट विनियोजन**

बजेट वर्ष आ.व. २०८३/८४ समेत आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ। बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको छ, जुन देहायअनुसार रहेको छ।

| क्र.सं. | आयोजना तथा कार्यक्रम विवरण | आ.व. २०८३/८४ को अनुमान | | | | आ.व. २०८४/८५ को प्रक्षेपण | | | | आ.व. २०८५/८६को प्रक्षेपण | | | | सांकेतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्राथमिकता | रणनिति स्तम्भ | दिगो विकास लक्ष्य | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| १ | कफीखेती प्रवर्द्धन कार्यक्रम | ७०० | ३५० | ३५० | ० | ८०० | ४०० | ४०० | ० | ९०० | ४५० | ४५० | ० | P१ | १ | २ | २ | १ |
| २ | सिंचाइ विकास तथा विस्तार कार्यक्रम | ९४५९ | ४७३० | ४७३० | ० | ९५०० | ४७५० | ४७५० | ० | ९८०० | ४८०२ | ४९९८ | ० | P१ | २ | २ | २ | २ |
| ३ | कृषि विकास तथा प्रसार कार्यक्रम | २८४९४ | २३७८१ | ४७१३ | ० | २९४७७ | २४८९४ | ४५८४ | ० | ३०६०५ | २६७६७ | ३८३८ | ० | P१ | १ | २ | २ | २ |
| ४ | पशु विकास तथा प्रसार कार्यक्रम | ७२४२ | ४३४५ | २८९७ | ० | १०३३२ | ६१९९ | ४१३३ | ० | १०७२८ | ६४३७ | ४२९१ | ० | P१ | १ | २ | २ | २ |
| ७ | पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण र प्रवर्द्धन कार्यक्रम | ११२३९ | ६७४ | १०५६५ | ० | ११८८२ | ७१३ | १११६९ | ० | १२३३८ | ७४० | ११५९७ | ० | P१ | १ | ८ | २ | २ |
| ८ | गरिबि निबारणको लागि लघु उद्यम विकास कार्यक्रम | ११०० | २७५ | ८२५ | ० | ३००० | १६५० | १३५० | ० | ५००० | २७५० | २२५० | ० | P१ | १ | १ | १ | ३ |
| ९ | उद्यम व्यापार तथा बजार प्रवर्द्धन तथा नियमन कार्यक्रम | ११०० | २७५ | ८२५ | ० | ७३३२ | ४०३२ | ३२९९ | ० | ५७२८ | ३१५१ | २५७८ | ० | P१ | १ | ८ | २ | ३ |
| १० | सहकारी प्रवर्द्धन कार्यक्रम | २०० | ११० | ९० | ० | ३०० | १५० | १५० | ० | ३०० | १५० | १५० | ० | P१ | १ | १ | २ | ३ |
| ११ | भूमी व्यवस्थापन कार्यक्रम | ३०० | १६५ | १३५ | ० | ४०० | २०० | २०० | ० | ४४० | २२० | २२० | ० | P१ | १ | १ | २ | २ |
| १२ | वित्तीय सेवा पहुँच र वित्तीय साक्षरता कार्यक्रम | २०० | ११० | ९० | ० | ३३३ | १६७ | १६७ | ० | ३३३ | १६७ | १६७ | ० | P१ | १ | १ | १ | ३ |
| १३ | एकिकृत श्रम तथा रोजगार सेवा र गरिबी निवारण कार्यक्रम | ११८७८ | ४७५१ | ७१२७ | ० | १२३९८ | ४९५९ | ७४३९ | ० | १२८७४ | ५१५० | ७७२४ | ० | P१ | १ | १ | २ | ३ |
| १४ | आधारभूत स्वास्थ्य सेवा कार्यक्रम आयुर्वेद तथा योग सहित | ८४१०० | ७१४८५ | १२६१५ | ० | ८४६१० | ७१९१८.४ | १२६९१ | ० | ८७०१० | ७३९५८.७ | १३०५२ | ० | P१ | ३ | ३ | २ | ३ |
| १५ | नगर अस्पताल संचालन कोष | २१०० | १७८५ | ३१५ | ० | २३१० | १९६४ | ३४७ | ० | २४०० | २०४० | ३६० | ० | P१ | ३ | ३ | २ | ३ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | वहु क्षेत्रीय पोषण कार्यक्रम | २००० | १७०० | ३०० | ० | ४००० | ३४०० | ६०० | ० | ५००० | ४२५० | ७५० | ० | P१ | ३ | ३ | १ | ३ |
| १७ | प्राविधिक शिक्षा प्रवर्द्धन कार्यक्रम | १५०० | १३८३ | ११७ | ० | २००० | १८४० | १६० | ० | ४००० | ३६०० | ४०० | ० | P१ | ३ | ४ | २ | २ |
| १८ | विद्यालय भवन निर्माण तथा सुधार कार्यक्रम | ५७०५२ | १४२६३ | ४२७८९ | ० | ५८००० | १३०५० | ४४९५० | ० | ५८५८० | १२८८८ | ४५६९२ | ० | P१ | ३ | ४ | २ | २ |
| १९ | प्रारम्भिक बाल विकास कार्यक्रम | ५००० | ४५०० | ५०० | ० | ५०५० | ४४४४ | ६०६ | ० | ५१०१ | ४३३५ | ७६५ | ० | P१ | ३ | ४ | २ | २ |
| २० | विद्यालय शिक्षा प्रवर्द्धन कार्यक्रम | ३९५८१२ | ३८३९३८ | ११८७४ | ० | ४०३३०३ | ३९१२०४ | १२०९९ | ० | ४१९४३६ | ४०६८५३ | १२५८३ | ० | P१ | ३ | ४ | २ | २ |
| २१ | शैक्षिक प्रशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम | २०५०० | १८४५० | २०५० | ० | २०७०५ | १८२२० | २४८५ | ० | २०९१२ | १७१४८ | ३७६४ | ० | P१ | ३ | ४ | २ | २ |
| २२ | निरन्तर तथा अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम | ५००० | ४५०० | ५०० | ० | ५०५० | ४३९४ | ६५७ | ० | ५१०१ | ४३८६ | ७१४ | ० | P१ | ३ | ४ | २ | २ |
| २३ | स्थानीय सम्पदा संस्कृति कलाको संरक्षण र प्रवर्द्धन कार्यक्रम | १८०० | ६८० | ११२० | ० | १८१८ | ६८३ | ११३५ | ० | १८३६ | ७१६ | ११२० | ० | P१ | ३ | ४ | २ | २ |
| २५ | खानेपानी योजना मर्मतसम्भार कार्यक्रम | ४००० | २०० | ३८०० | ० | ५००० | २५० | ४७५० | ० | ६००० | ३०० | ५७०० | ० | P१ | २ | ६ | १ | २ |
| २६ | खानेपानी, सरसफाइ तथा स्वच्छता सालबसाली कार्यक्रम | १०७९२ | ५४० | १०२५२ | ० | १०४९८ | ५२५ | ९९७३ | ० | १००९३ | ५०५ | ९५८८ | ० | P१ | २ | ६ | १ | २ |
| २७ | महिला, बालबालिका तथा सामाज कल्याण कार्यक्रम | १२८४६ | ७०६५ | ५७८१ | ० | १२९१५ | ७१०३ | ५८१२ | ० | १३४११ | ७३७६ | ६०३५ | ० | P१ | ४ | ५ | १ | २ |
| २८ | सामाजिक सुरक्षा, संरक्षण एवम पञ्जीकरण कार्यक्रम | १२४३३ | ४९७३ | ७४६० | ० | १२३९८ | ४९५९ | ७४३९ | ० | १२८७४ | ५१५० | ७७२४ | ० | P१ | ४ | १० | १ | २ |
| २९ | खेलकुद पूर्वाधार निर्माण कार्यक्रम | ३९५७ | ११८७ | २७७० | ० | ३९०२ | ११७१ | २७३१ | ० | ४२२८ | १२६९ | २९६० | ० | P१ | २ | ९ | ३ | ३ |
| ३० | खेलकुद प्रवर्द्धन कार्यक्रम | ५००० | १५०० | ३५०० | ० | ५००० | १५०० | ३५०० | ० | ५००० | १५०० | ३५०० | ० | P२ | ३ | ९ | २ | ३ |
| ३१ | युवा उद्यमशीलता तथा सिर्जनशीलता प्रवर्द्धन कार्यक्रम | १३०० | ३९० | ९१० | ० | १४३० | ४२९ | १००१ | ० | १५०० | ४५० | १०५० | ० | P१ | ३ | ९ | २ | २ |
| ३२ | भवन, आवास, बस्ती विकास, स्तरोन्नति र मर्मतसंभार कार्यक्रम | ३७८११ | १५१२ | ३६२९९ | ० | ३६१६१ | १४४६ | ३४७१५ | ० | ३७५५० | १५०२ | ३६०४८ | ० | P२ | २ | ११ | ३ | ३ |
| ३५ | सडक सौन्दरीकरण तथा सुरक्षा कार्यक्रम | १२६१ | ५० | १२११ | ० | ३००० | १२० | २८८० | ० | ४००० | १६० | ३८४० | ० | P१ | २ | ९ | ३ | २ |
| ३६ | सडक तथा पुल निर्माण, स्तरोन्नती र मर्मत सालबसाली कार्यक्रम | ८४१०१ | ३३६४ | ८०७३७ | ० | ७९६५४ | ३१८६ | ७६४६८ | ० | ८१८२८ | ३२७३ | ७८५५४ | ० | P१ | २ | ९ | ३ | ३ |
| ३७ | विद्युत उत्पादन तथा उपयोग कार्यक्रम | ३०० | १२ | २८८ | ० | ३०० | १२ | २८८ | ० | ३०० | १२ | २८८ | ० | P१ | २ | ७ | २ | १ |
| ३८ | वैंकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम | ३०० | १२ | २८८ | ० | २१७ | ९ | २०८ | ० | २३६ | ९ | २२७ | ० | P१ | ५ | ७ | २ | १ |
| ३९ | सूचना तथा सञ्चार प्रविधि विस्तार कार्यक्रम | ३५० | १४ | ३३६ | ० | ५१७ | २१ | ४९६ | ० | ५३६ | २१ | ५१५ | ० | P२ | ६ | ९ | ३ | ३ |
| ४० | वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण कार्यक्रम | ० | ० | ० | ० | २०६६ | २०७ | १८६० | ० | २१४६ | २१५ | १९३१ | ० | P१ | ५ | १५ | ३ | १ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४१ | वातावरण व्यवस्थापन कार्यक्रम | ० | ० | ० | ० | २००० | २०० | १८०० | ० | २५०० | २५० | २२५० | ० | P१ | ५ | १२ | २ | १ |
| ४२ | फोहोर व्यवस्थापन कार्यक्रम | ० | ० | ० | ० | ३१६६ | ३१७ | २८४९ | ० | २८६४ | २८६ | २५७८ | ० | P१ | ५ | १२ | २ | १ |
| ४३ | विपद जोखिम व्यवस्थापन कार्यक्रम | १३०० | १३० | ११७० | ० | १५६० | १५६ | १४०४ | ० | १६०० | १६० | १४४० | ० | P१ | ५ | १३ | २ | १ |
| ४४ | जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन कार्यक्रम | १९४ | १९ | १७५ | ० | ५०६ | ५१ | ४५६ | ० | ५४६ | ५५ | ४९१ | ० | P१ | ५ | १३ | २ | १ |
| ४५ | नीति, कानुन, सुशासन तथा न्याय प्रवर्द्धन कार्यक्रम | २२७० | २०४३ | २२७ | ० | २५८३ | २३२५ | २५८ | ० | २६८२ | २४१४ | २६८ | ० | P२ | ६ | १६ | २ | २ |
| ४६ | संगठन, मानव संसाधन र सेवा सुदृढीकरण कार्यक्रम | १६२७७३ | १५४६३४ | ८१३९ | ० | १६७३७५ | १५९००६ | ८३६९ | ० | १७३८०१ | १६५१११ | ८६९० | ० | P२ | ६ | १६ | २ | ३ |
| ४७ | राजस्व व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | ४९०० | ४४१० | ४९० | ० | ५१६६ | ४६४९ | ५१७ | ० | ५३६४ | ४८२८ | ५३६ | ० | P२ | ६ | १७ | ३ | ३ |
| ४८ | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | ४७०० | ३७६० | ९४० | ० | ५१६६ | ४१३३ | १०३३ | ० | ५३६४ | ४२९१ | १०७३ | ० | P२ | ६ | १७ | ३ | २ |
| | **कुल जम्मा** | **९९७३६४** | **७२८०६७** | **२६९२९७** | **०** | **१०३३१८०** | **७५१००४** | **२८२१७५** | **०** | **१०७२८४४** | **७८००९४** | **२९२७५०** | **०** | | | | | |

## अनुसूची ३: मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण

आज मिति २०७३ जेठ २२ गतेका दिन दिक्टेल रुपाकोट मझुवागढी नगरपालिकाका नगर प्रमुख श्री तीर्थराज भट्टराईको अध्यक्षतामा निम्नलेखिए बमोजिम उपस्थितिमा दिक्टेल रुपाकोट मझुवागढी नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अभिमुखीकरण गोष्ठी उद्घाटन गरी सञ्चालन गरियो।

उपस्थिति

1. श्री तीर्थराज भट्टराई - नगर प्रमुख
2. श्री विसन राई - नगर उप प्रमुख
3. श्री तीर्थ प्रकाश पौडेल - प्र.प्र.अ.
4. श्री दान बि. राई - वडा अध्यक्ष
5. श्री बलराम आचार्य - कार्यवाहक वडा अध्यक्ष
6. श्री भुपेन्द्र खि.सी. - कार्यपालिका सदस्य
7. श्री राम कुमार लिम्बु - ''
8. श्री अञ्जना कुमारी बस्नेत - ''
9. श्री मिना कार्की - ''
10. श्री राजकुमार राई - लेखा अधिकृत
11. श्री मोहन कुमार भट्टराई - इन्जि. अधिकृत
12. श्री दिपेश पोखरेल - अधिकृत छैठौं
13. श्री धनेन्द्र अधिकारी - शिक्षा अधिकृत
14. श्री दिनेश राज खौपाते - जनस्वास्थ्य अधिकृत
15. श्री जानुका श्रेष्ठ - प्रशासन शाखा अ.छैठौं
16. श्री रेखा श्रेष्ठ - सामाजिक परिचालिका / सामाजिक परिचालक
17. प्रवाह राई - सू.प्र.अ.
18. आशिष आचार्य - पशुसेवा शाखा प्रमुख
19. तेज प्रसाद जोशी - कार्य प्रमुख अधिकृत
20. सुनिल पन्थी - रोजगार संयोजक
21. श्री नारायण प्रसाद रवनाथ जिल्ला शाखा
22. राजकुमार राई (सेवी) सामाजिक ~~संस्था~~ परिचालक
23. खगेन्द्र राई वडा अध्यक्ष
24. सो. ब. (पत्र) इन्जीनियर
25. निर्मला रिजाल प्र. वि. नि
26. इशान राई महिला क.सा.

२७ रुद्रदेवी राई सामाजिक सुरक्षा पञ्जीकरण शाखा
२८, सन्तोष घिमिरे बहुक्षेत्रीय पोषण कार्यक्रम

अभिमुखीकरण कार्यक्रमका तस्वीरहरु



